# भदौरे तामागी गा.वि.स. (कास्की) मा राजनीतिक दलको अवस्था

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत
राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह द्वितीय वर्ष
दसौं पत्रको प्रयोजनको लागि राजनीतिशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरामा प्रस्तुत

## शोधपत्र

प्रस्तोता
विष्णुप्रसाद दाहाल
त्रि.वि. दर्ता नं. ५२७७-९२
परीक्षा रोल नं. ३१७४
भर्ना वर्ष २०६३

२०७१


# कृतज्ञता ज्ञापन

पश्चिमाञ्चलकै शैक्षिक धरोहर तमाम विद्यार्थी तथा अभिभावकको आस्थाको केन्द्र पृथ्वीनारायण क्याम्पस पोखरामा राजनीतिशास्त्र संकायको स्नातकोत्तर तहको कक्षा सञ्चालन भई उच्च शिक्षा आर्जन गर्ने अवसर मिलेकाले मैले आफ्ना अन्य कार्यहरूको समय बचाएर अध्ययनलाई इमान्दारीपूर्वक अगाडि बढाउन प्रयास गरेको हूँ। राजनीतिक शास्त्रको दशौंपत्रको शोध तयार गर्न आदरणीय गुरुहरूको निर्देशन अनुसार "भदौरे तामागी गा.वि.स. (कास्की) मा राजनीतिक दलको अवस्था" नामक एक शोधपत्र प्रस्तुत गर्ने अवसर मिल्यो। जब गुरुहरूबाट स्वीकृत भएपछि त्यसप्रति निकै चासो राखी लेखन क्रियाकलाप अगाडि बढाउने कार्यमा आफ्नो व्यस्त समयका बाबजुत पनि मलाई उचित मार्ग प्रशस्त गर्ने गुरु डा. उमानाथ बराल (प्रमुख राजनीतिशास्त्र विभाग) र लालबहादुर कुँवरप्रति हार्दिक आभार प्रकट गर्दछु। त्यस्तै प्रस्तुत शोधपत्रको मसौदा उपर भएको मौखिक परीक्षामा (Viva) प्राप्त सुझावहरूलाई समेत संलग्न गरी यो परिमार्जित प्रति पेश गरेको छु। उक्त क्रममा महत्वपूर्ण सुझावहरू दिनुहुने बाह्य परीक्षक लगायत सम्पूर्ण विशेषज्ञ गुरुज्यूबाट प्राप्त गहन सुझावका लागि हार्दिक आभार व्यक्त गर्दछु। त्यस्तै शीर्षक चयनदेखि अन्त्यसम्म जानकारी तथा सामग्री जुटाई सहयोग गर्नुहुने आदरणीय गुरुहरू गिरधारी दाहाल, कपिलमणि दाहाल, ठानबहादुर क्षत्री, गिरधारी सुवेदी लगायत अन्य राजनीतिशास्त्रका गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यस्तै विभिन्न बेलामा आफ्नो ठाउँबाट सन्दर्भ सामग्री र सहयोग गर्नुहुने श्री जनकल्याण बोर्डिङ विद्यालयका सम्पूर्ण मेरा शिक्षक शिक्षिका मित्रहरू तथा भदौरे गा.वि.स.का राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि मित्रहरू प्रति विशेष धन्यवाद दिन चाहन्छु। यस शोधपत्रलाई तयार गर्न सहयोग गर्नुहुने मेरा परिवारका सम्पूर्ण सदस्यहरू प्रति आभार प्रकट गर्न चाहन्छु।


यस शोध पत्रलाई राम्रोसँग छपाउन सहयोग गर्ने अमृत कम्प्युटर सर्भिस न्यूरोड, र अन्य ठाउँबाट विशेष सहयोग गर्नुहुने मेरा गुरुवर्गहरू, मित्रहरू आफन्तजनहरू र शुभचिन्तकहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै गुरुहरुको सहयोग र आफ्नो नियमित परिश्रमबाट तयार पारिएको यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि राजनीति शास्त्र विभाग समक्ष प्रस्तुत गर्दछु।

विष्णुप्रसाद दाहाल
राजनीति शास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा
रोल नं ०९/२०६२-६३
परीक्षा रोल नं. ३१७४
त्रि.वि. दर्ता नं ५२७७-९२

# कास्की जिल्लाको नक्सामा भदौरे गा.वि.स.



# नक्सामा भदौरे गा.वि.स.


सल्यान
ढिकुरपोखरी
चित्रे
कास्कीकोट
चापाकोट
राम्जा देउराली
आर्थर डाँडाखर्क
वाङसिङ
२
१
३
४
५
६
७
८
९
सकेंत

# विषयसूची

*शोध निर्देशकको सिफारिस*

*स्वीकृत पत्र*

*अध्ययन सार*

*कृतज्ञता ज्ञापन*

**परिच्छेद : एक- अध्ययनको परिचय** **१-९**

१.१. परिचय १

१.२. समस्याको कथन ४

१.३. अध्ययनको उद्देश्य ५

१.४. अनुसन्धान विधि ५

१.४.१. प्राथमिक स्रोत ५

१.४.२. द्वितीय स्रोत ५

१.५. पूर्व साहित्यको समीक्षा ६

१.६. अनुसन्धानको महत्व ८

१.७. अनुसन्धानको सीमा ९

**परिच्छेद : दुई- राजनीतिक दलसम्बन्धी सैद्धान्तिक अवधारण** **१०-१९**

२.१. राजनीतिक दलको परिभाषा र अर्थ १०

२.२. राजनीतिक दलको उत्पत्ति १३

२.३. राजनीतिक दलका आधारभूत तत्वहरू १५

२.४. राजनीतिक दलका कार्यहरू १७

**परिच्छेद : तीन- नेपालमा राजनीतिक दलहरू** **२०-३३**

३.१. नेपालमा राजनीतिक दलहरूको इतिहास २०

३.१.१. नेपाली काँग्रेस २१

३.१.२. नेपाल कम्युनिष्ट पार्टी २३

३.१.२.१. ने.क.पा. एमाले २६

३.१.२.२. एनेकपा माओवादी २८

३.१.२.३. राष्ट्रिय जनमोर्चा ३१

३.१.२.४. नेकपा माओवादी ३१

३.१.२.५ राष्ट्रिय प्रजातन्त्र पार्टी ३२

**परिच्छेद : चार- भदौरे तामागी गा.वि.स.का राजनीतिक दलहरू ३४-५३**

४.१. भदौरे तामागी गा.वि.स.को परिचय ३४

४.२. भौगोलिक अवस्था ३४

४.२.१. भौतिक स्वरूप ३५

४.२.२. सामाजिक अवस्था ३५

४.२.३ जातीय विवरण (घरधुरी संख्या) ३६

४.३. भदौरे तमागी गा.वि.स.मा राजनीतिक दलहरूको विकास ४१

४.३.१ भदौरे गा.वि.स.मा नेपाली काँग्रेसको स्थिति ४२

४.३.१.१ नेपाली काँग्रेस भदौरेका जनवर्गीय संगठनहरू ४५

४.३.२ भदौरे गा.वि.स.मा नेपाल कम्युनिष्ट एमालेको स्थिति ४६

४.३.२.१ भदौरे गा.वि.स.मा नेकपा एमालेको जनवर्गीय संगठनहरू ४८

४.३.३ भदौरे गा.वि.स.मा ए नेकपा माओवादीको स्थिति ४९

४.३.३.१ एकीकृत नेकपा माओवादीको जनवर्गीय संगठनहरू ५२

४.३.४ भदौरे गा.वि.स.मा नेकपा माओवादीको स्थिति ५२

४.३.५ भदौरे गा.वि.स.मा राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थिति ५२

४.४. गा.वि.स.मा विभिन्न राजनीतिक दलहरूको पार्टी सदस्यहरूको तुलनात्मक विवरण (२०७०/०७१) ५३

**परिच्छेद : पाँच - भदौरे तामागी गा.वि.स.को शासनमा राजनीतिक दलहरू ५४-५८**

५.१. स्थानीय शासनमा राजनीतिक दलहरू ५४

५.२. स्थानीय सरकार २०४८ ५५

५.३ स्थानीय सरकार २०५४ ५७

५.४ स्थानीय सरकारमा सर्वदलीय संयन्त्र ५८

**परिच्छेद : छ- भदौरे तामागी गा.वि.स.मा राजनीतिक दलहरूका चुनौति र अवसरहरू** **६०-६२**

६.१ चुनौति र अवसरहरू ६०

**परिच्छेद : सात - सारांश, मुख्य प्राप्तिहरू र निष्कर्ष** **६३-६६**

७.१. सारांश ६३

७.२. मुख्य प्राप्तिहरू ६३

७.३. निष्कर्ष ६५

सन्दर्भ ग्रन्थ सूची ६७-६९

# शोध सार


कास्की जिल्लाको आस्थाको धरोहर पोखरा सदरमुकामदेखि १०-१५ कि.मी पश्चिमतर्फ फेवाताल जलाधार क्षेत्रभित्र पर्ने चापाकोट गा.वि.स.देखि उत्तर ढिकुरपोखरी र कास्कीकोट गा.वि.स.देखि दक्षिणतर्फ अवस्थित बढी पहाडी भूभाग भएको गा.वि.स. भदौरेतामागी गा.वि.स. हो । यस गा.वि.स.को तिनैतिर हरिया डाँडापाखाले ढाकिएको र मनोरम हिउँ श्रङ्खलाहरू साथै फेवाताल स्पष्ट देखिने हुनाले यो निकै रमणीय गा.वि.स. पनि हो ।

यस गा.वि.स.का भित्र भएका राजनीतिक दलहरूको विगतदेखि वर्तमानसम्मको राजनीतिक विकास तथा राजनीतिक अवस्थाको अध्ययन गर्न खोजिएको छ । नेपालमा १०४ वर्षसम्मको निरङ्कुशताको परकाष्ठ पछि प्रजातन्त्रको बिजारोपण २००७ सालमा भएपनि २०१७ सालमा दलमाथिको प्रतिबन्ध लगाइयो । २०३६ सालमा सो प्रतिबन्ध तोड्ने प्रयास गरिएपनि अलि बढी जोड पुगेन त्यसपछि २०४६ सालमा दलमाथिको प्रतिबन्ध हटेपछाडि मात्र हरेक गाउँ-गाउँमा राजनीतिक दलहरूको प्रादुर्भाव भएको पाइन्छ । यसै सन्दर्भमा कास्की जिल्लाको भदौरेतामागी गा.वि.स.मा पनि नेपाली काँग्रेस र नेकपा एमालेले आफ्नो प्रचारप्रसार अगाडि बढाई जनताको मन जित्ने विभिन्न प्रयासहरू गरेको पाइन्छ । २०४६ सालको जनआन्दोलन पश्चात् प्राप्त भएको नेपाल अधिराज्यको संविधान २०४७ कार्तिक २३ गते घोषणा भयो । २०४९ सालमा स्थानीय निकायको चुनाव भयो । त्यस चुनावमा नेपाली काँग्रेसले अध्यक्ष लगायत सम्पूर्ण सिट जित्न सफल भयो । त्यस अवस्थामा नेपाली काँग्रेसको अवस्था तथा राजनीतिक विकास राम्रो भएको र नेकपा एमालेको स्थिति बढी सुधार गर्नुपर्ने देखिन्थ्यो । दुवै पार्टीमा महिला सहभागिता कमजोर थियो । स्थानीय विकास निर्माणका कामहरू अगाडि बढाउने क्रममा एकै पार्टीको राजनीतिक समूह गा.वि.स.मा भएका कारण खासै कसैबाट रोकछेक भएन ।

जब २०५४ सालमा दोस्रो स्थानीय निकायको चुनाव सम्पन्न भयो । गा.वि.स. प्रमुखमा स्वतन्त्र उमेदवारको विजयी भयो भने काँग्रेसको प्रथम निर्वाचनको जसतो परिणाम प्राप्त गरेन । स्वतन्त्र उम्मेद्वारले २ सिटमा खाता खोल्न सफल भए । गा.वि.स.को विकास निर्माणमा चेक एण्ड ब्यालेन्सको स्थिति रह्यो । तर २०५४ पछि स्थानीय निर्वाचन नभएकोले हालसम्म निर्वाचित प्रतिनिधिहरू छैनन् । तत्कालीन नेकपा माओवादीले चलाएको

१० वर्षे जनयुद्धका कारण सात दल र तत्कालीन माओवादी मिली राजतन्त्रको अन्त्य गरी हाल संघीय गणतन्त्र घोषणा भएको छ । पहिलो संविधान सभाबाट संविधान बन्न सकेन र दोस्रो संविधानसभा पनि प्रथम पटक प्रकाशित मिति समाप्त भएकोले स्थानीय निकाय सञ्चालनका लागि एमाओवादी, एमाले, नेपाली काँग्रेस र नेकपा माओवादीको सर्वदलीय संयन्त्रबाट नेपाल सरकारको कर्मचारी सचिवलाई अध्यक्ष मानी विभिन्न स्थानीय निकायका कामहरू अगाडि बढाएको स्थिति छ ।

यहाँ सक्रिय राजनीतिक दलहरूको अवस्थाका बारेमा हेर्दा संविधान सभाको पहिलो चुनावमा यस क्षेत्रबाट एनेकपा माओवादी र दोस्रो चुनावमा नेकपा एमालेले आफ्नो उमेदवार पठाउन सफल भएको स्थिति छ । जुन पार्टीको सरकार केन्द्रमा हुन्छ । त्यहाँ पार्टी स्थानीय क्षेत्रमा बढी सक्रिय भएको अनुभूति स्थानीय जनताहरूबाट थाहा हुन्छ । संख्यात्मक हिसाबले विभिन्न पार्टीका पार्टी सदस्यहरूको अध्ययन गर्दा संख्यामा तलमाथि देखिएपनि ३ वटै पार्टी उस्तै प्रतिस्पर्धामा रहेको पाइन्छ ।

कुनै पनि दलले आफ्नो स्थान राम्रो राख्न त्यसै ठाउँको विकास र त्यहाँका जनताको पक्षमा हित हुने काम अगाडि बढाउनुपर्ने देखिन्छ ।

# परिच्छेद : एक
# अध्ययनको परिचय

## १.१. परिचय

जैविक उत्पादनका प्राकृतिक कच्चापदार्थहरू (गिट्ठा, भ्याकुर, कन्दमुल आदि) को आहारा प्रयोग गर्ने गरेको सभ्यताको हिजोको जङ्गली मानव आज विभिन्न प्रविधिको खोज अनुसन्धान गर्दै तिनीहरूकै प्रयोगबाट सजिलैसँग अन्तरिक्षमा आफ्नो अनुकूलको वातावरण बनाउनका लागि प्रतिस्पर्धामा खटिरहेको कुरा ध्रुवसत्य छ। प्राचीन युगको त्यस्तो सभ्यताको मानव आज एकाएक परिवर्तनको वाहक बन्ने कुरा कुनै जादु हुन सक्दैन। यसको प्रश्रय हिजोदेखि कै प्रजातान्त्रिक अभ्यास हुँदै वर्तमानको लोकतान्त्रिक राज्य व्यवस्थालाई दिनु पर्दछ भन्ने कुरा कोही कसैबाट नकार्न सकिँदैन।

जब मानव आफू स्वतन्त्र हुन्छ त्यसपछि मात्र नयाँ आविष्कार, खोज, अनुसन्धान तथा सिर्जनाको वातावरण अनुकूल हुन्छ। जनता स्वतन्त्र रूपमा अगाडि बढ्नका लागि स्वतन्त्र शासन पद्धतिको विकास अनिवार्य शर्त हो। जुन अपरिहार्य हुन्छ। जनता स्वतन्त्र हुनका लागि विश्वमा गरिएको पहिलो प्रयासको सुरुआत सन् १२१५ मा बेलायती म्याग्नकाटा, १६८८ को गौरवमय क्रान्ति, १७७५-८३ को अमेरिकी स्वतन्त्र संग्राम, १७८९ को फ्रान्सेली राज्यक्रान्ति साथै १९-२० औं शताब्दीका महान परिवर्तनका उपलब्धिहरूलाई लिन सकिन्छ। फलस्वरूप आजको २१ औं शताब्दीको युग परिवर्तनको वाहकको रूपमा अगाडि बढिरहेको छ।

परिवर्तन चाहे त्यो प्रजातन्त्रका लागि होस् वा लोकतान्त्रिक सभ्यता अनुरूपको शासन व्यवस्थाका लागि चालेका संघर्ष किन नहुन् सबै आजको समुदाय स्वतन्त्र हुनका लागि भएका राजनीतिक विकासका घटनाक्रमहरू हुन्। त्यसका कारण लोकतान्त्रिक शासन पद्धतिको मुख्य आधार भनेको सामुदायिक राजनीतिक विकास र राज्य सञ्चालनमा हरेक वर्ग, जाति, लिङ्ग, भाषा, भूगोल आदिको सामूहिक प्रतिनिधित्व गराउनु नै हिजोको परिवर्तनको मुख्य लक्ष्य र आजको आवश्यकतालाई लिन सकिन्छ।

कुनै पनि मुलुकको हरेक विषयको उचित विकास तथा व्यवस्थापनको माध्यम राजनीति नै हो भनिन्छ। त्यसकारण उचित व्यवस्थापन तथा विकासका लागि त्यहाँको

बहुमत जनताको निर्णय र अल्पमतको समेत उपस्थिति वा सहभागिता अनिवार्य हो । यसको मतलब राजनीतिक विकासको मान्यता नै बहुमतमा अल्पमतको उपस्थिति वा प्रतिनिधत्वि वा सहभागी गर्नु नै हो । यदाकदा बहुमतको मात्र बोलवाला चल्ने परिस्थिति विकासोन्मुख देशहरूमा पाइन्छ । वास्तवमा यो पद्धति सुधार गर्न आवश्यक छ तबमात्र अल्पविकसित मुलुकहरू विकासको वामे सर्ने परिस्थितिको ढोका खुल्दछ । राजनीतिक सहभागिता राजनीतिक विकासको प्रमुख आधार हो । जनताले निर्वाचनको माध्यमबाट आफ्नो वारिस छान्दछन् र शासनको दायित्व समेत वहन गर्दछन्, जसका कारण मुलुकको चौतर्फी विकासको ढोका खुल्दछ यही नै आधुनिक लोकतन्त्र तथा राजनीतिक विकासको मूल सार हो ।

प्राकृतिक स्रोत र सौन्दर्यताको पक्षबाट विश्वमा अगाडि नै नाम आउने हाम्रो देश नेपाल राजनीतिक अस्थिरता र विकासोन्मुख हिसाबले उचित राजनीतिक प्रणलीको खोजीमा बारम्बार धेरै समय खर्चेको स्थिति विद्यमान सावित छ । राजनीतिक विकासका दृष्टिकोणबाट धेरै उथलपुथल रूपमा परिवर्तन देखिए पनि सारमा त्यस्तो परम्परागत र सुदृढ व्यवस्थाको स्वरूप ग्रहण गरिरहेको देखिँदैन । किनभने गाई पाल्ने गोपाल, भैंसी पाल्ने महिषपालहरूबाट चलिआएको हाम्रो देशको शासन सत्ता २००७ सालभन्दा अगाडिको जहानीया प्रवृत्ति, २०१७ सालको एकदलीय शासन प्रणाली, बहुदलीय प्रणालीका लागि भएको असफल आन्दोलन २०३६ हुँदै २०४७ सालको संवैधानिक राजतन्त्रतात्मक संविधानले देखाएको जनआन्दोलन २०४६ को उपलब्धिलाई दश वर्षे जनयुद्धका नाउमा देशले राजनीतिक तथा उचित आर्थिक विकास पाएको थिएन । फलस्वरूप २०६२/०६३ को संयुक्त जनआन्दोलन, सात प्रमुख राजनीतिक दल र माओवादी बिचको आपसी समझदारीका कारण देशमा गणतन्त्रको स्थापना साथै अन्य विभिन्न उपलब्धिहरू हासिल गर्ने क्रममा ०६४।१२।२८ गते भएको यस मुलुकको पहिलो संविधान सभाको चुनावको उपलब्धि गुमाई २०७०।०८।०४ गते दोस्रो संविधानसभाको चुनाव सम्पन्न भयो । त्यसपछि नेपाली कांग्रेसको नेतृत्वमा एमालेसहितको सरकार बनी २०७१।१०।८ गते संविधान घोषणा गर्ने प्रतिबद्धता गरे तापनि सो मितिले नेटो काटिसकेको र एकीकृत माओवादी सहितको अन्य राजनीतिक दलहरू प्रतिपक्षमा रही बहुमतको निर्णय कार्यान्वयन हुन नहुने अडानमा रहिरहेको देशको अवस्था छ ।

समग्र केन्द्रीय राजनीतिकै प्रभाव र प्रतिक्षका रूपमा स्थानीय राजनीतिक वातावरण

तय हुने कुरालाई कोही कसैले नकार्न सक्दैन । त्यस्तै स्थानीय सामाजिक स्थिति र विकासले केन्द्रीय राजनीतिक वातावरण तय गर्ने कुरा पनि बिर्सन मिल्दैन ।

विश्वका विभिन्न मुलुकहरूमा भिन्न भिन्न राजनीतिक दलहरूद्वारा अवलम्बन गरिएको लोकतान्त्रिक शासन व्यवस्थाको सिको गर्न खोजिरहेको हाम्रो देश नेपाल वर्तमान सन्दर्भमा पनि राष्ट्रिय स्वार्थ अनुकूल हुने शासन व्यवस्थाले स्थायित्व पाउन सकिरहेको छैन । विभिन्न राजनीतिक दलका आफ्नो आफ्नो हटका कारण यस मुलुकले दीर्घकालीन योजना अवलम्बन गर्न सकिरहेको छैन तापनि पुरानै शासन व्यवस्थाको समयमा विकेन्द्रीकरणको सिद्धान्त अनुसार पाँच विकास क्षेत्रहरुमध्ये पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चल कास्की जिल्ला भदौरेतामागी भदौरे तामागी गा.वि.स.को पूर्वमा कास्कीकोट गा.वि.स.को केही भाग, पश्चिममा सल्यान गा.वि.स.को केही भाग, उत्तरतर्फ ढिकुरपोखरी गा.वि.स.को अधिकांश भाग र दक्षिणतर्फ चापाकोट गा.वि.स.हरू रहेका छन् । यस गा.वि.स. कार्यालयको अभिलेख अनुसार जम्मा घरधुरी संख्या ८९९, जम्मा जनसंख्या ३८३१ रहेका छन् (गा.वि.स. अलिभेख २०४६, निर्वाचन आयोगको कार्यालय कास्की, २०७०) ।

यस गा.वि.स.मा ब्राह्मण, गुरुङ, विश्वकर्मा, परियार, नेपाली, क्षत्री आदि जातजातिहरू बसोबास गर्दछन् । यस गा.वि.स.का ९ वटै वडाहरूमा समानान्तर प्रकारको मानव बस्ती पाइँदैन भने मिल्दो प्रकारको भूबनोट पनि देखिँदैन । वडा नं. १, २, ४ र ५ मा केही बाक्लो, ३, ६ , ७ ८ र ९ वटाहरूमा न्यून बस्ती रहेको पाइन्छ । हालका दिनहरूमा जनसंख्या बढ्ने भन्दा पनि घट्दो क्रममा रहेको यसै गा.वि.स.को बसाइँ सराइको स्थितिले देखाउँछ । किनभने यो गा.वि.स. भौगोलिक हिसाबले सदरमुकामबाट नजिकै भए पनि डाँडाकाँडा र विकासका हिसाबले अलि टाढा रहेको कारण यस्तो स्थिति देखिएको अनुमान गर्न सकिन्छ । किनभने सुविधा र सहज वातावरणतर्फ आकर्षण हुने मानवीय चरित्र र विकासका पूर्वाधार समथर भूभागमा बढी उपलब्ध हुने भएकाले पहाडी भूभाग अलि पछाडि परेको पाइन्छ । यस कारण विकासका दृष्टिले सबै भागमा एकरूपता देखिँदैन तापनि देशमा भैरहेको गैरराजनीतिक चिन्ता र आन्तरिक दलगत प्रतिस्पर्धाका कारण राष्ट्रिय स्वार्थ पछाडि परेको छ । देशमा अन्धकारको तुवालो छरपष्ट भएको छ । जताततै राजनीतिक निराशाको स्थिति छ । त्यसैले भदौरे गा.वि.स.मा राजनीतिक दलहरूको अवस्था भन्ने शीर्षकमा यो शोधपत्र प्रस्तुत गरेको छु ।

## १.२. समस्याको कथन

कुनै पनि मुलुकका मालिक त्यहीँका जनता हुन्। त्यस मुलुकको विकासका लागि त्यहाँका जनताको एकमतको सहभागिता अनिवार्य हुन्छ। एकमतको सहभागिताका लागि जनता स्वतन्त्र हुनुपर्दछ जब जनता स्वतन्त्र हुन्छन् तबमात्र नयाँ विकास, खोज, अनुसन्धानको ढोका खुल्दछ। खोज र अनुसननका लागि भिन्न भिन्न विचारहरूको साझा सोचको आवश्यकता अनिवार्य हुन्छ। त्यो साझा सोच मुलुको स्वार्थका लागि भयो भने त्यस्तो सोच समूहले मुलुकमा स्थायित्व ग्रहण गर्दछ, शासन पद्धति सञ्चालन गर्दछ जनताले समर्थन गर्दछन्।

यस अध्ययनको सन्दर्भमा नेपालको ऐतिहासिक तथ्यबाट प्राप्त भएको जानकारी अनुसार १०४ वर्षे राणाशासनलाई जनसमूह मार्फत नै परास्त गरेको पाइन्छ। २००७ सालको प्रजातन्त्र प्राप्तिपछि फेरि २०१७ साले पञ्चायती व्यवस्थाले स्थायित्व पाउन नसकी २०३६ सालको असफल जनमत संग्रह मार्फत यहाँका विभिन्न विचार समूहले थप ऊर्जा प्राप्त गरी २०४६ सालमा संविधान कि राजतन्त्रात्मक संविधान निर्माण गर्न सफल भए भने त्यतिमा मात्र मुलुकको शासन व्यवस्था सीमित हुन नसकेकोले १० वर्षे जनयुद्ध हुँदै २०६२/६३ सालको जनआन्दोलन मार्फत नयाँ संविधानसभाले आफ्नो तोकिएको कार्य पूरा गर्न नसकी दोस्रो संविधानसभाको चुनाव पनि सम्पन्न भई पहिलो पटक तोकिएकै समयमा संविधान नबनेको स्थितिमा मुलुक अगाडि बढिरहेको छ। यतिबेला पनि मुलुकले संविधान प्राप्त गर्ने कि नगर्ने ? प्रथम पटकको पनि म्याद गुज्रिरहेको अवस्था छ। तापनि देशका विभिन्न ठाउँहरूमा राजनीतिक दलहरूले आ-आफ्नो भूमिका निर्वाह गरिरहेको सन्दर्भमा पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कास्की जिल्लाको भदौरे तामागी गा.वि.स.भित्र आ-आफ्नो राजनीतिका विकासमा यहाँका राजनीतिक दलहरू कसरी लागेका छन् ? तिनीहरूको भूमिका के छ ? भन्ने सन्दर्भमा विगत २०४६ देखि हाल २०७१ सालसम्मको एक अध्ययनसँग निम्नलिखित प्रश्नहरू समस्याको रूपमा रहेका छन्।

(क) भदौरे तामागी गा.वि.स.मा कुन कुन राजनीतिक दलहरूको उपस्थिति छ ?

(ख) स्थानीय शासनमा राजनीतिक दलहरूको के कस्तो भूमिका रहँदै आएको छ ?

(ग) राजनीतिक दलको अवस्था स्थानीय चुनौति र समस्याहरू के कस्ता छन् र उनीहरूको भविष्य के कस्तो छ ?

## १.३. अध्ययनको उद्देश्य

भदौरे तामागी गा.वि.स.को विकासमा यहाँको राजनीतिक दलहरूको अवस्था भन्ने विषयको अध्ययनमा भदौरे तामागी गा.वि.स.को समग्र राजनीतिक विकासमा यहाँका प्रमुख राजनीतिक दलहरूको भूमिका र स्थानको विश्लेषण गर्नु यस अध्ययनको साधारण उद्देश्य हुनेछ ।

यस शोधपत्रमा निम्न विशिष्ट उद्देश्यहरू रहेका छन् -

१. भदौरे तामागी गा.वि.स.मा भएका दलहरूको अवस्थाको खोजी गर्नु ।

२. स्थानीय शासनमा उनीहरूको उपस्थिति र भूमिका अध्ययन गर्नु ।

३. स्थानीय दलहरूको समस्या, चुनौती र भविष्यबारे बारे अन्वेषण गर्नु ।

## १.४. अनुसन्धान विधि

प्रस्तुत अनुसन्धान तोकिएको ठाउँ र समयभित्र राजनीतिक दलहरूको भूमिकाका बारेमा अध्ययन गर्नुपर्दा त्यहाँका जनताहरूको राजनीतिप्रति जनसहभागिता, जनताको दलहरूप्रतिको चासो, प्रभाव आदि कुराहरूको लेखाजोखा गर्नुपर्ने भएकाले यो विवरणात्मक र विश्लेषणात्मक अध्ययन ढाँचामा आधारित रहेको छ। त्यस्तै स्थानीय राजनीति विकासप्रति नेतृत्वहरू तथा सर्वसाधारणहरूको दृष्टिकोणको बारेमा अन्वेषण पनि गरिने भएकाले यो विधि अन्वेषणात्मक पनि हुनेछ । यस अध्ययनका लागि आवश्यक सूचना तथा तथ्यहरू प्राथमिक तथा द्वितीय स्रोतका आधारमा संकलन गरिएको छ ।

### १.४.१. प्राथमिक स्रोत

राजनीतिक दलहरूका नेतृत्वसँग गहन अन्तरवार्ता आधारमा दलका उद्देश्य कार्यक्रम र तिनका कार्यान्वयन, दलको अवस्था, दलका सदस्य संख्या आदिको छलफल सहित विधिवत तथ्यहरूको संकलन गरिएको छ ।

### १.४.२. द्वितीय स्रोत

द्वितीय स्रोत अन्तर्गत अध्ययनसँग सम्बन्धित तथा सान्दर्भिक पुस्तक, लेखरचना प्रतिवेदन, राजनीतिक दलहरूका चुनावी घोषणापत्रहरू तथा विधानहरू एवं प्रकाशित तथा अप्रकाशित सामग्रीहरू रहेका छन् । यसबाट भदौरे तामागी गा.वि.स.मा राजनीतिका लागि जनता तथा यहाँका संघसंगठन साथै राजनीतिककर्मीहरूको उपस्थिति तथा उद्देश्य,

क्रियाकलाप साथै विभिन्न जानकारी प्राप्त छन् । यिनै विविध सामग्री तथा जानकारीलाई प्रयोग गरी अध्ययनलाई पूर्णता दिइनेछ ।

## १.५. पूर्व साहित्यको समीक्षा

सैद्धान्तिक आधारमा नेपालको राजनीतिक अवस्थालाई नियाल्दा २००७, २०१७ र २०३६ सालदेखिको लगानीले २०४६ सालमा आंशिक पूर्णता पाएको भए पनि स्थानीय राजनीतिको स्तर उन्नति गर्न बढी कठिन भएको पाइन्छ । २०४६ सालको आन्दोलनबाट उपलब्ध भएको प्रजातन्त्रमा विभेदीकरणको नीति अनुरूप २०५६।१।१६ गते लालमोहर लागेको स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३ (ख) मा “स्थानीय निकायमा जनताको लागि सोच्ने र जवाफदेही वहन गर्न सक्ने संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण गरी विकास गर्ने” भन्ने उल्लेख भएको पाइन्छ भने सोही दफाको (च) मा “दिगो विकासको लागि आधारित सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहित गर्ने” भन्ने उल्लेख छ ।

नेपालको राजनीतिक अध्ययन गर्ने कार्य लियो ई. रोज र भुवनलाल जोशीबाट सुरु भएको पाइन्छ । आर.एस. चौहानले परम्परा, मान्यता र आधुनिकताबीचको विवाद साथै आन्तरिक राजनीतिलाई व्यावहारिक केन्द्र मानेर अनुसन्धान गर्ने विद्वान्हरूमा ओली, सुशील पाण्डे र चित्र तिवारी मानिन्छन् भने विरोधी राजनीति जनमत सङ्ग्रह र राजनीतिमा समूह र व्यक्तिको बारेमा लोकराज बरालले चर्चा गरेको पाइन्छ ।

नेपालको आधुनिक इतिहास अनुसार सुरेन्द्रविक्रम शाहको कार्यकालमा जंगबहादुर राणालाई लमजुङ र कास्कीको महाराजाको पद्वी सहितको सम्प्रभुता प्रदान गरी नगदी रूपमा वर्षेनी बुझाउने गरी सो पदवी दिएको (श्रेष्ठ, १९८७:११) हामी पाउँछौं । २००७ साल पछिको राजनीतिक अवस्थालाई हेर्दा २०१७ सालको ‘कु’ पश्चात हरेक राजनीतिक गतिविधिहरू पूर्ण रूपमा प्रतिबन्ध बनाइएको अवस्थामा विभिन्न विद्यार्थी समूहहरूले राजनीतिक चेतना दिँदै आएको पाइन्छ । तर खुल्ला रूपमा कार्यक्रमहरू गर्न पाइने अवस्था भने थिएन । तापनि राजनीतिक दलका कार्यालय हरेक जिल्लामा खोलिँदै गएका थिए र उनीहरूको आ-आफ्नो प्रकारको प्रचार-प्रसार साथै राजनीतिक सामाजिकीकरण मार्फत विभिन्न प्रकारको शिक्षा दिई जनताको अन्धभक्तिलाई तोड्दै गइरहेका छन् (दाहाल, २०५२:१५) ।

लिडरसीप इन नेपाल भन्ने पुस्तकमा डा. लोकराज बरालले “नेपालमा दिन प्रतिदिन

नेतृत्वको धारणा बढ्दै जानुमा सम्पूर्ण तहका राजनीतिक दलहरूमा तुलनात्मक राजनीतिक प्रक्रियाको प्रादुर्भाव हुन जानु हो। अपरिपक्वताको नेतृत्वलाई हटाई यसलाई गतिशील एवं प्रतिस्पर्धात्मक राजनीतिले आवश्यक मात्रामा सुधार गर्दछ। नेपालको राजनीतिमा नेतृत्व धेरै निराशजनक नभए तापनि परापूर्वक कालदेखि चल्दै आएको जातजाति चाकारी जस्ता व्यक्तित्व एवं पारिवारिक अपहेलना जस्ता राजनीतिक संस्कारलाई तोड्नु पर्ने आवश्यकता रहेको उल्लेख गरेको पाइन्छ।

पोलिटिकल पार्टीज एण्ड विभावियरल एनालाइसिसमा सामुल जे इल्डर्सभेल्डले पार्टी संरचनाको चार चरण र दृष्टिकोण संगठनात्मक प्रणालीमा राजनीतिक दल, सामाजिक व्यक्ति र राजनीतिक दलको कार्यात्मक सम्बन्धका बारेमा अध्ययन गरेको पाइन्छ। मुडबिल एम.ए. एण्ड मोहमद अलि खानले थेउरी अफ लोकल गभरमेन्ट नेतृत्वको बारेमा र डा. भीम देव भट्टबाट डेभलपमेन्ट एडमिनिस्ट्रेसन इन नेपालमा नेतृत्व धारणाका बारेमा सैद्धान्तिक चर्चा गरेको पाइन्छ भने गोपाल शिवाकोटीले तुलनात्मक शासन र राजनीति भन्ने पुस्तकमा राजनीतिक दलको उत्पत्ति र विकासको बारेमा उल्लेख गरेको पाइन्छ।।

भदौरै तामागी गा.वि.स.को राजनीतिमा यहाँका जनताको जनसहभागिता र राजनीतिक चेतनाको साथै राजनीतिक दलको भूमिकाको बारेमा अनुसन्धान गर्ने कार्य हालसम्म नभए पनि यसै गा.वि.स.को शैक्षिक विकास (अवस्था) का बारेमा नारायणप्रसाद गौतमबाट अनुसन्धान भएको पाइन्छ भने अन्य जिल्ला र अन्य गा.वि.स.का बारेमा थुप्रै अध्ययन अनुसन्धान भएको पाइन्छ। विष्णुप्रसाद अधिकारीले डिसेन्ट्रलाइजेसन एण्ड लोकल डेभलपमेन्ट इन नेपालमा ललितपुर जिल्लाको अध्ययन भन्ने शोधपत्रमा कुनै पनि गा.वि.स., इलाका, क्षेत्र वा जिल्लामा किन नहोस् विकेन्द्रीकरणको प्रक्रिया थालनीले सम्बन्धित ठाउँका राजनीतिक दलहरुको बीचमा आन्तरिक तथा बाह्य प्रतिस्पर्धाको अवस्था सिर्जना गर्ने गरेको छ भन्ने उल्लेख गरेको पाइन्छ। तुलसीनारायण श्रेष्ठद्वारा लिखित द कन्सेप्ट अफ लोकल गर्भमेन्ट एण्ड डिसेन्ट्रलाइजेसनमा स्थानीय सरकारका बारेमा त्यस क्षेत्रमा उपस्थित राजनीतिक दलको अवस्था उनीहरुकै आन्तरिक तथा बाह्य व्यवस्थापन खटाइ तथा जनताको समस्यासँग साझेदारी गर्ने वातावरण तय गर्दछ भन्ने विषयमा चर्चा गरेका छन्। त्रि.वि. राजनीतिशास्त्र स्नातकोत्तर तहो दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि गोविन्दराज घिमिरेले, इशानेश्वर गा.वि.स.मा राजनीतिक नेतृत्व विकासको प्रकृति विषयमा शोध गरेको पाइन्छ। जसमा उनले जनताका साना-ठूला सबै प्रकारका कार्यहरुमा

राजनीतिक दलहरुको भूमिका नेतृत्वदायी रहन्छ भने कतै-कतै समस्याको रूपमा पनि यिनीहरु नै र समाधानका उपायहरु पनि यिनैलाई लिन सकिन्छ। त्यस्तै समस्या समाधानको कार्यमा जुन दलले उपर्युक्त भूमिका खेल्न सक्दछ सोही नेतृत्व अगाडि आउँदछ भन्ने कुराको व्याख्या गरेका छन् (घिमिरे, २०६२:१)। त्यस्तै दसौं पत्रको प्रयोजनका लागि हुकुमसिंह गुरुङबाट सार्दीखोला गा.वि.स.को विकासमा स्थानीय नेतृत्वको भूमिका विषयमा शोध अनुसन्धान गर्दै स्थानीय नेतृत्वले स्थानीय स्तरमा कुनै पनि समूह हरेक ठाउँमा मजबुत बन्नका लागि समाजका अति आवश्यक तत्वहरु शिक्षा, स्वास्थ्य, रोजगार, गाँस, बास र कपास साथै सुशासनका बारेमा उपर्युक्त वातावरण प्रदान गर्ने क्षमताको विकास गर्नुपर्दछ भन्ने कुराको उल्लेख गरेका छन् (गुरुङ, २०६३:१)।

माथि उल्लेख गरिएका आधारहरूलाई ख्याल गर्दै स्थानीय निकायको राजनीतिक विकासको सन्दर्भमा धेरै राम्रा राम्रा शोधकार्य भए तापनि कास्की जिल्लाको भदौरे तामागी गा.वि.स.लाई आधार क्षेत्र बनाई यहाँका राजनीतिक दलका आ-आफ्ना गुण, अवगुण, तिनीहरूले स्थानीय निकायमा खेलेको भूमिका, यस गा.वि.स.मा राजनीतिक दलको प्रभावका बारेमा कुनै ठोस प्रकारको अनुसन्धान नभएकाले यो प्रयास अगाडि बढाइएको हो। यस अनुसन्धानलाई राष्ट्रिय स्तरमा नहेरी स्थानीय स्तरमा राजनीतिक विकास र यसको भूमिकाका बारेमा सबल तथा दुर्बल सबै पक्ष उल्लेख गर्न लागिएको हो।

## १.६. अनुसन्धानको महत्व

हरेक कार्य तथा अनुसन्धानको आफ्नै खालको महत्व रहेको हुन्छ। यसै सन्दर्भमा कास्की जिल्ला भदौरे तामागी गा.वि.स.को समग्र राजनीतिक विकासमा यहाँका राजनीतिक दलहरूको अवस्था २०४६ देखि २०७१ सम्म एक अध्ययन भन्ने विषयको निम्नलिखित महत्व उल्लेख गर्न सकिन्छ।

१. यस अध्ययनले भदौरे तामागी गा.वि.स.को स्वायत्त शासनमा स्थानीय राजनीतिक दलहरूको अवस्था बारे विस्तृत विश्लेषण गरी स्थानीय स्तरमा तिनीहरूको योगदानका बारेमा उल्लेख गर्न सहयोग पुर्‍याउँछ।

२. भदौरे तामागी गा.वि.स.मा भएको राजनीतिक विकासमा हालसम्म शैक्षिक बाहेक अन्य कुनै पनि अध्ययन नभएकाले भावी शोधकर्ता र यस गा.वि.स.प्रति चासो राख्ने जोकोहीलाई पनि सहयेग पुर्‍याउने हुँदा शोधको औचित्य रहेको छ।

३.	स्थानीय स्तरमा राजनीतिक दलहरूले के कसरी कार्य गर्दै आएका छन् र उनीहरूको सम्भावना र भविष्य के कस्तो छ भन्ने झलक प्राप्ति हुने भएकाले सम्बन्धित राजनीतिक दलहरूका लागि उपयोगी हुने देखिन्छ ।

## १.७. अनुसन्धानको सीमा

प्रस्तुत अध्ययनमा कास्की जिल्लाको भदौरे तामागी गाविसमा भएका राजनीतिक दललाई समेटिएको छ । उनीहरूको संगठन गतिविधि स्थानीय सरकारको भूमिकासम्म मात्र प्रस्तुत शोधपत्र सीमित गरिएको छ ।

# परिच्छेद दुई

# राजनीतिक दलसम्बन्धी सैद्धान्तिक अवधारण

## २.१ राजनीतिक दलको परिभाषा र अर्थ

जब यस धर्तीमा विभिन्न आरोह र अवरोधका बिच धेरै अवस्था पार गरी सबैभन्दा विकसित ब्रेनका रूपमा विकास भएको प्राणी मानव भयो यसपछि जगतका हरेक प्राणी पदार्थ र चिज विजहरू आफ्नो अनुकूल हुने गरी प्रयोग गर्दै आएको छ। आजको युगमा आफ्नो नीतिगत स्वार्थका लागि मानिसले मानिसलाई प्रयोग गर्ने गरेको पनि पाइएको छ भने परम्परागत हिसाबले प्राचीन समयमा आफ्नो व्यक्तिगत स्वार्थका लागि मानिसले मानिसलाई नै प्रयोग गर्दथ्यो। जसलाई दास प्रथा भनिन्थ्यो। आजको समयमा राज्य सत्तामा आफ्नो पहुँच पुऱ्याउन नीतिको सहायताले मानिसले मानिसलाई नै प्रयोग गरेको छ त्यो एक प्रकारको राजनीति मानिन्छ। फेरि प्राचीन समयमा आफ्ना व्यक्तिगत स्वार्थका लागि दासप्रथाको रूपमा मानिसले मानिसलाई नै प्रयोगमा ल्यायो त्यो पनि एक प्रकारको राजनीति थियो। जब अरू व्यक्तिलाई प्रयोग गर्ने व्यक्ति शासक हुन्थ्यो भने प्रयोग हुने व्यक्ति शोषित हुन्थ्यो। त्यही शासक र शोषित व्यक्तिको बिचबाट आजको राजनीतिको विकास भएको देखिन्छ। किनभने शासकहरूबाट शोषित वर्गहरूलाई विभिन्न संकटमा होमिन्थ्यो त्यही संकटबाट मुक्ति प्राप्त गर्ने प्रक्रियाको विकसित रूप नै आजको राजनीति हो भनेर परिभाषा गर्न सकिन्छ। यसैले भन्ने गरिएको छ "सबै राजनीतिक व्यवस्थाको इतिहासमा अखण्डताको संकेत आइपर्दछ। वस्तुतः यही संकटबाट मुक्तिका लागि नै प्रारम्भमा राजनीतिक दलहरू खडा भएका हुन्" (पोखेल, २०६२: १६८)।

व्यक्ति व्यक्ति बिचको समूह समाज हो जहाँ साझा उद्देशय र कार्यक्रमहरू हुन्छन् फेरि समाज शक्ति सम्बन्धको एक प्रणाली पनि हो। आजको समयमा राज्य नै त्यो संस्था हो। जसले सम्पूर्ण समाजको नियन्त्रण र सञ्चालनका लागि राजनीतिक शक्तिको प्रयोग गर्दछ। त्यो शक्ति नै राजनीतिक दल हो।

आत्मण्ड र पावेलले बाबु-आमा, छोरा-छोरी आदिको अन्तरसम्बन्धित भूमिकाको विकसित रूप नै एक खालको संरचना हो त्यही परम्परागत संरचनाको भूमिकाको योगबाट पारिवारिक नामको संरचना बन्दछ, त्यही परिवार नागरिक, प्रजा या मतदाताहरूको विधायक, नोकरशाह र निर्णयको छिनोफानो गर्ने न्यायधिससँगको अन्तरक्रियाशील

भूमिकाहरू मिलेर राजनीतिक प्रणाली बन्दछ। त्यो नै राजनीति हो भनेका छन्। यसरी शोषित र शोषकहरूबिचको व्यवहारमा सकारात्मक परिवर्तन गर्ने प्रणालीको विकसित रूप राजनीति हो। प्राकृतिक उत्पादनका वस्तुहरूमा मालिक वर्गहरूले आफ्नो वर्चस्व कायम गरी नोकरहरूलाई सधैँ यन्त्रको रूपमा मात्र प्रयोग गर्ने गरेको अवस्थाबाट परिवर्तन गरी प्राकृतिक पदार्थहरूमा सबैको समान हक र दायित्व हुने वा बनाउने प्रणाली नै राजनीति हो भनी उल्लेख गर्न सकिन्छ। त्यसैले राजनीतिक दल आधुनिक राजनीतिको जीवनरेखा बन्न गएको छ। राजनीतिक दल विशिष्टत राजनीतिक विचार तथा कार्यक्रमलाई बढाउनका लागि निर्मण गरिएको संगठन हो। जसका सदस्यहरूले समाजका समस्यासँग सरोकार राख्दै यसैका बारेमा लगभग समान सोचाइ राख्दछन्। हरेक मुलुकमा एकै खालका दलहरू पाउन सकिदैन। त्यसकारण पनि यस्को परिभाषा गर्न सहज छैन। यसैकारण माइकल कर्टिसले राजनीतिक दलको परिभाषा गर्न नै कठिन भएको भनी यसको जटितलतातर्फ संकेत गरेका छन् र पनि यसमा ३ वटा तत्व अनिवार्य मानेका छन्।

क) समान विचार राख्नेहरूको संगठन।

ख) सत्ताको संघर्षमा भाग लिनेहरूको संगठन।

ग) संवैधानिक वा लोकतान्त्रिक साधनलाई आफ्नो नीति तथा कार्यक्रममा लागू गर्न प्रयास गर्नेहरूको संगठन।

उपरोक्त तीन प्रकारका तत्वहरूलाई प्रयोग गर्नेहरूको साझा संगठन नै राजनीतिक दल हुन भनी व्याख्या गर्न सकिन्छ।

वर्तमान अवस्थामा राजनीतिक दल वा संगठन तथा हित समूहलाई आधुनिकताको प्रतीकका रूपमा लिने गरिएकोले निरङ्कुश व्यवस्थामा समेत राजनीतिक दल र हित समूह स्थापित हुन लागेका छन्। भुटान तथा मालदिभ्स जस्ता देशमा पनि एकाइसौं शताब्दीको पहिलो दशकमा राजनीतिक दललाई वैधानिकता प्रदान गरिएको छ। २००४ मा माल्दिभ्सले राजनीतिक दललाई मान्यता दियो र भुटानले २००७ मा दलका आधारमा संवैधानिक राजतन्त्र अन्तर्गत संसदीय व्यस्थालाई स्वीकार गरेको छ। दलीय राजनीतिमा प्रवेश गर्ने सबैभन्दा कान्छो राज्य भुटानलाई लिन सकिन्छ भने सबै भन्दा पहिलो अमेरिका भनिन्छ (शिवाकोटी २०६७:२०६)। नेपालको सन्दर्भमा भने १०४ वर्षे जहानीया राणाशासनको अन्त्यका लागि गरिएको भारतको बनारस बसोबास गरेका क्रान्तिकारी विद्यार्थीहरूको समूहको प्रयासबाट २००७ सालमा वैधानिकता पाए पनि पुन २०१७ सालमा दलमाथिको

प्रतिबन्ध तत्कालीन श्री महेन्द्र शाहबाट गरिएको थियो। त्यसपछि भूमिगत रूपमा आफ्नो काम गर्दै आइरहेका नेपाली काँग्रेस र नेपाली कम्युनिष्ट पार्टी लगायतका समूहहरूले २०४६ सालबाट खुल्ला रूपमा वैधानिकता पाएको पाइन्छ। नेपालको सन्दर्भमा सबैभन्दा पहिलो राजनीतिक संगठन नेपाल प्रजा परिषद् भन्ने पाइन्छ।

राजनीतिक दल सत्ता प्राप्ति गर्ने उद्देश्यबाट संगठित भएको संगठन हो। निश्चित कार्यक्रमका आधारमा एकजुट भएर आफ्नो सामूहिक प्रयासबाट राष्ट्रिय हित वृद्धि गर्न खोज्ने मानिसहरूको संगठन हो। राजनीतिक दलभित्र एकमत हुन्छ। उनीहरू निर्वाचित हुने प्रक्रियामा चुनावमा भाग लिन्छन्। एउटै नीति तथा कार्यक्रममा समावेश भई जनता समक्ष जान्छन्। राजनीतिक शक्ति प्राप्त गर्नका लागि प्रतिस्पर्धामा भाग लिन्छन्। राजनीतिक दलहरूमा राजनीतिमाथि एकाधिकार कब्जा भन्ने रहँदैन तर प्रतिस्पर्धी भावना रहेकै हुन्छ। तर यो कुरा सर्वाधिकारवादी राजनीतिक दलमा लागू हुँदैन।

हुन त कृष्ण पोखेलका अनुसार राजनीतिक दलको विषयमा परिभाषित गर्ने क्रममा एकमतले परिभाषा गरेको पाइदैन भन्ने उल्लेख छ र पनि विभिन्न विद्वानहरूले राजनीतिक दलको परिभाषा निम्नानुसार गरेको पाइन्छ।

“राजनैतिक दल कम वा बढी संगठित भएको राजनीतिक एकाइका रूपमा काम गर्ने, मतदानको शक्तिद्वारा सरकारमाथि नियन्त्रण गरी आफ्ना सामान्य नीति कार्यान्वयन गराउने नागरिकहरूको समूहबाट बनेको हुन्छ” गेटल, २०८९।

“राजनैतिक दल मानिसको त्यो समूह जो कुनै निश्चित र विशेष सिद्धान्तको आधारमा संयुक्त माध्यमबाट राष्ट्रिय हित गर्न चाहन्छ”- वर्क

“समाजका सक्रिय राजनीतिक कार्यकर्ताको आवाज मुखरित गर्ने संगठनका रूपमा आउने समूह राजनीतिक दल हो। - सिगमन्ड र न्यूम्यान

“राजनीतिक दललाई व्यक्ति व्यक्तिहरू वा विशिष्ट व्यक्तिहरूको समूहको त्यस्तो संगठित सम्भवतः टिकाउ संगठनको रूपमा परिभाषित गर्न सकिन्छ जस्ले इच्छित नीतिहरू अंगीकार गर्नका लागि आफ्ना सदस्यहरूलाई सरकारी निकायमा पुऱ्याउन प्रयत्न गर्दछ।” - इ.बी. सुल्ज

“जब हामी राजनीतिक दलको कुरा गर्दछौं जुन कि स्थानीय स्तरमा प्रभावकारी हुन्छ जो सामान्य जनतासँग अन्तरक्रियाशील रहन्छ एवम् तिनबाट चुनावी समर्थनका लागि प्रयत्नशील रहन्छ, जसले राजनीतिक भर्तीमा प्रत्यक्ष र उल्लेखनीय भूमिका खेल्दछ र जो


एक्लै वा अरूसँग संलग्न भई शक्ति कब्जा गर्न वा शक्तिमा कायम रहिरहन वचनवद्ध हुन्छ।" - जोसेफ लापालोम्बरा र माइनर वेनर

माथि उल्लेखित परिभाषाहरूलाई केलाउँदा राजनीतिक दल भनेको एक व्यक्ति वा समूह मिलेर बनेको निश्चित विचारधारा र राजनीतिक कार्यक्रम भएको जनतासँग सधैँ सहकार्य गर्ने सत्तामा आफ्नो वर्चस्व कायम गर्न र आफ्नो नीति तथा निर्णय कार्यान्वयन गराउन प्रयत्नशील राजनीतिक भर्ती गर्ने जनताहरूको साझा संगठन राजनीतिक दल हो। जसले बहुमतको निर्णयलाई सर्वोपरी मान्दछ र अल्पमतको ख्याल नगरी बहुमतको निर्णय मात्र लादेर जाने संगठन सफल राजनीतिक दल बन्न सक्दैन।

## २.२. राजनीतिक दलको उत्पत्ति

राजनीतिक दलको उत्पत्ति वा शुरुवातको खोजी गर्ने क्रममा सर्वमान्य सिद्धान्त नभेटिए पनि सबैभन्दा पहिला बेलायत र संयुक्त राज्य अमेरिकामा भएको हो भनिन्छ। वास्तवमा आजभन्दा २०० वर्ष अगाडि विश्वका कुनै पनि देशमा राजनीतिक पार्टी थिएनन् तर सायद राजनीतिक पार्टी नभएको देश आज विश्वमा कुनै पनि छैनन् होला। बरु यी पार्टी ठूला, साना वैध तथा प्रतिबन्धित रूपमा काम गरेका हुन सक्छन्। यस्को मतलब विश्वका मानिसहरू कुनै न कुनै रूपमा आफ्नो इच्छा अनुसारको पार्टीका आबद्धता भएको छन्। विश्वभरि एउटै रूपमा पार्टी विकसित भएका छैनन्। हरेक देशमा भिन्दाभिन्दै रूपमा आफ्नो नीति र नियम विस्तार गरेको कारण राजनीतिक दलको ठोस रूपको वा सर्वमान्य सिद्धान्त छैन भनिएको छ। राजनीतिक दलको विकास प्रतिनिधि मूलक व्यवस्था र आम जनताको राजनीतिको धारणासँगै भएको अनुमान गर्न सकिन्छ। मताधिकारको विस्तारले जनतालाई परिचालन गर्न आवश्यक भएर राजनीतिक दल बन्न थाले। तर यस मतलाई सर्वमान्य सिद्धान्त मान्न भने सकिँदैन। बेलायतको संसदभित्र टोरी र विग नामक २ वटा समूह खडा भए। पछाडि गएर तिनै राजनीतिक दलहरूको रूपमा प्रस्तुत भए। १९ सौं शताब्दकिो मध्यतिर संसद बाहिर वर्तमान स्वरूपको पार्टी उदय भएको पाइन्छ। अमेरिकामा त्यहाँको स्वतन्त्रता संग्राम भएपछि राजनीतिक दलको विकास भएको थियो फिलाडोल्फीया सम्मेलनमा भएको सामान्य मत मतान्तर पछि जेफेसनको समर्थन समुह र हेमिल्टनको समर्थन समूहबाट क्रमशः डिमोक्रेटीस रिपलिब्लकन पार्टीको जन्म भएको थियो (कपुर, १९९३: २२०)। राजनीतिक दलको उत्पत्तिका बारेमा विभिन्न विधानहरूले आफ्नो-आफ्नो तर्क राख्ने क्रममा लापालोम्बरा र बेनरको मत अनुसार "जब राजनीतिक प्रणालीको

गतिविधि जटिलताको यौटा स्तरसम्म पुग्छ या जब राजनीतिक सत्ताको धारणामा यो विचार पनि समावेश हुन्छ कि जनता त्यसमा सहभागी होऊन् या त्यसद्वारा नियन्त्रित होउन, त्यसबेला राजनीतिक दलको उत्पत्ति हुन्छ।" माथि उल्लेख भएअनुसार प्रतिनिधिमूलक राजनीतिक प्रणालीको अवधारणा र सार्वभौम सत्ता जनतामा निहित भएको भन्ने सिद्धान्त प्रतिपादित भएपछि राजनीतिक दलको पनि उत्पत्ति र विकास भएको मानिन्छ। अमेरिकापछि बेलायत र बाँकी यूरोपमा अन्य मुलुकमा राजनीतिक दलको स्थापना भएको पाइन्छ। सन् १८८५ मा भारतमा, १९९७ मा भुटानमा, १९३५ मा नेपालमा, सन् २००० मा माल्दिभ्समा राजनीतिक दलको गठन भएको पाइन्छ। झलनाथ खनालका अनुसार १९४९ अप्रिल २२ मा ने.क.पार्टी र १९५० मा नेपाली काँग्रेसको स्थापना नेपालमा भयो भन्ने पाइन्छ। नेपालको इतिहासमा पहिलो राजनीतिक दल नेपाल प्रजा परिषद् हो, जुन वि.सं. १९९३ जेष्ठ २० गते गठन भएको हो भनिन्छ। राजनीतिक दलको उत्पत्तिको बारेमा चर्चा गर्ने विभिन्न सिद्धान्तहरूमध्ये निम्न लिखित सिद्धान्तहरूलाई निम्न तालिकामा उल्लेख गर्न सकिन्छ।




स्रोत: शिवाकोटी, २०६७: २०६

### १) संस्थापक सिद्धान्त

राजनीतिक दलको उत्पत्तिको विभिन्न सिद्धान्तहरूमध्ये संस्थापक सिद्धान्त एक महत्वपूर्ण सिद्धान्त हो। राजनीतिक दलको उत्पत्ति संस्थात्मक परिवेशमा भएको मानिन्छ। संसदको निर्णय प्रक्रिया बहुमतका आधारमा हुने भएकाले बेलायत र फ्रान्सका राजनीतिक निर्णय पक्षका र विरोधी विस्तारै-विस्तारै आफ्नो गुटबन्दीबाट राजनीतिक दलमा परिणत भए र निर्वाचनमा भाग लिए। जनतालाई साथमा लिएर आन्दोलन, विरोध तथा नीति निर्माणको प्रक्रियामा अगाडि बढे। अन्तमा त्यो समूह राजनीतिक दल बन्न पुग्यो (शिवाकोटी, २०६७: २०६)।

### २) ऐतिहासिक सिद्धान्त

ऐतिहासिक सिद्धान्त राजनीतिक दलको उत्पत्तिको लागि महत्वपूर्ण सिद्धान्त मानिन्छ। राज्यमा उत्पन्न हुने ऐतिहासिक संकटलाई समाधान गर्ने क्रममा राजनीतिक दल

उत्पन्न हुन्छ। ला पलम्बरा, माइनर विनर लिप्सेट र रोकन जस्ता विद्वानले ऐतिहासिक संकटले राजनीतिक दल उत्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने कुरा मानेका छन्। हाम्रो नेपालको सन्दर्भमा पनि २०६२/६३ को जनआन्दोलन भाग २ को ऐतिहासिक महत्वका साथमा थुप्रै मधेसी दलहरूले मान्यता पाएका छन् भने दोस्रो संविधान सभाको पूर्व सन्ध्यामा समाजवादी पार्टीले ऐतिहासिक महत्व पाएको थियो यसैकारण ऐतिहासिक सिद्धान्त अनुरूप पार्टीको स्थापना वा उत्पत्ति हुन्छ भन्ने पुष्टि भएको छ।

**३) विकासवादी सिद्धान्त**

राजनीतिक दलको उत्पत्तिका लागि अर्को महत्वपूर्ण सिद्धान्त विकासवादी सिद्धान्त हो। समय गतिशील छ। परिवर्तनशील छ। परिवर्तन भनेको पुरानो स्वरूपमा फरकपन आउनु हो। जसलाई विकास पनि भनिन्छ। विकासका विभिन्न चरणहरूमध्ये औद्योगिक विकास एक हो। राजनीति शास्त्रका विश्लेषक कृष्ण पोखेल (२०६२:१६९) अनुसार कार्ल मार्क्सको भनाइलाई यसरी उल्लेख गर्नुभएको छ - "हिजो आजका अधिकांश जनदलहरू औद्योगिककीकरणका परिणाम हुन्। औद्योगिकीकरणले शहरीकरणको विकास पनि हुन्छ। त्यहाँ व्यवसायिक संगठनहरूले जनसहभागिताको माग गर्न थाल्दछन्। यसै क्रममा राजनीतिक दलहरूको विकास हुन्छ।"

सोही संगठनहरू क्षमतावान् हुनासथ दलमा परिणत हुन्छन्। वास्तवमा औद्योगिकीकरणबाट यातायात र संचारका साधनहरूको विकास हुन्छ। यसबाट साधारण जनतालाई राजनीतिक प्रक्रियामा प्रभाव पार्ने अवसर मिल्दछ। त्यो अवसरको सही उपयोगका लागि राजनीतिक दलहरू खुल्दछन्।

यसरी माथि उल्लेख गरिएका राजनीतिक दलको उत्पत्तिका लागि कारक सिद्धान्तहरूबाट के कुरा प्रष्ट हुन्छ भने राजनीतिक दलको उत्पत्तिका लागि एक मात्र ठोस सिद्धान्त छैन। हरेक समाज वा समुदायका रचनाले विभिन्न समयमा राजनीतिक दलको उत्पत्ति र विकासका लागि महत्वपूर्ण भूमिका रहेको हुन्छ।

## २.३ राजनीतिक दलका आधारभूत तत्वहरू

राजनीतिक दलहरूले आफ्नो उद्देश्य पूरा गर्नका लागि वा सही तरिकाबाट अगाडि बढ्नका लागि यसका विभिन्न आवश्यक तत्वहरू हुन्छन्, राजनीतिक पार्टीहरूका नीति लक्ष्य वा इलाकाको हिसाबले विविधता आएपनि आधारभूत तत्वमा भने समानता देखिन्छ।

मार्क्सवादी र गैर मार्क्सवादी दलहरूमा अन्तर भएपनि उनीहरूमा समेत आधारभूत संरचनात्मक तत्वहरूमा पनि समानता देखिन्छ। आधारभूत तत्वहरूमा दलको केन्द्र हुनुपर्दछ। सदस्यको संख्या व्यापक हुनुपर्ने दलको राष्ट्रव्यापी आधार हुनुपर्ने तल्लो तहको इकाईमा सेल रहनुपर्ने आदि कुराको आवश्यक मानिन्छ।

क) केन्द्र : यो दलभित्रको सानो समूहको समिति हो। यो आकारमा सानो तर निर्णायात्मक क्षमताले भरिपूर्ण हुन संख्यात्मक हिसाबले सानो भएपनि गुणात्मक हिसाबले ठुलो हुन्छ।

ख) ब्रोन्च सदस्य : यो केन्द्र (ककस) जस्तो सानो हुँदैन। जनसम्पर्क गर्नु यसको मुख्य उद्‌देश्य हुन्छ। ब्रोन्च सदस्यहरूले जनताका समस्याहरू सुन्ने, विचार गर्ने बढीभन्दा बढी सदस्यहरू भर्ना गराउने साथै राजनीति शिक्षा जनतामा प्रदान गर्नु यस्को मुख्य उद्‌देश्य हो।

ग) सेल : सेलहरू कम्युनिष्ट तथा फासिस्टका खोज हुन्। सेलहरू जनताका विभिन्न क्षेत्रमा बसेर कार्य गर्ने साना व्यवसायिक एकाइहरू हुन्। सेलको ब्रेन्च वा ककस भन्दा जनतासँग बढी पहुँच हुन्छ।

घ) मिलिसिया : फासिस्ट पार्टी, नाजी पाटी तथा चिनमा माओले आफ्नो संगठनको आधार मिलिसियालाई बनाएका थिए। यी सदस्यहरू असैनिक भएपनि उनीहरूलाई फौजी तालिम दिइएको हुन्छ। उनीहरूको काम झण्डा बोक्नु, बर्दी लगाउनु, कमाण्डरको आदेश पालना गर्नु र देश भित्रको शत्रु नष्ट गर्नु आदि हो।

ङ) कार्यकर्ता : राजनीतिक दलको संरचना तयार गर्ने वर्ग समूह नै कार्यकर्ता हो। यसमा निर्वाचन, प्रचारप्रसार, धन सङ्कलन आदि कार्यक्रम पनि कार्यकर्तामा आधारित रहन्छ। चुनावी कला धन एकीकृत गर्न सक्ने क्षमता भएको र संगठनकर्ता पार्टीमा विशेष सम्मान हुन्छ। किसान वा मजदुरमा राम्रो काम गर्नेहरूलाई कम्युनिष्ट पार्टीको सदस्यताको लागि पठाइन्छ।

च) आम जनताको दल : वकिल मताधिकारले गर्दा कार्यकर्ता पार्टीबाट आम जनपार्टीको रूपमा बदलिएका हुन्। आम पार्टीले छनौटमा नभएर निर्वाचनको वैध तरिकालाई विश्वास गर्दछन्। यसले बढीभन्दा बढी सदस्यहरूलाई पार्टीमा भर्ना गराउने प्रयास गर्दछ। सदस्यता शुल्क तिर्ने तथा सामान्य सिद्धान्त मान्ने सबैलाई सदस्यता खुल्ला संख्या नै पार्टी गतिविधिको लागि शक्ति हो। यसैले पूँजीपतिको वित्तीय सहयोगलाई

प्रजातान्त्रिक वित्तिय सहयोगबाट हटाइएको छ। लेनीनले क्रान्तिकारी पार्टीमा पेशागत क्रान्तिकारीको आवश्यकता रहने उल्लेख गरेका छन्। कार्यकर्तामा आधारित दल र आम जनतामा आधारित दलमा केही भिन्नता देखिन्छ।

## २.४. राजनीतिक दलका कार्यहरू

देश र जनताको हितका लागि कार्य गर्ने उद्देश्यका साथ राजनीतिक दलहरूको स्थापना भएका हुन्छन् यी राजनीतिक दलहरूले गर्ने कार्यहरू विभिन्न विद्वानहरूले भिन्न-भिन्न दृष्टिकोण राखेका हुन्छन्। फरक-फरक विचार राख्ने विद्वानहरूमा एलेन वल एक्सटिन, लापालोम्बरा रबर्ट सी वोन आदि पर्दछन्। उपरोक्त विद्वानहरूको भनाइ वा विचारलाई अध्ययन गर्दा राजनीतिक दलले निम्नलिखित कार्यहरू गर्दछन्।

क) राज्य व्यवस्था सुसञ्चालनका लागि व्यापक जनसमर्थनको खाँचो नहुने गरी राजनीतिक नेताहरूको भर्ती राजनीतिक दलहरूले गर्दछ। राजनीतिक नेताले व्यापक जनसमर्थन लिने प्रयास गरी सफल हुनुपर्दछ। तबमात्र पार्टी जनता र राष्ट्र मात्र नभई स्वयम्लाई पनि फाइदा हुन्छ। कुनै पनि दललाई योग्य नेता छान्न सजिलो छैन र पनि चुनावी प्रतिस्पर्धामा लगेर वा सांगठनिक निर्माणमा खटाएर वा अन्य पाटी र समुदायका गतिविधिमा खटाएर राजनीतिक नेताको भर्ती गर्ने काम राजनीतिक दलले गर्दछ।

ख) जनता र सरकार बिचको सम्पर्क सूत्र भइदिन राजनीतिक दलको अर्को महत्वपूर्ण कार्य हो। राजनीतिक दलले जनतालाई जानकारी दिने प्रशिक्षित गर्ने सक्रिय बनाउने सरकारमा भएका नयाँ जानकारी सम्प्रेषण गर्ने आफ्नो नीति अनुरूपको शासन व्यवस्था सञ्चालन गर्ने कार्यमा जनतालाई जागरुक गर्ने गराउने सरकारको सकारात्मक कुराको तारिफ र नकारात्मक कुराको विरोध गर्न लगाउनु आदि कार्यहरू राजनीतिक दलले गर्दछन्।

ग) दलीय व्यवस्थामा दलले नै सरकार बनाउँदछ र दलले नै त्यस्को विरोध खबरदारी तथा नियन्त्रणको कार्यक्रम अगाडि बढाउँदछ। कुनै पनि राजनीतिक दलको लक्ष्य कार्यान्वयन सत्ता कब्जा गरेपछि मात्र सम्भव भएकोले सदैव सत्ताको प्राप्ति र नियन्त्रणका लागि तत्पर रहन्छ। त्यसैले राजनीतिक दलले सत्तामा रहँदा सत्ता टिकाइरहने र सत्ता बाहिर हुँदा प्रतिपक्षमा रही जनसमर्थन जुटाई सत्तामा जाने प्रयत्न गर्दछन्।

घ) राजनीतिक दलको अर्को महत्वपूर्ण काम एक राजनीतिक प्रक्रियालाई जोड्ने सरल गर्ने र स्थिर पार्ने पनि हो। दलले क्षेत्रीय हितलाई नजिकै ल्याउँदछ भूगोलको दुरी कायम हुँदैन। छरिएर रहेका जनताका विभिन्न हितहरूलाई एकीकृत गर्ने काम गर्दछ। एक आपसमा भाइचारा सम्बन्धको स्थापना गर्दछ।

ङ) राजनीतिक दलले सामाजिक मुद्दाहरूको पक्षमा निर्णय गर्दछ। जस्तोजुकै भएपनि राजनीतिक दलको आफ्नो नीति तथा कार्यक्रम वा विचार धारा हुन्छ। सो विचार धारामा कार्यकर्ता समर्पित गर्ने गराउने कार्य राजनीतिक दलले गर्दछ। र त्यति मात्र होइन आफ्नो दल अरू भन्दा के कति ठीक बेठीक आदि कुराको लेखाजोखा गर्ने गराउने कार्यमा राजनीतिक दलले सहज पारिदिन्छ।

च) समाजमा व्यापक जातीय धार्मिक प्रजातान्त्रिक तथा सम्प्रदायिक तनावले राष्ट्रिय एकतामा ठूलो बाधा पुऱ्याइरहेको बेला राजनीतिक दले आधुनिकीकरणको पूरक बनेर महत्वपूर्ण भूमिका खेली कार्यकर्ता वा जनताको व्यापक समर्थन जुटाउने प्रयास गर्दछ। सरकारले सामाजिक र आर्थिक योजनाको माध्यमबाट समाजको पुनर्संरचना र पुन निर्माणमा जे जति कदम चालेको हुन्छ। त्यसैमा सफलता पाउनका लागि जनसमर्थन जुटाएर ठूलो गुन लगाउँदछ।

छ) राजनीतिक दलले अराजनीतिक कामहरू जस्तै दैवि प्रकोप पीडितलाई राज्यबाट राहत प्रदान गर्ने गरिबी निवारण सम्बन्धी कामहरू गर्ने भोकमरी समस्याको समाधानका लागि विभिन्न कामहरू गर्ने गराउने कार्य गर्दछ।

ज) जनताद्वारा सत्तालाई वैद्य गराउने निर्वाचन प्रक्रियालाई प्रयोग गर्ने वैचारिक सौदावाजी गर्ने आदि कार्यहरू गर्दछ।

उपरोक्त कार्यहरू बाहेक देश र नागरिकको पक्षमा हुने गरी सांस्कृतिक, आर्थिक, वैज्ञानिक, शैक्षिक तथा अन्य कार्यहरू गर्ने गराउने काम राजनीतिक दलले गर्दछ।

# परिच्छेद : तीन

# नेपालमा राजनीतिक दलहरू

## ३.१ नेपालमा राजनीतिक दलहरूको इतिहास

संसारमा रहेका सम्पूर्ण वस्तु, पदार्थ प्राणी र चिजहरूको सामूहिक दुई वर्गीकरणको आधारमा मानव जाति सर्वोत्कृष्ट भनी निर्दिष्ट गरिएको छ। यद्यपि यस पृथ्वीमा हरेक प्रकृतिका प्राणीहरू आ-आफ्नो जीवनयापन पद्धतिमा व्यस्त छन्। हुन त मानव जाति पनि जङ्गली वातावरणमा हरेक आरोह-अवरोह पार गर्दै आजको वैज्ञानिक युगमा प्रवेश गरेको हो तैपनि उसका इच्छा र आकांक्षा पूरा अझै पनि भएका छैनन्। किनभने एउटै हत्केलाका सबै औंलाहरू बराबर नभएझैं हरेक व्यक्ति, समाज, राष्ट्र बराबर छैनन्। मानव जाति र समुदाय पनि पृथक-पृथक छन्। एउटै पृथ्वीमा हाम्रो नेपालको स्थिति हेर्दा कुनै जाति त अझै पनि जङ्गलमै बसोबास गर्दछन् भन्दा पत्यार नहुने समुदाय विद्यमान छ। कारण के त भन्दा कुनै पनि राष्ट्रका जनताको आधारभूत आवश्यकता मौलिक अधिकार शासन व्यवस्थाको प्रणाली आदिको निर्धारण शान्ति सुरक्षा तथा चेतनाको विकास केवल एक व्यक्ति वा सानो झुण्डले गर्न सक्दैन। त्यसका लागि निश्चित विचार तथा दृष्टिकोणमा सहमत हुन सक्ने समूहको आवश्यकता हुन्छ जसलाई राजनीतिक दल भन्न पनि सकिन्छ। वैचारिक दृष्टिले एक भएको जनसमूह राजनीति दल 'विचारको हेराइमा सहमत हुन सक्ने एकत्रित पार्टी जो राजनीतिक दल हो' (पोखेल, २०६२:११३)।

गोपाल र महिषपाल भन्ने पेशावाल व्यक्ति र समूहहरूको विकसित रूप नै आजको गणतन्त्ररूपी राज्य व्यवस्था हो भन्न सकिन्छ। प्राचीन युगमा पेशावाल समूहको नेतृत्वमा समाजको नेतृत्व गरेको भएपनि आधुनिक युगमा शाहवंशीय नेतृत्वद्वारा गरिएको शासन पद्धति केवल सोही वंशका लागि मात्र केही समय भयो। त्यसैले आपसी कलह र द्वन्द्व हुँदै जाँदा १९०३ देखि २००४ सम्म राणहरूको बिगबिगी चल्यो। नेपाल यतिको लामो समयसम्म सामान्तवादी उत्पीडनमा रह्यो अशिक्षा, कुसंस्कारले ग्रसित भएको हाम्रो नेपाली समाजमा जागरण आउन सकेन। विश्व जनसम्पर्कबाट कटाएर घरपालुवा जनावरजस्तै बनाएर राणहरूले देश र जनतालाई अन्धकारमा राखे। भारतीय औपनिवेशको सेवा र राणाहरूको हुकुमको पालना गर्नु सोझा नेपालीको कर्तव्य रह्यो। नेपालमा औद्योगिक

क्रान्ति भएकै थिएन त्यसैले मजदुरहरूको जन्म हुने कुरै भएन संगठित शैन्य शक्तिमा उच्च पद राणाहरूकै भएकोले स्वच्छ व्यवस्थापन थिएन। छिमेकी मुलुकहरूमा पनि मुलुक स्वतन्त्रताका लागि आन्दोलन अन्तिम चरणमा पुगिरहेको अवस्थाले नेपाली क्रान्तिकारी राजनीतिक संगठनको महसुस भयो। देशभित्रबाट शिक्षा हासिल गर्न भारततर्फ गएका विद्यार्थीहरूले आफ्नो राष्ट्र, समाज र परिवार माथि भएको अन्याय, अत्याचारका विरुद्ध पेचिलो ढंगबाट उत्रने प्रण गरेकोले वि.सं. २००३ कार्तिक १५ गतेका दिन भारतको कलकत्तामा अखिल नेपाल राष्ट्रिय काँग्रेसको स्थापना भएको थियो। यही स्थापनाको कार्यक्रम नै परिवर्तनका पक्षधरहरूको साझा संगठन वा क्रान्तिकारी विचार धारा राख्नेहरूको साझा राजनीतिक संगठन थियो (पाण्डे, २०६७: १७)। सो संगठनको आन्तरिक कार्यहरू अगाडि बढाउने क्रममा आन्तरिक वैचारिक समस्या देखापर्‍यो र २००६ सालमा भारतको कलकत्तामा एउटै परिवारको सदस्यहरू (भनिन्छ) बाट नेपाल कम्युनिष्ट पार्टीको जन्म भयो। त्यसपछि जति संगठन थपिदै गएपनि राज्यको मुख्य समस्या राणाहरूको विरुद्धमा जानु नै थियो त्यसकारण २००७ सालको क्रान्तिका लागि दरबारभित्र जनताहरूबाट साथै विभिन्न संघसंगठनहरू एकजुट भै क्रान्ति सफल भएपनि शाहवंशको आफ्नो पञ्जाबाट शासन पद्धति जनताको छोराछोरीसम्म आउन सकेन। २०१७ सालमा कुठाराघाट भयो। यस कुठाराघातले राजनीतिक दलहरूलाई झन् परिस्कृत हुन सहयोग गर्‍यो। यद्यपि काँग्रेस र कम्युनिष्ट भित्र वैचारिक द्वन्द्व तिखो रूपमा गाडिदै गएको पाइन्छ। पुरानो सत्तालाई परिवर्तनका लागि पुन ०३६ सालमा आन्दोलनको प्रयास गरियो तर सो पनि जनताको कोल्टोमा पर्न सकेन। नेपाली काँग्रेसभन्दा नेपाली कम्युनिष्ट पार्टीमा विभिन्न घटकहरू बढ्ने कार्य बढिरहेको पाइन्छ। त्यसैगरी आन्तरिक खिचलो बाहिर नदेखाई राजनीतिक दलहरू एक भै २०४६ सालमा खुल्ला रूपमा दलीय कार्यक्रम अगाडि बढाउने परिवेश मिल्यो राजतन्त्रात्मक संविधान बन्यो तर कुनै समूहले त्यसलाई पनि पूर्ण नभएको प्रमाणहरू फेला परिरहेका थिए। फेरि माओवादी पार्टी नामक कम्युनिष्ट पार्टीले १० वर्षे जनयुद्ध चलाएर २०६२/६३ मा सम्पूर्ण पार्टीहरूको सहयोगमा दोस्रो जनआन्दोलन सम्पन्न भै राजतन्त्र समाप्त गरी संघीय गणतन्त्रको स्थापना भैरहेको नेपालको वर्तमान अवस्था राजनीतिक दलहरूको देनका रूपमा लिन सकिन्छ।

दुःखको कुरा संख्यात्मक हिसाबले राजनीतिक दलहरूको वृद्धि र विकास भएपनि पहिलो संविधान सभाको अवसान भई दोस्रो संविधान सभा पनि निराशाजनक स्थितिमा

मुलुक नरहीदिए नेपाली जनताको मुहारमा राजनीतिक दलहरूप्रति सकारात्मक दृष्टिकोण रहने थियो । यसरी विभिन्न राष्ट्रिय घटनाक्रमहरूमा सहभागिता तथा समर्थन साथै फरक मत राख्ने मुख्य पार्टीहरूमा नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा एमाओवादी, नेकपा माओवादी, मधेशी दलहरू, राप्रपा, संघीय समाजवादी पार्टी लगायत अन्य पार्टीहरूको उपस्थिति नेपाली राजनीतिक इतिहासमा पाइन्छ ।

### ३.१.१. नेपाली काँग्रेस

आफ्नो निजी र पारिवारिक स्वार्थ मात्र सिद्ध गर्ने उद्देश्य बोकी नेपालमा परापूर्वकालको राणाशासनले उनीहरूलाई समाप्त मात्र पारेन, आम जनतालाई पनि निकै सास्ती पुऱ्याएको थियो । जनताका आधारभूत आवश्यकता माथि हस्तक्षेप मात्र हैन भोको जिउज्यानको समेत सुरक्षा नभएको परिस्थितिमा नेपाली जनताहरूलाई सो बर्बर यातनाबाट मुक्त गराउने उद्देश्यले भारतमा गई अध्ययन गर्ने गरेका युवाहरूले २००३ कार्तिक १५ गते अखिल भारतीय राष्ट्रिय काँग्रेसको स्थापना गरे । सोही कमिटीको आयोजनामा २००३ माघ १२ र १३ गते कलकत्ताको भवानीपुरस्थित विद्यासागर हाइस्कूलमा नेपाल र भारतमा रहेका परिवर्तनको पक्षधर नेपालीहरू बिच भेला गराई नेपाली राष्ट्रिय काँग्रेसको (अखिल भारतीय राष्ट्रिय काँग्रेस हटाई) स्थापना भयो । जस्को सभापति र कार्यवाहक सभापतिमा क्रमशः टंकप्रसाद आचार्य र वी.पी. कोइरालालाई चयन गरियो । प्रधानमन्त्री पद्म शमशेरका पालामा काशीका केही नवयुवक नेपालीहरूले राजाको नियन्त्रणमा जनप्रतिनिधिमूलक सरकारको स्थापना गर्ने उद्देश्य राखी भारतीय काँग्रेसको अनुकरण गर्दै वि.सं. २००३ कार्तिक १५ मा अखिल भारतीय नेपाली काँग्रेसको गठन गरे उक्त काँग्रेसले सभापति र उपसभापति पदमा क्रमशः देविप्रसाद सापकोटा र बालचन्द्र शर्मालाई छानी आफ्नो उद्देश्यलाई कार्यरूपमा परिवर्तन गर्न र आवश्यक भावी कार्यक्रम तयार गर्न २००३ पौषमा कलकत्ताको भवानीपुरमा एक बैठक डाक्यो (आचार्य, २०५१: ३०१) ।

देश भित्र र बाहिरका सबै क्रान्तिकारीहरू मिली भारतको कलकत्तामा वि.सं. २००३ माघ १२ गते तदनुसार २५ जनवरी १९४७ मा अखिल नेपाल राष्ट्रिय काँग्रेसको स्थापना भयो । यही नै कार्यक्रमसहितको पहिलो सबै विचारधारा राख्नेहरूको राजनीतिक संगठन थियो

(पाण्डे, २०६७:१७) । त्यस भेलाको मुख्य उद्देश्य “नेपालमा महाराजधिराजको वैधानिक अधिनायकत्वमा शान्तिपूर्ण उपायद्वारा जनताप्रति उत्तरदायी शासन स्थापना गर्ने” तय

गरियो। फेरि डिल्लीरमण रेग्मीलाई २००४ माघ २०-२२ को दोस्रो महाधिवेशनले वाराणशीमा अध्यक्ष चयन गरियो। जब वी.पी. जेलबाट मुक्त भई बाहिर आएपछि यी दुई नेता बिच मनोमालिन्य बढ्न गई दुई गुट कोइराला र रेग्मी गुट हुन पुग्यो। २००५ पौष १७ गते फेरि महावीर शम्शेरको अध्यक्षतामा नेपाल प्रजातन्त्र काँग्रेसको स्थापना भयो १२ सदस्यीय कार्यसमिति गठन भयो। जसको नेतृत्व महेन्द्र विक्रम शाहले गरेका थिए। २००६ चैत्र २६ सम्म यी तिनै समूह एउटै झण्डा बोकेर संगठन विस्तार गरिरहेको अवस्थामा विश्वेश्वरप्रसाद कोइरालाले २००६ चैत्र २७ गते कलकत्ताको टाइगर सिनेमा हलमा अलग अलग समूहलाई एकै सूत्रमा बाँधी नेपाली काँग्रेसको जन्म गराइयो जुन चौथो महाधिवेशनको कुरा हो। जस्मा मातृकाप्रसाद कोइरालालाई सभापतिमा चयन गरिएको थियो फेरि २००९ को पाँचौ अधिवेशनबाट वी.पी. कोइराला सभापतिमा चयन भए। २०१२ माघ ९-१२ मा वीरगञ्जमा नेपाली काँग्रेसको छैटौं महाधिवेशन भई सुवर्ण शम्शेरलाई अध्यक्ष बनाइयो। फेरि सुवर्ण शम्शेरकै आयोजनामा बुटवलमा विशेष महाधिवेशन बोलाई विश्वेश्वरप्रसाद कोइरालालाई सभापति बनाइएको थियो (अधिकारी, २०५९:८९)।

नेपाली काँग्रेसको सातौं महाधिवेशन २०१७ वैशाख २५ देखि ३० सम्म काठमाडौंको लक्ष्मी निवास महाराजगंजमा भई जननिर्वाचित प्रधानमन्त्री तथा पार्टी सभापतिमा वीपीलाई चयन गरियो। नेपालमा जननिर्वाचित सरकारबाट विविध कार्यक्रमहरू अगाडि बढाइए तर देशमा यथास्थितिवादीहरूले यूगौंदेखिको गहिरो जरा गाडी आएको प्रतिगामी तत्वहरूको निहित स्वार्थमा एक जुट भई २०१७ पौष १ गतेको काण्डको सुनियोजित जालो बुनिदै गयो (राना २०५०:११२)।

विक्रम सम्वत् २०४२ फागुन १-३ मा झापाको कल्वल गुडीमा नेपाली काँग्रेसको आठौ महाधिवेशन सम्पन्न भई कृष्णप्रसाद भट्टराईलाई सभापति चयन गरियो भनेर ०५३ वैशाख २६-३० मा काठमाडौंको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा नेपाली काँग्रेसको नवौं महाधिवेशन सम्पन्न भई गिरिजाप्रसाद कोइराला सभापतिमा चयन भए। २०५७ को पोखरा महाधिवेशनमा पनि पुन गिरिजाप्रसाद कोइराला चयन भएका थिए। दसौं महाधिवेशनका चार महिनासम्म पनि केन्द्रीय समितिले पूर्णता पाउन नसकेपछि पार्टीका दैनिक काम कारबाहीमा असर देखिएको थियो। एघारौं महाधिवेशन पछि पनि पुन पार्टी सभापति पाएका गिरिजाकै नेतृत्वमा सात राजीतिक दल र माओवादी बिच वार्ताको वातावरण तय गर्ने कृष्ण सिटौलाको उल्लेखनीय भूमिका रहेपनि २०६२/०६३ को आन्दोलन सफल पार्न सात

राजनीतिक दल र माओवादी दुवैको महत्वपूर्ण भूमिका रह्यो ।

वि.सं. २०६६ असोज २-५ काठमाडौंमा नेपाली काँग्रेसको बाह्रौ महाधिवेशनले सुशिल कोइरालालाई सभापति बनाई नेपाली काँग्रेसको आधारभूत लक्ष्य देशमा संविधान जारी गर्ने उद्देश्यका साथ दोस्रो संविधान सभाको चुनाव २०७० मङ्सिर ४ मा विजयी भई हाल प्रधानमन्त्रीको पदमा कार्यरत हुनुहुन्छ । संविधान निर्माण गर्ने वा घोषणा गर्ने पहिलो म्याद कटिसके पनि छिटै देशले निकास पाउनेछ भन्ने आशामा नेपाली जनता रहेको पाइन्छ ।

जेहोस् राष्ट्रियता, प्रजातन्त्र र समाजवादको आदर्श एवम् सिद्धान्त अनुरूप बहुदलीय लोकतन्त्र तथा संसदीय प्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण र गतिशील समाजको निर्माण गरी सामाजिक, राजनीतिक तथा आर्थिक विकास गर्नु हो (ने.का.मा. विधान-२०५७)

जब २००६ चैत्र २७ गते नेपाली काँग्रेसको स्थापना पश्चात् कास्कीमा पनि यसको प्रभाव रहेको थियो सोही क्रमको निरन्तारमा हाल कास्की जिल्लाको नेपाली काँग्रेस जिल्ला समिति अन्तर्गतको पार्टी सभापति वर्तमान समासद् यज्ञबहादुर थापाले रहेका छन् भने यसै जिल्ला अन्तर्गतका गा.वि.स. हरूमध्ये भदौरे तामागी गा.वि.स.मा वर्तमान गाउँ पार्टी सभापति रामकाजी गुरुङ, उपसभापतिमा पदमबहादुर गुरुङ चयन भएका छन् भने सचिवमा शिवप्रसाद पराजुली छन्  र आफ्नो र आफ्नो पार्टीको तर्फबाट गा.वि.स.को विकासमा इँट्टा थप्ने कार्यमा अग्रसर भएको स्थिति छ । कास्की जिल्लाको सन्दर्भमा नेपाली काँग्रेसको स्थान बलियो र प्रभावशाली बनाउन भदौरेतामागी गा.वि.स.ले पनि विशेष भुमिका खेलेको छ ।

### ३.१.२. नेपाल कम्युनिष्ट पार्टी

समय गतिशील छ। परिवर्तन प्राकृतिक देन हो। प्राकृतिक परिवर्तन क्रमागत रूपमा हुन्छ भने कृत्रिम परिवर्तन समयको टुंगो हुँदैन । कृत्रिम परिवर्तन आजको भोलि पनि हुन सक्दछ। केही समय लाग्न पनि सक्दछ। त्यही परिवर्तनलाई विकासको संज्ञा दिइन्छ। विकासवादी सिद्धान्त अनुसार मानव सभ्यताको साथसाथै राज्यको क्रम सुरु भएको हुँदा मानव र मानव सभ्यतालाई जिवित तथा सुरक्षित राख्न मानिसले प्राचीनकालदेखि केही प्रतिबन्ध लगाउने प्रयत्नहरू जारी भए। आधुनिक समाजमा देखापरेको स्वतन्त्रता र समानताको सिद्धान्त समाजमा प्रत्येक निर्धा, बलिया, धनी, गरिब सबैलाई स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार छ। सोही अधिकारमाथि निश्चित समूहले हस्ताक्षेप गर्ने क्रम बढेपछि विश्वमा ठूलाठूला युद्धहरू भए प्रथम तथा दोस्रो विश्वयुद्धको कडी पनि मानव स्वतन्त्रता

माथिको हस्तक्षेपको परिणाम हो पनि भन्न सकिन्छ । सोही कुराको नीतिगत समाधानका लागि विभिन्न विचार समूहको प्रादुर्भाव भएको कुरा हामी इतिहासबाट पाउँदछौं । त्यही विचार समूहहरूमध्ये कम्युनिष्ट पार्टी पनि एक विचार समूह हो । विश्वमा शक्तिशाली राष्ट्रहरूले आफ्नो हैकम जमाउने क्रम बढेको बेला हाम्रो नेपाल पनि अछुतो रहेन । दोस्रो विश्वयुद्ध पश्चात् एसियाका भारत, जापान, कोरिया, मंगोलिया, चिन, भियतनाम, फिलिपिन्स, मलेसिया, सिलोन, कम्बोडिया आदि देशहरूमा कम्युनिष्ट पार्टीहरू स्थापना भैसकेका थिए । तर नेपालमा त्यो क्रमले पर्खिरहेको थियो । भारतमा तेलाङ्गाना आन्दोलन चलिरहेको थियो चिनमा युद्धले विजय प्राप्त गर्नै लागेको थियो (पाण्डे, २०६७ : १९) ।

नेपालको जाहानीया राणाशासनका विरुद्धमा विरोधको कार्यक्रम अगाडि बढाउन भारतको तेलंगाना आन्दोलनले सहयोग गरेको थियो । चिनमा ई. १९२१ मा कम्युनिष्ट पार्टीको स्थापना भैसकेको थियो भने भारतमा १९२० मा भारतीय कम्युनिष्ट पार्टीको स्थापना भैसकेको थियो (पाण्डे, २०६७ : १५) ।

नेपालका दुवै ठुला छिमेकी राष्ट्रहरूमा कम्युनिष्ट पार्टीहरूको स्थापना भैसकेको सन्दर्भ र नेपालमा जाहानीया राणा शासनको विगविगी भएकोले नेपाली कम्युनिष्ट आन्दोलनका अगुवा तथा पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठ २००३ कार्तिक १५ गते पार्टी स्थापना भएको अखिल भारतीय राष्ट्रिय नेपाली काँग्रेसमा आबद्ध थिए । युवा राजनीतिज्ञ रविन्द्र अधिकारीका अनुसार यस पार्टीलाई अखिल भारतीय राष्ट्रिय काँग्रेस भनेर नामाकण गरिएको छ भने राजनीतिज्ञ दीर्घ पाण्डेका अनुसार र नेपाली राष्ट्रिय काँग्रेस भनी नामाकरण गरिएको छ । जेहोस् त्यो समूह, हालको नेपाली काँग्रेस नै हो । त्यस समयमा हाम्रो देश नेपाल भित्र र बाहिरका सबै क्रान्तिकारीहरूको तथा परिवर्तन पक्षधरहरूको साझा संगठन नेपाली राष्ट्रिय काँग्रेस नै थियो । त्यो पछि गएर रेग्मी र कोइराला गुटमा विभाजन भयो । पुष्पलाल रेग्मी गुटमा थिए र कार्यालय सचिव चलाइरहेका थिए । यी दुवै गुटले पूँजीपति वर्गको साठगाठ अपनाउन थाले । कोइराला गुटले सि वर्गका राणाहरूसँग मिल्ने र रेग्मी गुटले देशभित्रका र भारतीय पूँजीपतिहरूसँग मिल्ने स्थितिदेखि यिनीहरूको राजनीति मार्ग थाहा पाई यस पार्टीबाट आफूलाई अलग गरे । हरेक कम्युनिष्ट घटकहरू वर्गिय हिसाबबाट सर्वहारा वा गरिब वर्गहरूको उत्थानका लागि लड्ने समूह हो भन्ने गरिन्छ ।

त्यसरी रेग्मी गुटको काँग्रेस पनि छाडेपछि पुष्पलाल यसै भौतारिएको अनुभव भएको उनको आफ्नै लेखबाट प्रष्ट हुन्छ । त्यसै क्रममा भारतीय कम्युनिष्ट नेताहरूसँग भेट गरे

विभिन्न सल्लाह सुझाव लिए र "नागरिकको अधिकार लिई छाड्छौं" भन्ने जो युवाहरू हुन उनीहरू राणाबाट जेलमा थुनिएका थिए । बाँकी बाहिर रहेका क्रान्तिकारी युवाहरू समेतले पाटी गठन गर्न एक अपिल तयार पारे जसको नाम थियो "नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यक छ अतः क्रान्तिकारी नागरिक समिति बनाउ" (पाण्डे, २०६७:१९) । यस्तै खबर बाहिर आएपछि तत्कालीन नेपाली राष्ट्रिय काँग्रेस कम्युनिष्ट रूपी संगठनको विरोध र राणा तथा आन्तरिक र बाह्य पूँजीपतिहरूसँग थप सम्बन्ध बढाई पुष्पलाललाई जनताबाट नग्याउने प्रयास गरियो त्यस्को बाबजुत काठमाडौं उपत्यकाका भित्रका एउटै नेवा समुदायभित्रका व्यक्तिहरूको सहायतामा २००६ साल वैशाख १० गते (सन् १९४९ अप्रिल) कलकत्ताको श्याम बजार इलाकाको २८ नविन सरकारलेखमा एक बैठकराखी सो बैठकमा ४ जनाको उपस्थिति थियो । जुन पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, नारायण विलास सिंह र निरञ्जन गोविन्द वैद्य थिए । १ जना पछाडि थप्ने गरी ५ सदस्यीय कमिटी बन्यो । जसको महामन्त्री पुष्पलाल बने यो नै पहिलो कम्युनिष्ट कमिटी थियो । त्यसपछि नेपाली राष्ट्रिय काँग्रेसभित्रका वामपन्थी विचार धाराका व्यक्तिहरू तुल्सीलाल अमात्य, डी.पी. अधिकारी, मनमोहन अधिकारी, डीएन प्रधान, बालाकृष्ण शर्मा आदि पुष्पलालले गठन गरेको पार्टीभित्र प्रवेश गरे । त्यस समयमा पार्टीको घोषणापत्र थिएन । पार्टी केन्द्रले पार्टीको पाक्षिक मुखपत्र 'कम्युनिष्ट' भनी प्रकाशित गर्दथ्यो । पछाडि विस्तारै नेपाल कम्युनिष्ट पार्टीको १२ बुँदे घोषणापत्र पनि तयार गरियो ।

राणा शासनबाट मुक्त हुन र नेपालमा क्रान्ति गर्नका लागि उत्प्रेरित हुँदै राजनीतिक पार्टीहरू निर्माण गर्नेहरूमध्ये साम्यवादी विचार राख्ने नेपालीहरूको २०१६ साल वैशाख १० गते (२२ अप्रिल १९४९) मा पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको हो (बस्नेत, २०५३:८४) । एसियाका विभिन्न मुलुकमा कम्युनिष्ट पार्टी स्थापना भएपछि सबभन्दा पछिल्लो कम्युनिष्ट पार्टीका रूपमा वि.सं. २००६ साल वैशाख १२ (ई. १९४९ अप्रिल २४) मा क. पुष्पलालले कलकत्तामा नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको अपिल प्रकाशित गरे । वि.सं. २००६ भाद्र ३० (१५ सेप्टेम्बर १९४९) मा ने.क.पा. को केन्द्रीय संगठन कमिटी स्थापना गरियो र नेपाल कम्युनिष्ट पार्टीको स्थापनाको विधिवत औपचारिक घोषणा गर्नुका साथै पार्टीको घोषणा पत्र प्रकाशित गरियो । पार्टीको केन्द्रीय नेतृत्वमा पुष्पलाल, मनमोहन अधिकारी तुलसीलाल अमात्य शैलेन्द्र कुमार उपाध्याय, डी.पी. अधिकारी र भाइ साहेव भन्ने अयोध्या सिंह (भा.क.पा. प्रतिनिधि) सदस्यको रूपमा रहेका

थिए भन्ने पाइन्छ । त्यसैले ने.क.पा.को स्थापना मिति विवादास्पद नै देखिन्छ ।

नेपाल कम्युनिष्ट पार्टीको स्थापना २००६ वैशाख ८ गते भारतको कलकत्तामा स्वर्गीय पुष्पलाल श्रेष्ठ र उहाँका अन्य ४ जना सहयोगी मिलेर गरेका हुन् । फ्रेबुअरी १९५९ (फागुन ७ २०१५) मा भएको निर्वाचनका निम्ति ने.क.पा.को तर्फबाट जारी गरिएको घोषणा पत्रमा ने.क.पा.को जन्म २००६ आश्विन ३० (सेप्टेम्बर १५ १९४९) मा भएको हो भनिएको छ। सेप्टेम्बर १९५१ (असोज २००८) मा सम्पन्न ने.क.पा. प्रथम सम्मेलनमा महासचिवद्वारा प्रस्तुत प्रतिवेदनमा पनि पार्टीको स्थापना १५ सेप्टेम्बर १९४९ मा भएको कुरा उल्लेख छ (रावल, २०४७: १८) ।

यसरी पार्टीको स्थापना विवादास्पद रहे पनि आधिकारिक पार्टी स्थापना २००६ सालमा भएको ठोकुवा गर्न सकिन्छ। सी वर्गका राणाहरूसँग साँठगाँठ गरी तिनै राणाहरूको विरोध गर्ने नेपाली काँग्रेसको अभियानमा नेपाल कम्युनिष्ट पार्टीले सक्रिय भूमिका निर्वाह गऱ्यो। यसरी २०१० माघ १७ गते नेपाल कम्युनिष्ट पार्टीको प्रथम महाधिवेशन सम्पन्न भई मनमोहन अधिकारी महासचिवमा चयन गरियो त्यस्तै २०१४ जेष्ठ १५-२५ सम्म काठमाडौंको फोहोरा दरबारमा दोस्रो महाधिवेशन सम्पन्न भई केशरजंग रायमाझी महासचिवमा चयन भए भने २०१९ वैशाखमा तेस्रो महाधिवेशन हुँदा पार्टी अलग-अलग धारमा विभाजन भएको पाइन्छ ।

### ३.१.२.१. ने.क.पा. एमाले

नेपाल कम्युनिष्ट पार्टीको इतिहासलाई अध्ययन गर्दा विभिन्न मतमतान्तर देखिन आउँदछ यसको कारण स्वदेशमा संगठित हुने वातावरण नहुनु प्रतिवन्धित अवस्थामा पार्टीका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने र सूचना तथा सञ्चारको सही अभिलेखीकरण नहुन आदि पर्दछन् । जेहोस् विभिन्न चिरामा विभाजन भएको यो पार्टीको माले समूह जसलाई नेपाल कम्युनिष्ट पार्टी माले (झापा) गठन भई झापा आन्दोलन बढाएको पाइन्छ सो को महासचिवमा सि.पी. मैनाली चयन हुनुभएको थियो । जब २०३५ सालमा गण्डकी र दाङको सन्देश समूह संयुक्त भई २०३५-९-११ गते नेकपा माले गठन भई सि.पी. मैनाली महासचिवमा आएपछि फेरि कम्युनिष्टहरूमा एकीकरणको प्रक्रिया अगाडि बढेको देखिन्छ । त्यसपछि पुन आन्तरिक प्रतिस्पर्धाको जालो पार्टीभित्र फिजिन गई २०३९ सालमा विशेष अधिवेशनको आयोजना गरी झलनाथ खनाललाई महासचिवमा चयन गरियो त्यस्तै नेकपा मालेको चौथो सिराहा अधिवेशनले मदन भण्डारीलाई महासचिवमा चयन गर्दा २०४६ भदौ

९-१६ गतेको समय चलिरहेको थियो । जुन सिराहाको चौथो, २०३९ सालको तेस्रो, २०२५ सालको दोस्रो र २०३२ सालको प्रथम महाधिवेशन भनी उल्लेख गरिएको छ (पाण्डे, नेपाल कम्युनिष्ट पार्टीको संक्षिप्त इतिहास, २०६७:१२१) । विभिन्न विचार समूह तथा चिराचिरामा फसेको नेपालको कम्युनिष्ट पार्टी संस्थापक अध्यक्ष पुष्पलाल श्रेष्ठको पनि सबै चिरा वा विचार समूहलाई एक गर्ने उद्देश्यका साथ २०२५ सालको अधिवेशनमा मनमोहन अधिकारी समेतलाई लिई नेपाल कम्युनिष्ट पार्टी माक्सवादीको विधिवत गठन भयो । त्यसै समयपश्चात् मोहनविक्रमको समूहले भारतमा २०३१ सालमा नेकपा चौम (चौथो अधिवेशन गरेपछि) गठन गरेका थिए । सोही चौ.म. फुटेर २०४२ सालमै चौ.म. र मसाल बनेका थिए । चौ.म.को प्रमुख नेतृत्व निर्मल लामा र मसालका प्रमुख मोहन विक्रमले गरेका थिए फेरि मसाल पनि विभाजन भई मसालको नेतृत्व मोहन विक्रमले र मशाल को नेतृत्व मोहन वैद्यको गरेका थिए । यता २०३६ सालको जनमतसंग्रह पनि राजपरिवारकै कोल्टोमा परेकाले २०४६ सालमा ७ वटा कम्युनिष्ट घटकहरूको मोर्चा (जसलाई वाम मोर्चा भनिन्थ्यो) गठन भई सहाना प्रधानले नेतृत्व गरिन् । आन्तरिक जनआन्दोलनको तयारी भैरहेको थियो त्यस आन्दोलन संयुक्त रूपमा सम्पन्न गरेपछि पुनः २०४८ पौष २२ गते माले र मार्क्सवादी एकीकरण भई हालको एमाले गठन भई अध्यक्षमा मनमोहन अधिकारी र महासचिवमा मदन भण्डारी चयन भएका थिए । फेरि २०४९ माघ १४-२० मा पाँचौ महाधिवेशन भयो जहाँ पुरानै अनुहार दोहोरिए । २०५४ मा मनमोहन अधिकारी अध्यक्ष भई माधवकुमार नेपाल महासचिव भए भने नेकपा एमालेबाट वामदेव लगायतको समूह माले नामक गुटमा टुक्रिएर २०५७ देखि पुनः मातृ पार्टीमा प्रवेश गरे भने केही नेता तथा कार्यकर्ता नेकपा माओवादीमा पनि प्रवेश गरेका थिए । २०५९ सालमा माधवकुमार नेपाल महासचिवमा आए अध्यक्षको पद सातौं महाधिवेशन हटाइएको थियो त्यसपछि आठौं कार्यकाल झलनाथ खनालले पूरा गरी हाल नवौंमा केपी शर्मा ओलीले सम्हालेको स्थिति छ ।

त्यस्तै गरी कास्की जिल्लाको सन्दर्भमा भूमिगत र अनौपचारिक हिसाबले २०३६ भन्दा अगाडिबाटै पार्टीका कार्यक्रमहरू अगाडि बढाइएका थिए पार्टीका नेता तथा कार्यकर्ताहरूको वास्तविक नाम समेत हुँदैनथ्यो भने गाउँ विकास समितिमा पनि सोही प्रक्रिया अपनाइएको पाइन्छ । २०४७ साल भाद्र ८ र ९ मा औपचारिक अवस्थामा कास्की जिल्लाको प्रथम जिल्ला अधिवेशन सम्पन्न भएको थियो । सोही क्रमको निरन्तरता दिँदै हाल नेकपा एमाले जिल्ला कमिटीको अध्यक्षमा कृष्ण थापा निर्वाचित भएका छन् ।

यसैगरी प्रतिबन्धित अवस्थामा जसरी केन्द्रमा गरिने कामहरू विदेशमा गई गर्ने, दिनमा नभई रातमा गर्ने तथा भूमिगत हिसाब आफ्ना संगठन तथा पार्टीका कार्यहरू अगाडि बढाइन्थ्यो त्यसैगरी जिल्ला हुँदै नगर तथा गा.वि.स.मा पनि स्थानीय नेता तथा कार्यकर्ताले पार्टीलाई अगाडि बढाएको कुरा एमाले गाउँ कमिटी भदौरेको इतिहासबाट प्राप्त भएको छ। गाउँमा पार्टी कमिर्टी गठन गर्दा रातमा मात्र काम गर्नुपर्दथ्यो। पार्टी पूण प्रतिबन्धित अवस्थामा थियो। रातको चिसोले काँसो लाग्यो भने मुखमा रुमाल राखी आवाज ननिकालीकन काँस्न पर्ने अवस्था थियो। त्यही आवाज प्रतिपक्षले सुनेमा आवाज चिनेर पुलिसकहाँ सुराकी गरी पक्राउ परिन्थ्यो। केही समयपछि तत्कालीन राजा वीरेन्द्र शाहबाट दलमाथिको प्रतिबन्ध हटाएपछि देशव्यापी रूपमा औपचारिक कार्यक्रमहरू गर्ने संघसंगठन बनाउने कार्य अगाडि बढ्यो फलस्वरूप कास्की जिल्लाको भदौरे तामागी गा.वि.स.मा नेकपा एमाले तत्कालीन गाउँ सक्रिय दलको प्रथम सचिव भुवानीप्रसाद अधिकारी हुँदै हाल चेतबहादुर क्षत्री गाउँ पार्टी अध्यक्ष र कृष्णप्रसाद दाहाल, सचिवमा रहेर कार्य अगाडि बढाइरहेको अवस्था छ। प्रथम गाउँ अधिवेशनको क्रममा सचिव प्रमुख रहने व्यवस्था थियो भने हालका दिनहरूमा अध्यक्ष र सचिव रहने व्यवस्था रहिआएको पाइन्छ। संविधान सभाको पहिलो चुनावमा पराजित भएको नेकपा एमाले दोस्रो चुनाव २०७० मङ्सिर ४ मा निर्वाचित हुन पुग्यो र संविधान सभामा यस निर्वाचन क्षेत्र नं ४ बाट आफ्नो महिला सभासद सिता गिरी ओली पठाउन सफल भयो।

### ३.१.२.२. एनेकपा माओवादी

नेपालमा रहेका विभिन्न राजनीतिक दलहरूमध्ये कम्युनिष्ट पार्टीभित्र धेरै हाँगा वा टुक्राहरू देख्न सकिन्छ। तिनीहरूमध्ये पनि बढी सक्रिय र निष्क्रियको संज्ञा दिँदा एकीकृत नेकपा माओवादी सक्रिय तथा क्रियाशील टुक्राभित्र गनिन्छ। एनेकपा माओवादी कम्युनिष्ट पार्टीभित्रको प्रमुख घटक पनि मानिन्छ। यस पार्टीभित्र ठूलो अन्तर संघर्ष तथा एकीकरण विभाजन तथा पुर्नगठन भएको पाइन्छ। पहिलो र दोस्रो महाधिवेशन एकमतले सफल बनाएको नेपाल कम्युनिष्ट पार्टी तेस्रो अधिवेशनबाट विभिन्न चिरामा टुक्रिएको थियो। मोहेन विक्रमको नेतृत्वमा चौथो महाधिवेशन गरी २०३१ सालमा बनेको चौमधार हालको एमाओवादीको मुख्य स्रोत हो। २०४० सालमा सोही चौमधार पनि दुई भागमा विभाजन भई मोहन विक्रमले नेकपा मसाल र निर्मल लामाले नेकपा चौम नै सम्हालेको पाइन्छ। त्यस्तै मसाल पनि विभाजन भई मशाल र मशाल (ठुलो श र सानो स) बन्यो मशालको

नेतृत्व मोहन वैद्यले गरे भने मसालको नेतृत्व गरेको नेकपा मशालमा वर्तमान पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड रहेका थिए। तत्कालीन अवस्थाको कार्यक्रममा २०४२ सालमा राष्ट्रिय पंचायतको चुनावमा चुनाव भाँड्ने उद्देश्यका साथ मशालको आयोजना (महासचिव मोहन वैद्य किरण) मा केही प्रहरी चौकी आक्रमण गरिए त्यसलाई सेक्टर काण्ड पनि भनिन्छ। तर क्षति पार्टीको बढी भयो र नैतिकताका साथ आफू (मोहन वैद्य) राजिनामा दिई पुष्पकमल दाहाल प्रचण्डलाई मशालको महासचिव बनाए। यस कार्यले आफूले पद नपाएपछि वा पदबाट हट्न परेपछि पार्टी टुक्र्याउने तथा फुटाउने स्थिति बन्द भएको शिक्षाले शुरुवात भएको थियो भनिन्छ। तर हालका दिनहरूका घटना क्रमले फेरि त्यो देखाउँदैन आशा गरौं निकट भविष्यमा एक हुँदा कुभलो हुँदैन।

२०४८ सालमा मशाल र चौम (सर्वहारावादी श्रमिक संगठन) एकीकरण भई एकता केन्द्रको गठन भयो र महामन्त्रीमा प्रचण्ड आए। त्यसपछि नेकपा जनमुखी डा. बाबुराम भट्टराईको विद्रोही मसाल पनि एकता केन्द्रमै समावेश भए र पार्टीले एकताको महाधिवेशन गऱ्यो। प्रचण्डलाई नै एकताकेन्द्रको प्रमुख बनाइयो। २०४८ सालको संसदीय निर्वाचनमा संयुक्त जनमोर्चा नेपालले भाग लिएपछि ९ सिटमा विजय प्राप्त गऱ्यो त्यसपछि एकता केन्द्रमा विवाद सुरु भयो। उक्त विवादमा निर्मल लामा र प्रचण्डको छुट्टाछुट्टै समूहको नेतृत्व गरेका थिए। २०५१ सालमा एकता केन्द्र मशाल प्रथम राष्ट्रिय सम्मेलन गरी प्रचण्ड समूहको पार्टीको नाम नेकपा माओवादी राखे। जस्को मार्गदर्शन सिद्धान्तमा मार्क्स, लेनिन र माओवाद भन्ने निर्णय सर्वसम्मत पारित गरियो। त्यसपछि २०५२ कार्तिकमा केन्द्रीय समितिको बैठक गोर्खाको धुँवाकोटमा सम्पन्न भयो। सम्भवत यो बैठक नेकपा माओवादी र नेपालकै इतिहासमा महत्वपूर्ण बैठक थियो भनिएको छ। किनभने तत्कालीन सरकारलाई ४० बुँदे माग आफ्नो मोर्चामार्फत् पेश गरिएको थियो। उक्त माग पूरा नभए सशस्त्र जनआन्दोलन गर्ने चेतावनी दिइएको थियो। यति हुँदाहुँदै पनि शेरबहादुर देउवा नेतृत्वको सरकारले खेलासी सम्झी बेवास्ता गरियो सो ज्ञापन पत्र पढ्ने कामसम्म पनि गरिएन भनिएको छ। त्यसपछि २०५२ फागुन १ गते (ज्ञापनपत्र बुझाएको ठिक १० दिनपछि) नेपालमा घोषित रूपमा दीर्घकालीन जनयुद्ध सुरु भयो। नेकपा माओवादीले आफ्नो उद्देश्य पूरा गर्ने क्रममा विभिन्न कार्यक्रम अगाडि बढायो। २०५७ साल माघ २६ गते भारतको पंजावमा यस पार्टीको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भई क प्रचण्डलाई अध्यक्षतामा चयन गरी कार्यसमिति गठन गरेको थियो (दीक्षित, २०६३:१०३) नेकपा माओवादीको पहिलो

सम्मेलन स्वदेशमै (चितवन) भएपनि दोस्रो सम्मेलन स्वदेशमै हुन सकेन। पार्टी पूर्णरूपमा प्रतिवन्धित थियो। सरकारको पूर्ण घेराबन्दीको बाबजुद पनि नेता तथा सक्रिय कार्यकर्ता नेपालबाट पंजाव पुगेको पाइन्छ। त्यसैगरी २०६९ माघ २०-२६ सम्म हेटौंडामा सातौं महाधिवेशन सम्पन्न भई प्रचण्ड अध्यक्ष बने बिचमा नारायणकाजी समूहसँग समायोजन गर्ने क्रममा माओविचार भनी उल्लेख भएको पदावली पुन माओवादमा परिणत भएको थियो। त्यसपछि २०७० साल वैशाखमा पुन प्रथम सम्मेलन भएको पाइन्छ। यस सम्मेलन पछि पनि अध्यक्ष परिवर्तन भएका छैनन्। यसरी विभिन्न टुटफुट र एकताको क्रममा सर्वहारा वर्गको रक्षाको नारा लिएर अगाडि बढी रहेको नेपालको एक कम्युनिष्ट घटक हाल संसदीय धारमा अल्झिरहेको भनी व्याख्या भइरहेको छ।

अन्तमा नेपाल कम्युनिष्ट पार्टी हुँदै एकीकृत नेकपा माओवादीको सम्मेलन तथा महाधिवेशनलाई निम्नानुसार उल्लेख गरेको पाइन्छ।

| | | |
|---|---|---|
| २००६ | पार्टी स्थापना | पुष्पलाल श्रेष्ठ |
| २०१० | प्रथम महाधिवेशन | मनमोहन अधिकारी |
| २०१४ | दोस्रो महाधिवेशन | केशरजंग रायमाझी |
| २०१९ | तेस्रो महाधिवेशन | तुल्सीलाल अमात्य |
| २०३१ | चौथो महाधिवेशन | मोहनविक्रम सिंह |
| २०४१ | पाँचौ महाधिवेशन | मोहन वैद्य |
| २०४८ | एकताको छैटौ | प्रचण्ड महामन्त्री |
| २०५१ | सालमा पहिलो राष्ट्रिय सम्मेलन (नेकपा माओवादी) | |
| २०५७ | दोस्रो राष्ट्रिय सम्मेलन | प्रचण्ड अध्यक्ष |
| २०६९ | सातौं महाधिवेशन | प्रचण्ड अध्यक्ष |
| २०७० | प्रथम सम्मेलन | विराटनगर, प्रचण्ड अध्यक्ष |

यस शोधपत्र लेख्ने समयसम्म प्रथम सम्मेलन गरेको पार्टी कमिटीले आफ्ना गतिविधि अगाडि बढाइरहेको पाइन्छ। केन्द्रीय नेतृत्वमा हालसम्म पुष्पकमल दाहाल नै रहेको कास्की जिल्लाको नेतृत्वमा पटक-पटक परिवर्तन भई हाल जिल्ला अध्यक्ष दिपक कोइराला रहेका छन् भने भदौरे तामागी गा.वि.स.मा क. बिसी, क. हिमाल हुँदै हाल क. परिवर्तन अध्यक्ष र सचिवमा क. प्रखर छन्। संविधान सभाको पहिलो चुनावमा क्षेत्र नं. ४ बाट आफ्नो महिला सभासद् दुर्गा वि.क. पठाउन सफल यो पार्टी दोस्रो संविधान सभामा पराजयको स्थितिमा रहेको छ।

### ३.१.२.३. राष्ट्रिय जनमोर्चा

नेपाली कम्युनिष्ट आन्दोलनमा आफ्नो विभिन्न विचार योजना र उद्देश्य अगाडि बढाइरहेको एक घटक राष्ट्रिय जनमोर्चा हो । जब मोहन विक्रमले नेकपा चौम गठन गरे त्यसपछि सो चौम पनि फुटेर मसाल बन्यो त्यही मसाल पनि २०४८ सालमा मोटो र पातलो स गरी दुई टुक्रामा विभाजन भयो । मसालबाट पनि विभिन्न गुट र उपगुट हुँदै जाँदा मोहन विक्रमको मसालबाट तत्कालीन चुनावी प्रयोगका लागि संसदीय मोर्चाको नामबाट राष्ट्रिय मोर्चा गठन भयो । त्यसपछि राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चाको बिचमा एकता भई २०५९ सालमा जनमोर्चा नेपालको गठन भएको थियो । तर त्यस गठनबन्धले पनि स्थायित्व पाउनु धेरै लामोसम्म सकेन । राजनीतिक शक्ति तथा नीतिगत कुराहरूमा गम्भीर मतभेद भयो । २०६३ सालमा फेरि एउटै जनमोर्चा नेपालको एउटै नाउले विभिन्न समूहले काम गर्दै आएको पाइन्छ । त्यसैले गर्दा संसद र देशको राजनीतिमा अन्योलको अवस्था सिर्जना भयो । संविधान सभाको पहिलो चुनावमा भाग लिँदा संयुक्त जनमोर्चा नभैकन राष्ट्रिय जनमोर्चाको नामबाट अगाडि बढेको पाइन्छ ।

२०६२ सालमा प्रथम राष्ट्रिय भेलामै चित्रबहादुर के.सी. अध्यक्ष भए । त्यस्तै २०६८ सालमा दोस्रो राष्ट्रिय सम्मेलनमा पनि केसी नै अध्यक्षमा आए । ०६४ सालको संविधानसभाको चुनावमा बागलुङ-२ बाट विजयी भै संघीयताको विरोधमा हालसम्म पनि उत्रिरहेका छन् । कास्की जिल्लामा यसपालिको प्रभाव कमै देखिन्छ भने गा.वि.स.मा प्रभाव हालसम्म छैन भन्नको तात्पर्य प्रतिनिधि पाइँदैन (राष्ट्रिय जनमोर्चाको कार्यालय, कास्की) ।

### ३.१.२.४. नेकपा माओवादी

नेपालका कम्युनिष्ट घटकहरूमध्ये नेकपा माओवादी पनि एक घटक हो । पहिलो संविधान सभा पश्चात् एमाओवादीबाट अलग भै मोहन वैद्यको नेतृत्वमा गठन भएको पार्टी नेकपा माओवादी हो । यस घटकले दोस्रो संविधान सभामा भाग नलिई गोलमेच सम्मेलनबाट संविधान निर्माण गर्ने माग राख्दै आएकोमा हाल फेरि सो समूह पनि विभाजन भै नेत्रविक्रम चन्द 'विप्लप' को नेतृत्वमा छुट्टै घटक स्थापना भएको घटनाले सच्चा कम्युनिष्ट पक्षधरहरूलाई चिन्ताको विषय बनाएको अवस्था देखिन्छ (स्रोतः नेकपा माओवादी, भदौरे गाउँ कमिटी २०७१) ।

### ३.१.२.५ राष्ट्रिय प्रजातन्त्र पार्टी

नेपालको इतिहासमा नेपाली धर्तीको विकास र नेपाली जनताको जीवनस्तर उकास्ने उद्देश्यले गठन भएका विभिन्न पार्टीहरूमध्ये राप्रपा पनि एक हो । २०४७ जेठ १७ गते विधिवत रूपमा स्थापना भएको यस राप्रपा पनि थापा र चन्द गुटमा फुटको संघारमा पुग्यो । राप्रपाका संस्थापक अध्यक्ष सूर्यबहादुर थापा भएका कारण थापा गुट र अर्का नेता लोकेन्द्रबहादुर चन्दको समूह चन्द गुटमा विभाजन भएपनि दुवै पार्टीको २०४८ सालको निर्वाचनमा ४ सिट प्राप्त गर्न सफल भएको थियो भने २०५१ सालको मध्यवधी निर्वाचनमा दुवै पार्टी एक भएका कारणले २० सिट प्राप्त गरेको थियो । त्यसपश्चात् संविधान सभाको चुनावमा विभिन्न टुक्रामा विभाजन हुँदै ती समूहले चुनावमा भाग लिएका थिए भने अपेक्षा अनुसारको परिणाम प्राप्त भएको थिएन । हाल हिन्दुराष्ट्रको मान्यता नेपाललाई दिनुपर्ने संघीयता भूबनोटका आधारमा हुनुपर्ने जस्ता माग राख्दै आएको छ । अर्कोतर्फ राप्रपा नेपाल भन्ने कमल थापाले नेतृत्व गरिरहेको राप्रपा पार्टीको दोस्रो समूहले राजतन्त्र कायम नै रहनुपर्ने नेपाल हिन्दुराष्ट्र कायम हुनुपर्ने जस्ता माग राख्दै आइरहेको छ (स्रोतः मौखिक भनाइअनुसार) ।

# परिच्छेद : चार

# भदौरे तामागी गा.वि.स.का राजनीतिक दलहरू

## ४.१. भदौरे तामागी गा.वि.स.को परिचय

नेपाल अधिराज्यका ७५ जिल्लाहरूमध्ये गण्डकी अञ्चल अन्तर्गत कास्की जिल्लामा पर्ने ३२ वटा गा.वि.स. (हालै ११ वटा गा.वि.स.लाई नगरपालिकामा गाभिएपछिको तथ्याङ्क अनुसार) हरूमध्ये स्याङ्जा र पर्वत जिल्लासँग सिमाना जोडिएको भदौरे तामागी गा.वि.स. आफ्नो छुट्टै पहिचान बोकेको गा.वि.स. हो । यस गा.वि.स.को उत्तरतर्फ माछापुच्छ्रे साथै अन्नपूर्ण प्रथम, अन्नपूर्ण दोस्रो, अन्नपूर्ण तेस्रो र अन्नपूर्ण चौथो हिमशृङ्खला स्पष्ट रूपमा देख्न पाइने ढिकुरपोखरी र कास्कीकोट गा.वि.स.को केही भागसँग सिमाना जोडिएको छ । दक्षिणतर्फ चापाकोट गा.वि.स. हुँदै पूर्वतर्फ सफा पानीको ताल फेवातालसँग सिमाना जोडिएको चापाकोट गा.वि.स.का र नयाँ नगरपालिका भएको पुरानो सराङकोट गा.वि.स. पर्दछन् भने पूर्वी सिमानामा कास्कीकोट र चापाकोटको केही भाग पर्दछ । पश्चिमतर्फ प्रसिद्ध धार्मिक स्थल तथा जाडीबुटीको खानी भएको क्षेत्र पञ्चासे (पञ्चधाम) पर्दछ ।

भदौ महिनामा भद्रा नाम गरेका गुरुङले बसोबास गरेको कारण भदौरे गुरुङ, भदौरे गुरुङ भन्दाभन्दै यस गा.वि.स.को नाम भदौरे रहन गएको भनिएको तथ्य प्राप्त भएको छ । यस भदौरे गा.वि.स.को उत्तरतर्फबाट बग्दै आएको खहरेखोला र दक्षिणतर्फबाट बग्दै आएको हर्पन खोला एक आपसमा पूर्वतर्फ भेट भई गा.वि.स.लाई करिब मालाको रूपमा दिई बग्ने गरेकाले यस गा.वि.स. जलाधार क्षेत्रभित्र पर्दछ । फेवातालको मुख्य जलाधार गा.वि.स.को रूपमा पनि भदौरे गा.वि.स. चिनिदै आएको छ ।

२०४६ सालदेखि प्रजातन्त्रको पुनर्स्थापनापछि भदौरे गाउँ पञ्चायत भदौरे गाउँ विकास समितिमा परिवर्तन गरी हालसम्म आफ्नो क्रियाकलाप अगाडि बढाइरहेको छ । यस अध्ययनको समय अवधिसम्म देशभरि १ महानगरपालिका, ११ उपमहानगरपालिका, १९१ नगरपालिका र ३६२६ गाउँ विकास समितिहरू रहेका छन् । त्यसै मध्ये यस भदौरे तामागी गा.वि.स. पनि एक पहाडी गा.वि.स. अन्तर्गत पर्दछ ।

हरेक गाउँ विकास समितिलाई चार दिशा तोकी त्यसको क्षेत्र निर्धारण गर्ने नेपाल सरकारको निर्णय वा प्रावधान बमोजिम गा.वि.स. ऐन २०४८/२०५४ ले दिएको अधिकार

प्रयोग गरी तोकिएको गा.वि.स. क्षेत्रमा यथासम्भव बराबर जनसंख्या पर्ने गरी ९ वटा वडामा विभाजन गर्न सक्ने व्यवस्था छ । यही व्यवस्था अनुसार कास्की जिल्लामा हाल ३२ गा.वि.स.हरू मध्ये निर्वाचन क्षेत्र नं. ४ को इलाका नं. ९ अन्तर्गत विभिन्न गा.वि.स.हरूमध्ये भदौरे तामागी गाउँ विकास समिति पनि एक हो, जसलाई निम्न वडाहरूमा विभाजन गरिएको छ ।

| वडा नं. | गाउँ/टोल |
|---|---|
| १ | भदौरे देउराली |
| २ | तालीबराङ, प्रेम बस्ती |
| ३ | कुइरेडाँडा, तामागी |
| ४ | हर्पन, मार्सीखेत |
| ५ | कयरबारी, प्याउदी, चैनपुर, सिम्पानी, घाँटीछिदा, नौजारा, ठूलाखेत |
| ६ | दमदमे |
| ७ | कुद्वीडाँडा, पुराने |
| ८ | सिधाने |
| ९ | सिधाने डाँडागाउँ भन्ज्याङ |

## ४.२. भौगोलिक अवस्था

नेपाल सरकारको विगतको प्रशासनिक विभाजन अनुसार पश्चिमाञ्चल विकास क्षेत्रभित्रको गण्डकी अञ्चल, कास्की जिल्लामा पश्चिम तर्फ रहेको भदौरे तामागी गा.वि.स. एक भिन्दै पहिचान बोकेको गा.वि.स. हो । उत्तरतर्फका मनोरम हिमशृङ्खला र दक्षिणतर्फ पञ्चासे लेक हुँदै फेवाताललाई नियालिरहेको आफ्नो जिल्लाको सदरमुकाम पोखरादेखि जम्मा ९ किमी नजिक अवस्थित भदौरे तामागी गा.वि.स.को कुल क्षेत्रफल ४८२३१-१५-२-२ रहेको छ । यस गा.वि.स.लाई खेत, पाखो, गौचर, मिनाहा, एलानी, सरारी आदि अब्ल दोयम, सिम, चाहार गरी विभिन्न कित्तामा नापी भएको छ (गा.वि.स. कार्यालयबाट प्राप्त जानकारी, २०७१) । यस क्षेत्र समुद्री सतहबाट ५५०० देखि ८२२६ मिटरसम्मको उचाइमा अवस्थित छ । यस भदौरे तामागी गा.वि.स.मा स-साना पर्वतश्रेणी र डाँडाकाँडाहरूले भरिएको छ । स-साना खोलानाला, भीर, खोंच, टारहरूले गर्दा निकै रमणीय मानिन्छ भने धार्मिक तथा पर्यटकीय स्थल फेवातालको पानीको मुख्य स्रोत पञ्चासे क्षेत्रले गर्दा अन्य भन्दा भिन्दै पहिचान बोकेको यो गा.वि.स. हो । यो ठाउँमा सधैं एकैनासको हावापनी,

वनजङ्गल तथा ठाउँको प्रकृति छैन । पञ्चासे क्षेत्रतर्फको ६, ७, ८ र ९ वडाको लेकप्रकृति, ३, ४ र ५ पहाडी प्रकृति र १ र २ वडा हिमाली प्रकृति गरी ३ क्षेत्रमा बाँडिए जस्तो पाइन्छ । यहाँ जाडोमा धेरै जाडो र गर्मीमा कम गर्मीको अनुभव गर्न सकिन्छ । पूर्वतर्फ फर्किएको यस गा.वि.स.को जमिनको प्रकृतिले गर्दा बिहानदेखि करिब बेलुकासम्म घाम पर्ने हुन्छ । यो क्षेत्र समशीतोष्ण हावापानीको सूचीमा पर्दछ । यस गा.वि.स.को तापक्रम १५° सेल्सियसदेखि २६° सेल्सियससम्म पाइन्छ भने वर्षा औसत ३७०० मि.मि. हुन्छ । सबै जातजातिको बसोबास भएको यस गा.वि.स. विभिन्न संस्कृति, भाषा र चालनचलन रहेको छ भने वातावरण स्वस्थकर पाइन्छ (गा.वि.स. कार्यालयबाट प्राप्त जानकारी, २०७१) ।

### ४.२.१. भौतिक स्वरूप

यो भदौरे तामागी गा.वि.स.को भौतिक स्वरूपको अध्ययन गर्दा एकैनासको स्वरूप कुनै क्षेत्रमा पनि पाउन सकिँदैन । परापूर्व कालमा 'पर्वत निर्माणक हलचलबाट हिमालयपारि थुप्रै उपत्यकाहरूको उत्पत्ति भएको थियो । यस प्रकारको हलचलबाट मुख्य हिमालय हिमशृङ्खला र महाभारत पर्वत बिच निर्वातनिय भूमिको उत्पत्ति भएको थियो । यस भदौरे तामागी गा.वि.स. पनि तिनै निर्वातनिय भूमिहरूमध्येको एक भूमि हो । वडा नं. ६, ७, ८ र ९ तर्फको माटो रातो र कालो प्रकृतिको पाइन्छ, वडा नं. ३, ४ र ५ मा कहीँ कतै बलौटे रातो र कालो वा चिम्टाइलो पाइन्छ भने वडा नं. १ र २ मा कैलो चिम्टाइलो र रातो माटोको मिश्रण पाइन्छ । सालाखाला यस गा.वि.स.को माटो खेतीयोग्य नै मान्नुपर्दछ । यस गा.वि.स.का ४, ५, ६ र ७ वडाको माटोमा अम्लीय र क्षारीयपन बराबर पाइन्छ । यस्तो माटोमा खेती अति राम्रो फल्दछ । यिनै ४, ५, ६ र ७ वडामा पनि कतिपय ठाउँमा ज्यादै अम्लीय र ज्यादै क्षारीयपन भएको पाइन्छ । अन्य १, २ ३, ८ र ९ वडाहरूको माटो त्यति राम्रो उर्वरमय छैन । यस गा.वि.स.मा कालो माटो, रातोमाटो, कमेरोमाटो र बलौटेमातो पाइन्छ (गौतम, २०४५: १२) ।

### ४.२.२. सामाजिक अवस्था

व्यक्ति व्यक्ति वा परिवार परिवारको निश्चित ठाउँको बसोबास समाज हो । जहाँ आफ्ना आधारभूत आवश्यकतालाई मानवले पूरा गर्नका लागि काम गरिरहेको हुन्छ । त्यो काम आफ्नो वा अरूको किन नहोस् मानिसले आफ्ना आधारभूत आवश्यकता पूरा गर्न एकल प्रयासबाट सम्भव छैन । त्यसकारण अरूको खाँचो पर्ने हुँदा समाजको आवश्यकता

पर्दछ । त्यस कारण समाजको विकास भएको हो । त्यही समाजमा बसेर व्यक्तिले आफ्नो व्यक्तित्वको विकास गर्दछ । जसरी एकल गोलामा विभिन्न प्रकारका मौरीहरू मिलेर बसेका हुन्छन् त्यसरी नै समाजमा विभिन्न जातजाति, भाषा तथा धर्मावलम्बीहरू पाइन्छन् । विभिन्न जनजातिका बीच सुमधुर तथा सामान्जस्यतापूर्ण सम्बन्ध हुनु विकासको लागि पूर्वाधार हो । समाज भनेकै विभिन्न जनजाति र समुदायको एकीकृत रूप हो । कुनै खास क्षेत्रभित्र बसोबास गरिहेका समुदायको जनजीवन, रहनसहन, भेषभूषा, रीतिस्थिति तथा अन्य मानवीय क्रियाकलापको सहभागितालाई त्यहाँको सामाजिक अवस्था भनिन्छ (गुरुङ, २०६३:१४) । कुनै पनि गाउँ, ठाउँ, नगर वा क्षेत्र वा समाजको पछौटेपन, अवन्नति र उन्नति आदिमा त्यहाँको सामाजिक अवस्थाको प्रत्यक्ष प्रभाव परेको हुन्छ । त्यसकारण हरेक ठाउँको सामाजिक अवस्था त्यसै ठाउँको पहिचान तथा विकासका लागि अत्यन्तै महत्वूपूर्ण विषय हो । समाज विकासका महत्वपूर्ण पक्षहरू शिक्षा, स्वास्थ्य, रोजगार तथा अन्य अति आवश्यक कुराहरूको परिपूर्तिका लागि त्यहाँको सामाजिक पक्षको महत्वपूर्ण भूमिका हुन्छ । भदौरे तामागी गा.वि.स.को सामाजिक अवस्थालाई त्यहाँको शैक्षिक क्षेत्र, आर्थिक क्षेत्र प्राकृतिक स्रोत र साधनको क्षेत्र साथै भूवनोटको क्षेत्रले प्रत्यक्ष रूपमा सरोकार राखेको छ ।

### ४.२.३ जातीय विवरण (घरधुरी संख्या)

**तालिका ४.१**

**घरधुरी संख्याको आधारमा भदौरे तामागी गा.वि.स.को जातीय विवरण**

| वडा नं. | ब्राह्मण | क्षत्री | गुरुङ | वि.क. | नेपाली | परियार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २१ | १ | ७३ | ७३ | ३ | ३ | ३ | १७७ |
| २ | ११ | ३ | ४३ | १ | १ | ० | ० | ५९ |
| ३ | ० | ० | ४७ | ३५ | ० | ० | ० | ८२ |
| ४ | ६७ | १८ | ० | २० | ० | २४ | १ | १३० |
| ५ | १२९ | १२ | ११ | ४७ | १२ | ६ | ७ | २२४ |
| ६ | ० | ० | १९ | १ | १० | ० | १ | ३१ |
| ७ | ० | ० | १७ | १८ | ० | ० | ० | ३५ |
| ८ | ० | ० | ४० | १६ | १ | ० | ० | ५७ |
| ९ | १० | ३ | ६० | २२ | ८ | ० | १ | १०४ |
| जम्मा | २३८ | ३७ | ३१० | २३३ | ३५ | ३३ | १३ | ८९९ |

स्रोत : भदौरे तामागी गा.वि.स.को वस्तुगत विवरण (पार्श्वचित्र) २०६७ ।

उपर्युक्त तालिकाबाट के कुरा स्पष्ट हुन्छ भने भदौरे तामागी गा.वि.स.मा जम्मा घरधुरी संख्या २०६७ सालको रेकर्ड अनुसार ८९९ रहेछन् बसोबास तथा घरधुरीको आधारमा सबैभन्दा ठुलो वडा नं. ५ जहाँ २२४ घरधुरी देखिन्छ भने सबैभन्दा सानो घरधुरी संख्या वडा नं. ६ मा ३१ वटा मात्र रहेको छ। दोस्रो ठुलो वडा नं. १ जहाँ १७७ वटा घरधुरी रहेको पाइन्छ।

त्यस्तै ब्राह्मणहरूका घर सबैभन्दा बढी वडा नं. ५ मा १२९ वटा पाइन्छन् भने वडा नं. ३, ६, ७ र ८ मा ब्राह्मणहरूको घर शून्य रहेको छ। क्षत्रीहरूको सबैभन्दा बढी बसोबास वडा नं. ४ मा १८ घर छन् भने वडा नं. ३, ६, ७ र ८ मा शून्य छ। गुरुङहरूको सबैभन्दा ठुलो बस्ती वडा नं. १ मा ७३ वटा छन् भने वडा नं ५ मा जम्मा ११ घर पाइन्छ। वडा नं. ४ मा गुरुङको शून्य वस्ती छ। विश्वकर्माको वडा नं. १ मा ७३ घरधुरी भई सबैभन्दा ठूलो वडा छ भने वडा नं. २ मा १ घर मात्र दलितको पाइन्छ। नेपालीहरूको वडा नं. ५ मा १२ घर छन् भने वडा नं. २, ४ र ७ मा शून्य बस्ती पाइन्छ। परियारको वडा नं. ४ मा सबै भन्दा ठुलो बस्त २४ घर धुरी छन् भने वडा नं. २, ३, ६, ७, ८ र ९ मा परियारको शून्य वस्ती पाइन्छ।

भदौरे तामागी गा.वि.स.मा आफ्नो घरधुरी नभईकन बसोबास गर्ने जातिहरूमा चेपाङ, जात नखुलेको दलित, नेवार र मुस्लिमहरू पनि पाइन्छन्, जसको समेत उल्लेख हुने गरी संख्यात्मक विवरण निम्नानुसार उल्लेख गरेको पाइन्छ।

**तालिका ४.२.**

**जातीय आधारमा भदौरै तामागी गा.वि.स.को जनसंख्या विवरण**

| जाति | जनसंख्या |
|---|---|
| गुरुङ | ११३७ |
| ब्राह्मण | १०७८ |
| विश्वकर्मा | १०६२ |
| परियार | १७० |
| क्षत्री | १४८ |
| नेपाली | ३० |
| अन्य | २०६ |
| **जम्मा** | **३८३१** |

स्रोत : भदौरे तामागी गा.वि.स.को वस्तुगत विवरण (पार्श्वचित्र) २०६७।

उल्लिखित विवरण अनुसार यस गा.वि.स.मा विभिन्न जातिहरूको विवरण प्राप्त भए पनि मुख्य जातिहरूमा ब्राह्मण, क्षत्री, गुरुङ, विश्वकर्मा, नेपाली र परियार स्थायी रूपमा परम्परागत समयदेखि बसोबास गर्ने गरेको पाइन्छ । यहाँका जातिहरूको मुख्य पेसा कृषि, नोकरी, ज्यालामजदुरी, व्यापार, उद्योग आदि पर्दछन् । जातिगत हिसाबले २०६७ सालको रेकर्ड अनुसार जनसंख्या र सबैभन्दा बढी गुरुङ ११३७ र सबैभन्दा कम नेपाली ३० जना भेटिन्छन् । दोस्रो ठूलो जनसंख्या भएको जाति ब्राह्मण हो जसको १०७८ देखिन्छ । धर्मको आधारमा मुख्यतय हिन्दू र बौद्ध नै पाइन्छ । २०६७ सालको रेकर्ड अनुसार २०४३ हिन्दू, १५५५ बौद्ध र अन्य २३३ भनी उल्लेख गरिएको छ (गा.वि.स. कार्यालयबाट प्राप्त विवरणः २०६७) ।

भदौरे गा.वि.स.का बहुसंख्यक जातिहरूले हिन्दू धर्म मान्ने गर्दछन् । त्यसपछि बौद्ध धर्म मान्नेहरू पाइन्छन् । अहिलेको सन्दर्भमा केही मानिसहरू क्रिश्चियन तथा जैन धर्म मान्ने गरेको पाइन्छ भने अल्पसंख्यकमा मुस्लिम पनि केही छन् । जे होस् जसले जुनसुकै धर्म मान्ने भए तापनि एक अर्काको धर्मप्रति सहिष्णुता र सम्मानको भावना राख्ने गर्दछन् । खास गरी हिन्दू धर्म मान्नेहरूमा ब्राह्मण, क्षत्री, विश्वकर्मा साथै परियार पर्दछन् । गुरुङ, तामाङ बौद्धमार्गीहरू छन् । यस भदौरे तामागी गा.वि.स.मा मंगोलियनहरू बौद्ध धर्म मान्दछन् तर पनि यिनीहरू पुरापूर्वकालदेखि नै हिन्दू धर्मावलम्बीहरूका समाजमा बस्दै आएकाले बौद्ध भए पनि विल्कुलै बौद्ध जस्ता मानिदैनन् । तिनीहरूमा केही हिन्दू धर्मको प्रभाव पर्नुका साथै कतिपय कुरा हिन्दू धर्मका कुरा मान्छन् । हिन्दू धर्मावलम्बीहरूले धुमधामसँग मनाउने बडा दशैं, तिहार जस्ता महानपर्वहरू यी मंगोलियन अर्थात् बौद्ध धर्मावम्बीहरूले पनि प्राचीन समयदेखि मनाउँदै आएको पाइन्छ ।

ब्राह्मण क्षत्री (आर्य) जातिको अन्त्यष्टि संस्कारमा चितामा जलाइन्छ भने बौद्धहरू पनि आफ्नो शव चितामा जलाई चिहानडाँडामा गुम्बा बनाई आफ्नो अस्तु राख्दछन् । ब्राह्मण क्षत्रीहरू १३ दिनसम्म किरिया गर्दछन् र ६ महिनासम्म एकसरो सेतो वा अन्य वस्त्र लगाई दुःख बार्दछन् । त्यस समयभित्र आफै पकाएर खाने अरूको घरमा खाना नखाने गर्दछन् तर बौद्ध धर्म मान्नेहरू उनीहरूको मृतआत्माको शान्तिका लागि अर्घौं गर्दछन् । हिन्दु धर्मका मूल जाति ब्राह्मण भएको कारण जन्मदेखि मृत्युसम्म शास्त्रीय विधिविधान साथ कर्म गर्दछन् । हिन्दू धर्मावलम्बी, तागाधारीहरूको मूल संस्कार न्वारानपछिको चूडाकर्म महत्वपूर्ण कर्म हो । यो कर्म गरेपछि आर्य ब्राह्मणले गायत्री मन्त्र जप्ने र यज्ञसूत्र (जनै)

लगाउनपर्ने हुन्छ । विवाह जस्ता कर्म पनि वैदिक विधिअनुसार गरिन्छ । ब्राह्मणहरू वेद, चण्डी, रुद्री, दुर्गाकवच आदि नित्य पाठ गर्दछन् । ब्रांह्मणहरूको कार्यहरू मध्ये देवी भागवत, सप्ताहा पुराण्न, हरिवंश पुराण सात दिनदेखि ९ सदनसम्म सुनाइन्छ । त्यसका लागि ढुंगामाटोले चौको चिन्ने प्रचलन छ । त्यसमा पण्डितहरू बसेर भागवत पुराण पाठ गरी सुनाउँछन् । यस्ता कार्य गर्नाले आफ्ना मृत भएका मातापिता तातुल्य स्वर्गमा जान्छन्, सबैलाई खुवाएपछि धर्म प्राप्त हुन्छ, आफू पनि मरेपछि स्वर्ग पुगिन्छ भन्ने विश्वास गर्दछन् । यसरी स्वर्गको ढोका खुलाउन, मृत आत्मप्रति चिर शान्ति दिलाउन, आफ्ना अपुग मनोभावनालाई प्राप्त गर्न र मन शान्ति गर्ने दृष्टिले हिन्दूहरू यस्ता प्रकारका यज्ञयज्ञादि गर्ने गर्दछन् ।

ठूला ठूला कार्यक्रममा घर तथा पर मृत्यु परेर शुद्धिशान्तिको दिन पवित्र होस् भनेर शुक्ल यजुर्वेद पाठ गर्ने संस्कार पनि हिन्दूहरूको छ । तर विश्वकर्मा, परियारहरू हिन्दू धर्म मान्ने भए पनि सानो जाति भएका हुनाले शास्त्रीय कर्म यज्ञयज्ञादि गर्नका निम्ति निषेध गरेको पाइन्छ (गौतम, २०४६:२०) । उपर्युक्त संस्कृति आधुनिक युगका लागि दण्डनीय मानिने संवैधानिक प्रावधान रहेको पाइन्छ किनभने कुनै पनि ठाउँ समाज र देशको विकास सहमतिमा सफल हुने हुँदा धार्मिक सहिष्णुतामा आँच आउँदा साम्प्रदायिक दङ्गाको अवस्था सिर्जना हुने सम्भावना रहन्छ । त्यसकारण जातका दृष्टिले कोही कसैले केही गर्न हुने नहुने भन्ने सिद्धान्त सोभायमान देखिँदैन ।

प्रत्येक जातजातिको आ-आफ्नो रीतिरिवाज, चालचलन र जन्मेदेखि मृत्युसम्म गरिने कर्मकाण्ड आ-आफ्नो विधिद्वारा सम्पन्न गरिन्छ । मुख्य चाडपर्वहरूमा दशैं, तिहार, नागपञ्चमी, नववर्ष, जनैपूर्णिमा, शिवरात्री, तीज, ल्होसार, माघेसंक्रान्ति, साउनेसंक्रान्ति, चैते दशैं फागुपूर्णिमा गौडपूर्णिमा साथै ट्होटे पर्व आदि पर्दछन् । प्रांयजसो मंगोलियन गुरुङहरू वर्षको २ पटक चैत्र र श्रावणमा यो ट्होंटे पर्व मनाउँदछन् । यिनीहरू पौष १५ मा ल्होसार पर्व धुमधामसँग मनाउँदछन् । वडा नं. १, २ र ३ मा प्रत्येक वडामा गुम्बाहरू बन्ने बनाउने क्रममा छन् भने वडा नं. ६, ७, ८ र ९ मा पनि प्रसिद्ध पञ्चासे साथमा गुम्बाहरू बन्ने र बनाउने क्रममा छन् । यहाँ गुरुङ सङ्ग्रहालयको पनि भर्खरै स्थापना भएको छ ।

भदौरे गा.वि.स. अन्तर्गत पर्ने ऐतिहासिक धार्मिक स्थल पञ्चासे क्षेत्र विभिन्न स्रोतहरूको कारणले नेपालमा मात्र नभई करिब विश्वमै चिनिने सम्भावना रहेको विदेशी पर्यटकहरूको बढ्दो क्रमले देखाउँदछ । "विशेष गरी हिन्दु र बौद्ध धर्मावलम्बीहरूको

बाहुल्यता रहेको पञ्चासे क्षेत्र पौराणिक कालदेखि प्रसिद्ध तीर्थधामको रूपमा सिद्ध मन्दिर बालाजीको मन्दिर लगायत अन्य मठमन्दिर तथा ऋषिमुनिहरूका कुटी र गुफाहरू रहेका छन् । पञ्चासेमा रहेको पञ्चकोसी सरोवर रामायणमा उल्लेख भएअनुसार मातृपितृ भक्त श्रवणकुमारको समाधिस्थल समेत रहेको यस क्षेत्र धार्मिक रूपले अत्यन्तै महत्वपूर्ण छ । साथै यस ठाउँ पञ्च पाण्डव वनबास रहँदा यस क्षेत्र पुगेको पवित्र भूमि पनि हो । आफ्नो मनोकामना सिद्ध होस् भनी पञ्चासेमा हरेक बालाचतुर्दशी, शिवरात्री, वैशाख पूर्णिमा तथा बौद्ध पूर्णिमा र श्रावण महिनाभरि श्रद्धालु भक्तजनहरूको मेला लाग्दछ । यस क्षेत्रमा २०५५ सालमा विश्वशान्ति कोटी होम महायज्ञ समेत सम्पन्न भइसकेको छ । पञ्चासे संसारको पाँचै धामका रूपमा प्रसिद्ध मानिदै आएको छ । साथै यस क्षेत्र वरपर धार्मिक महत्वका देउराली माई, देवी, भूमे, सरस्वती, रामलक्ष्मण, बौद्ध मन्दिहरू रहेका छन् (जिल्ला पार्श्वचित्र कास्की, २०६७:१२१) ।

समुद्र सतहदेखि २५१७ मिटर उचाइमा रहेको यस ठाउँबाट जो कोहीले कास्कीको सदरमुकाम पोखरा र फेवातालको सुन्दर दृश्यावलोकन त गर्न पाउँछन् नै पर्वत, स्याङ्जा र बागलुङको सदरमुकाम पनि देखिनुका साथै थुप्रै गाउँबेंसीका दृश्यहरू छर्लङ्ग देख्न पाइन्छ । एकैबिन्दुबाट सूर्योदय र सूर्यास्त देखिनुका साथै उत्तरतर्फ माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरीका हिमशृङ्खला दृश्यावलोकन सँगै संसारका सबैभन्दा बढी हिमाल देखिने ठाउँ पञ्चासे हो । पञ्चासेमा अनौठा सरोवरहरू पनि छन् जसमा किंवदन्ती अनुसार पञ्चासे सरोवर वरिपरिका चराले पात टिपेर फाल्दछन् । नेपालको सबैभन्दा बढी पानी पर्ने क्षेत्र (नेपालको चेरापुन्जी) पनि पञ्चासे नै हुन सक्ने सम्भावना रहेकाले यस क्षेत्रको भिन्दै ऐतिहासिक महत्व रहेको छ । बेलायतका राजकुमार चार्ल्स समेत पञ्चासे पुगिसकेकाले पदयात्राका लागि पनि निकै मनोरम स्थल भएकाले हाल होम स्टेहरू बाटाबाटामा उपलब्ध छन् । त्यसकारण सांस्कृतिक तथा पर्यटकीय स्थलको गन्तव्य अझ बढी बन्ने सम्भावना छ ।

बेलाबेलामा पञ्चासे युवा क्लबले विभिन्न कार्यक्रम आयोजना गरी सांस्कृतिक, धार्मिक तथा मनोरञ्जनात्मक वातावरण बनाइराख्ने कार्य गर्दै आएको पाइन्छ । त्यस्तै भदौरे युवा क्लबले वर्षेनी भदौरे महोत्सव गर्दै आएको छ । परिवर्तनशील युवा क्लब तथा नीलगगन युवा क्लबले पनि यस गा.वि.स.भित्र उल्लेखनीय भूमकि विभिन्न क्षेत्रमा खेल्दै आएको पाइन्छ ।

## ४.३ भदौरे तमागी गा.वि.स.मा राजनीतिक दलहरूको विकास

गतिशील समय भएको कारण पुरानो अवस्था वा संरचनात्मक सुधार तथा परिवर्तन हुनु त्यस्को विकास मानिन्छ। कुनै पनि विषय, चिज तथा वस्तु आदिको विकासको कारकतत्व अवश्य हुन्छ। त्यो कारक तत्वहरूमध्ये समाज सुधार तथा विकासका लागि राजनीतिक विचारलाई लिन सकिन्छ। हिजोको सांस्कृतिक परम्परालाई पनि सुधार तथा परिमार्जन गरी आजको समाज सभ्य र भव्य रूपमा अगाडि बढाउन राजनीतिले प्रमुख भूमिका खेलेको हुन्छ। त्यति मात्र नभै नयाँ सिद्धान्त प्रतिपादन गर्नका लागि पनि शिक्षा, धर्म, सामाजिक रहनसहन, सामाजिक व्यवहार साथसाथै राजनीतिको समिश्रण रहेको हुन्छ। जस्तै कुनै बेला समाजको नेतृत्व गर्ने व्यक्तिको चैन मुख्यौली पद्धतिबाट हुन्थ्यो भने कुनै बेला हात्तीले माला लगाई समाजको प्रमुख 'राजा' बन्ने प्रचलन थियो त्यही सांस्कृतिक प्रचलन दगुरेर राजा बन्ने प्रणालीमा विकास भयो। त्यो पनि त्यतिबेलाको राजनीति थियो पछि पृथ्वीनारायण शाहसम्म आइपुग्दा निश्चित जातिको तर्फबाट समाजको वा राज्यको नेतृत्व गरी आएको पाइन्छ। त्यसपछि जब पृथ्वीनारायण शाहले लड्नेभिड्ने कार्यक्रमबाट एउटै राज्य बनाए। त्यसपछि क्रमशः पारिवारिक स्वार्थ सिद्ध गर्ने राणाहरूको पञ्जामा राज्य पुग्यो। राणाहरूबाट चलेको ज्यादती तोड्न नेपाली सपुतहरूले जिउँदै फासीको सजायँ पाउनुपऱ्यो। निश्चित परिवारको हातमा शासन सत्ता परेपछि जनताले सास्ती पाउने चरित्र स्पष्ट देखिएकोले जनतामाथि शासन गर्ने शासक जनताबाटै चुनिनुपर्दछ। तबमात्र जनताका इच्छा आकांक्षाहरूमाथि कुठाराघाट हुँदैन भन्ने कुराको राम्ररी बोध भई राजनीतिक संगठन खोल्ने प्रण, युवाविद्यार्थीहरूबाट विदेशमै भएपनि, भएको थियो। त्यो औपचारिक संगठन आज विभिन्न नाउँमा आफ्नो नेता आफै चुन्ने प्रणालीको अवलम्बन गर्दै देशका विभिन्न कुनाकाप्चामा विभिन्न विचारको जालो फिजारीरहेको कुरा जीवित छ। त्यो समस्त विचार फिजाउने पहिलो संगठन नै राजनीतिक विकास हो।

भदौरे तामागी गा.वि.स.मा २०४६ सालभन्दा अगाडि खुल्ला रूपमा कुनै पार्टी तथा संगठन थिएन। २०२२ सालमा विद्यार्थी तथा शिक्षक दुवै भएका ३ जना गुरुहरू नेपाल शिक्षक संघमा आबद्ध भएको कुरा (तारानाथ भण्डारी भदौरे-५ ठूलोखेल, ऋीषराम पराजुली भदौरे-५, चैनपुर हालः चापाकोट-७, माझथुम) पाइन्छ। वहाँका अर्का साथी स्व. खिमलाल भण्डारी पनि सँगसँगै सदस्यता लिएको कुरा तारानाथ भण्डारीबाट थाहा हुन आएको छ। सायद यी नै ३ वटा सदस्यता नै यस भदौरेतमागी गा.वि.स.को पहिलो राजनीतिक

संगठनका सदस्यता हुन सक्ने अनुमान गरिन्छ। तर कतै-कतै रुद्रबहादुर गुरुङ भदौरे-३ तामागी सबैभन्दा पहिलो संगठित सदस्य हुन् भन्ने पनि सुनिन्छ। आधिकारिक प्रमाण भेटिएको छैन। ती संगठित सदस्यहरू पनि भूमिगत रूपमा नै भएको उनीहरू बताउँछन्। २०३३ सालभन्दा अगाडि केन्द्रबाट जिल्ला-जिल्लामा पातलो सम्पर्क रहेपनि गा.वि.स.सम्म खासै कुनै प्रभाव थिए। यस गा.वि.स.मा २०४६ साल अगाडि कुनै राजनीतिक औपचारिक कमिटी नभएपछि २०३६ सालको बहुदल र निर्दलको जनमत संग्रहमा समाजमा तर्क वितर्कहरू चलिरहन्थे। ११ वर्षसम्म अस्थायी रहेर पठनपाठन गराउनु भएका शिक्षक दुर्गाप्रसाद दाहाल (भदौरे-५ कयरबारी हाल ठूलाखेत रातोमाटा) का अनुसार विशेष गरी राजनीतिक कुराकानी र संगठन निर्माण गर्ने भूमिगत व्यवहार, शिक्षक र विद्यार्थीहरूमा मात्र हुन्थ्यो भन्ने कुरा पाइन्छ। गाउँमा ५ कक्षा पढाउने प्रा.वि. भन्दा माथि विद्यालय नजिक थिएन। सदरमुकाममा जाने विद्यार्थी र शिक्षा कार्यालयसँग सम्पर्क गर्ने शिक्षकहरूबाट नै गाउँको राजनीतिको सुरुआत भएको पाइन्छ। क्रमशः नेपाल कम्युनिष्ट पार्टी माले अन्तर्गतको विद्यार्थीको संगठनले पनि गाउँमा महिला र कृषक साथै निम्न वर्गीय व्यक्तिहरूलाई उनको हित हुने संगठन कम्युनिष्ट पार्टी हो भनेर प्रचार गर्ने गरिएको कुरा समाजसेवी तथा एमाले नेता भुवानीप्रसाद अधिकारी बताउनुहुन्छ।

मुख्यतया नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी नै यस गा.वि.स.का मुख्य पार्टी रहेको पुरानो इतिहास (लिखित हैन मौखिक मात्र) ले बताउँदछ। तिनै दुवै पार्टीबाट विस्तार हुँदै हाल यस भदौरे गा.वि.स.मा निम्न पार्टीहरूको उपस्थिति रहेको पाइन्छ -

१) नेपाली काँग्रेस

२) नेपाल कम्युनिष्ट पार्टी एमाले

३) एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी

४) नेपाल कम्युनिष्ट पार्टी माओवादी

५) राष्ट्रिय प्रजातन्त्र पार्टी

### ४.३.१ भदौरे गा.वि.स.मा नेपाली काँग्रेसको स्थिति

भदौरे गा.वि.स.मा २०२२ सालमा ३ जना शिक्षकहरू शिक्षक मोर्चामा सदस्यता लिएको भन्ने पाइन्छ तर त्यस्तो लिखित प्रमाण भेटिदैन २०१७ सालदेखि पार्टीहरू पूर्ण प्रतिबन्धित अवस्थामा थिए। कास्की जिल्लाको सदरमुकाम पोखरा भदौरे गा.वि.स.बाट नजिकै भएको कारण स्थानीय गाउँमा खासै नेपाली काँग्रेसको भूमिगत प्रभाव देखेको

पाइदैन । शिक्षक पेशामा आबद्धता भएको हुनाले निज ३ जना शिक्षकहरूको सदस्यता पनि ग्रामीण क्षेत्रमा पार्टीको कार्यक्रम तत्काल अगाडि बढाउनका लागि देखिदैनथ्यो भनिएको छ । ती तिन जना मध्ये तारानाथ भण्डारी भदौरे-५, ठूलाखेत, ऋषिराम पराजुली, भदौरे-५, चैनपुर टोल माझथुम नौबिसे खिमलाल भण्डारी भदौरे-५ कयरबारी उहाँको मृत्यु भैसकेको छ । पठनपाठन गर्ने विद्यार्थीहरू र शिक्षक भएको कारण वा स्थानीय ठाउँमा प्रा.वि. भन्दा माथिल्लो तहको विद्यालय नभएकोले अध्ययनका लागि पोखरा आउनुपर्ने र कार्यालयको कामको लागि पनि पोखरै आउनुपर्ने भएकाले राजनीति पनि सदरमुकामका लागि मात्र गोप्य रूपमा रहेको थियो भन्ने कुरा पाइन्छ । वर्तमान समयको पार्टी सञ्चालन गर्ने कमिटीका अनुसार २०३६ सालतिर भदौरे तामागी गा.वि.स. ३ का रुद्रबहादुर गुरुङले पार्टी सदस्यता लिएको भन्ने कुरा निजको छोरा (हाल गाउँ सभापति भदौरे) रामकाजी गुरुङले बताउनुहुन्छ तर निजको मृत्यु भैसकेकोले प्रमाणित कागज पत्र केही पनि भेटिएको छैन । यस कुरालाई अन्दाज गर्ने एउटा आधार स्थानीय निकायको चुनाव २०४९ मा निज रुद्रबहादुर गुरुङ नै गा.वि.स. अध्यक्षतामा निर्वाचित भएको कारण त्यसभन्दा अगाडि २०४६ सालको आन्दोलन तथा ३६ सालको जनमत संग्रहको बेला सो पार्टीबाट राजनीतिक भूमिका खेलेको अनुमान गर्न सकिन्छ । निज ३ जना शिक्षकहरू पनि गाउँमा खासै संगठन विस्तार भएको थिएन । २०३६ सालको जनमत संग्रहको परिणाम पनि जनताको पक्षमा नभएपछि पुनः आन्दोलनको तयारी गर्नुपर्दछ भनेर जिल्लाका नेताहरूले भन्दथे तर संगठन विस्तार गाउँमा थिएन भन्ने कुरा प्रष्ट गर्दछन् ।

जब २०४६ सालमा पार्टी माथिको प्रतिबन्ध हटाएपछि यस गा.वि.स.मा मेघनाथ पौडेल सचिव भएको भन्ने मौखिक जानकारी प्राप्त भयो । त्यसैले २०४५/०४६ सालमा आन्तरिक हिसाबले गाउँमा काँग्रेसको कमिटी बनेको हुनुपर्ने अनुमान गर्न सकिन्छ । त्यसैले २०४६ देखि ७१ सम्मका गाउँ सभापति र सचिवहरूको नामावली निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं. ४.३**

**गा.वि.स.को २०४६ देखि २०७१ सम्मका सभापतिहरू तथा सचिवहरूको नामावली**

| क.सं. | नामथर | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | रुद्रबहादुर गुरुङ | सभापति | भदौरे-३, तामागी | |
| २. | मेघनाथ पौडेल | सचवि | भदौरे-४, हर्पन | |
| ३. | मेघनाथ पौडेल | सभापति | भदौरे-४, हर्पन | |
| ४. | टंकप्रसाद पराजुली | सचिव | भदौरे-५, चैनपुर | |
| ५. | रामकाजी गुरुङ | सचिव | भदौरे-३, तामागी | |
| ६. | शिवप्रसाद पराजुली | सचिव | भदौरे-५, चैनपुर | |

स्रोत : स्थलगत अध्ययन-२०७१

यस तालिका अनुसार रुद्रबहादुर गुरुङ नेपाली काँग्रेस गाउँ सभापति हुँदा मेघनाथ पौडेल सचिव भएको देखिन्छ भने दोस्रो कार्यकालमा मेघनाथ पौडेल गाउँ सभापति हुँदा टंकप्रसाद पराजुली सचिव भएको देखिन्छ । त्यसपछि हालसम्मको सभापति रामकाजी गुरुङ छन् भने सचिवमा शिवप्रसाद पराजुली रहेको पाइयो भने वडा नं १, २, ६, ७, ८ र ९ बाट नेपाली काँग्रेसको गा.वि.स. स्तरीय नेतृत्व पंक्तिमा अवसर प्राप्त भएको देखिदैन । यदि सबै वडाहरूबाट महिला पुरुष तथा विभिन्न जातजातिहरूबाट आफ्नो पार्टीमा सदस्यहरू थप गर्न सकेमा वा नेतृत्व प्रदान गर्न सकेमा यो पार्टीको स्थिति यस गा.वि.स.मा बलियो हुने देखिन्छ ।

**नेपाली नं. ४.४**

**नेपाली काँग्रेस पार्टी सदस्य तथा गाउँ पार्टी समितिको विवरण**

| क.सं. | राजनीतिक दल | आर्य खस | | जनजाति | | दलित | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | |
| १ | नेपाली काँग्रेस | ७ | ७० | १५ | ८० | २ | ३२ | २०६ | |
| २ | गाउँ पार्टी कमिटी | १ | ५ | ४ | ५ | ० | ० | १५ | |

स्रोत : स्थलगत अध्ययन-२०७१

उपरोक्त तालिका अनुसार आर्य खसको महिला ७ पुरुष ७० जना जनजातिका महिला १५ पुरुष ८० र दलितका महिला २ पुरुष ३२ गरी जम्मा २०६ जना क्रियाशील

सदस्य रहेको कुरा स्पष्ट पाउन सकिन्छ ।


यसबाट सबै जातिमा समान प्रतिनिधित्व देखिदैन भने महिला प्रतिनिधित्व कम देखिन्छ । यदि सबै जाती र महिला प्रतिनिधित्वको स्थान वृद्धि गरेमा भदौरेमा नेपाली काँग्रेसको स्थिति राम्रो देखिन्छ ।

भदौरे गा.वि.स.को सबैभन्दा ठूलो र पुरानो पार्टी नेपाली काँग्रेस भएको कारण यसका ८ वटा भातृसंगठनहरू छन् । गाउँ पार्टी कमिटी १५ जनाको छ । जसमा ५ जना महिला छन् भने १० जना पुरुष रहेका छन् । क्रियाशील सदस्य संख्या २०६ जना रहेका छन् जसमा महिला ४३ जना छन् भने पुरष १६२ जना रहेका छन् । गाउँ र गाउँबासीका लागि राम्रो कार्य अगाडि बढाउँदै गएमा निकट भविष्यमा पार्टी सदस्य संख्या वृद्धि हुँदै जाने अनुमान गर्न सकिन्छ ।

### ४.३.१.१ नेपाली काँग्रेस भदौरेका जनवर्गीय संगठनहरू

जसरी घर बलियो हुन जग बलियो हुनुपर्दछ रुख बलियो हुन धेरै जराहरू हुनुपर्दछ त्यसैगरी कुनै पनि पार्टी बलियो र दरिलो तथा टिकाउ हुनका लागि पार्टीका नेता तथा कार्यकर्ता साथै प्रशस्त जनताहरू हुनुपर्दछ। प्रशस्त जनताहरू संगठित भएको भातृ संगठनहरू हुनुपर्दछ त्यसै सिद्धान्तलाई आधार मानेर नेपाली काँग्रेस भदौरे गाउँ कमिटीले निम्न अनुसारको भातृसंगठन गरेको पाइन्छ ।

**नेपाली काँग्रेसको भातृसंगठनहरू**




स्रोत : स्थलगत अध्ययन-२०७१

नेपाली काँग्रेस भदौरेको गाउँ पार्टीको मातहतमा महिला, दलित, तरुण (युवा), किसान, विद्यार्थी, जनजाति, शिक्षक तथा भूपूहरू लगायतको भातृ संगठन गठन गरेकोले समग्र गा.वि.स.को पार्टी कमिटीको भविष्य उज्वल देखिन्छ ।

### ४.३.२ भदौरे गा.वि.स.मा नेपाल कम्युनिष्ट एमालेको स्थिति

भदौरे गा.वि.स. नेकपा एमालेको स्थितिको बारेमा लिखित कागजपत्रहरू पुरानो तथ्याङ्कलाई स्पष्ट हुने गरी केही पनि उपलब्ध छैनन् । जे जति विषयवस्तु उल्लेख हुन्छ । यी सबै स्थलगत निरिक्षण सोधपुछ तथा कतिपय घटनाहरू भोगिएको आधारमा पनि उल्लेख हुन्छन् ।

२०४६ सालभन्दा अगाडि भदौरे गा.वि.स.मा कम्युनिष्टको प्रभाव राम्रो परेको तर प्रभाव परेका कारण सास्ती व्यहोर्नु परेको पनि उल्लेख गर्न सकिन्छ । पार्टी र २०४६ भन्दा अगाडि पूर्णरूपमा प्रतिबन्धित थियो । जसरी नेपालमा सर्वप्रथम नेपाली काँग्रेस पार्टीको गठन भयो त्यसैगरी भदौरे गा.वि.स.मा पनि नेपाली काँग्रेसको प्रभाव कम्युनिष्टका तुलनामा अग्रभागमै थियो । राणा र काँग्रेसको दोहोरो मिचाइमा क. पुष्पलाल र उनको पार्टी नेपाल कम्युनिष्ट पार्टी परेको थियो त्यस्तै गरी काँग्रेस र पञ्चहरूको दोहोरो चेपुवामा परेको स्थिति रहेको थियो । भदौरेमा नेपाल कम्युनिष्ट पार्टी प्रतिबन्धित अवस्थाको पनि प्रतिबन्धित अवस्थाबाट अगाडि बढेको पाइन्छ यस्को मतलव २०१७ सालको इतिहास भन्दा पछाडि पञ्च तथा नेपाली काँग्रेसको दोहोरो चपेटामा परेको कुरा यहाँका नेता तथा कार्यकर्ताहरूबाट स्पष्ट पाउन सकिन्छ ।

भदोरे गा.वि.स.को कम्युनिष्टहरूको राजनीतिक घटनाक्रमको सुरुवात स्थानीय जनसिद्ध नि.मा.वि.को प्राङ्गणमा जनपक्षीय गीत गाएको निहुँमा त्यहाँका डण्डपाणी पौडेल, बाबुराम पौडेल लगायत ५६ जना युवाहरूलाई पक्राउ गरी हिरासतमा लगिएको घटनाबाट वामपन्थी आन्दोलनले उच्च स्थान पाएको हो भन्ने कुरा स्थानीय बाबुराम पौडेलले बताउनुहुन्छ त्यो पक्राउ गर्नेहरूमा पञ्च र काँग्रेसको मिलेमतोमा कम्युनिष्टहरूलाई निर्मुल पार्ने उद्देश्यले प्रहार गरिएको हो भन्ने पाइन्छ । यो ३५/३६ सालको घटना हो भन्ने थाहा हुन आएको हो ।

प्रतिबन्धित माथिको पनि प्रतिबन्ध अवस्थामा विद्यार्थी राजनीति संगठनमा आबद्धता नै गाउँ सक्रिय दल गठन गर्न सफल भुवानीप्रसाद अधिकारी नेपाल कम्युनिष्ट पार्टीको पहिलो सदस्य भएको दाबी गर्नुहुन्छ । उहाँका साथमा सोमनाथ भण्डारी रहेपछि रातमा


पार्टीको कुरा कामहरू गर्न अलि सहज भएको बताउनुहुन्छ। सर्वहारा वर्गको अधिनायकत्व प्रदान गर्ने तथा गरिब जनताको हित गर्ने पार्टी नेपाल कम्युनिष्ट पार्टी नै हो भनेपछि सम्पूर्ण किसान, मजदुर, महिलाले विश्वास गर्ने गरेको तर पार्टी प्रतिबन्धित अवस्थामा भएकोले खुल्ला रूपमा उत्रन नसकेको हाल पनि बताउँदछन् यस पार्टीका पुराना शुभचिन्तक तथा सल्लाहाकारहरूले बताउँछन् ।

वामपन्थी नेता भुवानीप्रसाद अधिकारीका अनुसार- जब बहुदलको घोषणा भयो र पनि स्थानीय चुनावमा शान्ति सुरक्षाको आभाष नै नभएको कम्युनिष्टका भोटर तथा नेताहरूमाथि अभद्र व्यवहार समेत भएकोले आन्तरिक रूपमा पार्टी झन् बलियो हुँदै गएको छ। गाउँ भनेको गरिब बस्ने ठाउँ हो त्यसकारण गरिबहरूको हित गर्ने सबैभन्दा उत्कृष्ट पार्टी नेपाल कम्युनिष्ट पार्टी नै हो भने र जनताले राम्ररी बुझेका छन् तर भिन्दै पार्टीले धर्मका नाउँमा विकृति गर्छन् एउटै जातभात र कुनै सम्बन्धको ख्याल गर्दैनन्। कम्युनिष्टहरूले भनेर अफवा फैलाउनाले अलि बढी बुझाउन समय लागेको पाइन्छ ।

हुन पनि परिणामले त्यस्तै सावित गर्‍यो २०४९ सालको चुनावमा गा.वि.स. अध्यक्ष जितेको नेपाली काँग्रेस २०५४ सालमा एमालेको समर्थनमा स्वतन्त्र उमेदवारले अध्यक्ष पद प्राप्त गर्‍यो। त्यसकारण बुद्धिजीवी पढालेखा र सामाजिक सेवाको भावना भएका समुदायहरू प्राय वामपन्थी नै छन् कम्युनिष्टको बाहुल्यता छ विद्यार्थी नेता सूर्यप्रसाद भण्डारी बताउनुहुन्छ ।

भदौरे गा.वि.स. भित्र रहेका माध्यमिक विद्यालयहरूमा एमाले निकट विद्यार्थी संगठन भएको, गा.वि.स.का वडाहरूमा महिला तथा किसान संगठनहरू पनि गठन भई सक्रियरूपमा संगठनमा लागेको कुरा विद्यार्थी नेता भण्डारी बताउनुहुन्छ। भदौरे गा.वि.स.का सक्रिय पार्टीहरूको तुलनामा नेकपा एमालेको पार्टी सदस्य तथा जनवर्गीय संगठनहरू निम्नानुसार रहेको वर्तमान सचिव कृष्णप्रसाद दाहाल बताउनुहुन्छ ।

### ४.३.२.१ भदौरे गा.वि.स.मा नेपाल कम्युनिष्ट पार्टी नेकपा एमालेको जनवर्गीय संगठनहरू




स्रोतः स्थलगत अध्ययन, २०७१ ।

उपरोक्त तालिका अनुसार नेकपा एमाले भदौरे गा.वि.स.मा ९ सदस्यीय किसान संगठन, ७ सदस्यीय महिला संगठन, ५ सदस्यीय भू.पू. सैनिक संगठन, १७ सदस्यीय विद्यार्थी संगठन, ७ सदस्य शिक्षक संगठन र ५ सदस्यीय बुद्धिजीवी संगठन रहेको पाइन्छ। त्यसैले आगामी दिनहरूमा उपरोक्त संगठनहरूका सदस्य संख्या बढाउँदै गएमा यस पार्टीको स्थान थप बलियो हुने देखिन्छ। २०७० सालको संविधान सभाको दोस्रो चुनावमा विजयी उमेदवार पाउन सफल भएको कारण नेपाल कम्युनिष्ट पार्टी एमाले भदौरे गाउँमा अब्बल पार्टी भएको छ भन्ने पाइन्छ। हाल एमाले भदौरे गाउँ पार्टी कमिटीमा निम्नलिखित पार्टी सदस्य तथा गाउँ कमिटी रहेको पाइन्छ।

**तालिका ४.५**

**एमाले पार्टी सदस्य तथा गाउँ पार्टी समितिको विवरण**

| क्र.सं. | राजनीतिक दल | आर्य खस | | जनजाति | | दलित | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | |
| १ | एमाले सदस्य | २० | ३० | ५ | १० | १० | २० | ९५ | |
| २ | गाउँ पार्टी कमिटी | २ | ७ | १ | २ | १ | २ | १५ | |

स्रोत : स्थलगत अध्ययन, २०७१ ।

उपरोक्त तालिका अनुसार भदौरे तामागी गा.वि.स.मा नेकपा एमालेका पार्टी

सदस्यहरू ६० जना पुरुष र ३५ जना महिला गरी जम्मा ९५ जना रहेका छन् भने गाउँ पार्टी कमिटीमा ११ जना पुरुष र ४ जना महिला गरी जम्मा १५ जना रहेको पाइन्छ ।

विपक्ष पार्टीहरूले फैलाएको भ्रम चिर्दै बढेको नेकपा एमाले आफ्नो गाउँ आफै बनाउ, वृद्धहरूलाई सामाजिक सुरक्षा वितरण, भूमिहिन सुकुम्बासीबद्ध भएको कारण साथै स्थानीय विकास निर्माण तथा सामाजिक कार्यमा अगाडि बढेकोले यो भदौरेबासी जनताका लागि कोसेढुङ्गा सावित भएको छ भन्नुहुन्छ (हिरालाल गुरुङ गाउँ पार्टी सदस्य भदौरे) । मानिस-मानिस बिचमा भेदभाव र छुवाछूत समाप्त पार्ने नीतिको कारण, निम्नवर्गीय व्यक्तिहरूलाई सम्मानजनक व्यवहार प्रदर्शन गर्नु, राहत प्रदान गर्नु आदि कारणले हाम्रो गा.वि.स.का सबै वडाहरूमा कथित दलित जातिहरूबाट पनि कहिल्यै टाढा हुनुपरेको छैन । बाबुराम वि.क. एमाले गाउँ पार्टी सदस्य बताउनुहुन्छ ।

यसरी हिजो भूमिगत अवस्थाबाट खुल्ला प्रतिस्पर्धा अवस्थामा ल्याई पुन सर्वहाराहरूमा आफ्ना संगठनहरू विस्तार गरी चुनावी मैदानमा समेत विजयी स्थान हासिल गर्ने कार्यले गर्दा भदौरे गा.वि.स.मा नेकपा एमालेको स्थिति राम्रो देखिन्छ ।

**२०७१ सालसम्म नेतृत्वमा रहेका नेकपा एमालेका अध्यक्षहरू**

१) भवानीप्रसाद अधिकारी, भदौरेतामागी-५, ठूलाखेत

२) कृष्णप्रसाद पराजुली, भदौरेतामागी-५, चैनपुर

३) प्रेमराज भण्डारी, भदौरेतामागी-५, ठूलाखेत

४) बाबुराम पौडेल, भदौरेतामागी-४, हर्पन

५) टंकप्रसाद पराजुली, भदौरेतामागी-५, चैनपुर (हाल कोइराले)

६) चेतबहादुर क्षत्री, भदौरेतामागी-५, घाटीछीदा

सचिव कृष्णप्रसाद दाहाल भदौरे-५, कयरबारी

### ४.३.३ भदौरे गा.वि.स.मा एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादीको स्थिति

२०५१ सालमा प्रथम राष्ट्रिय सम्मेलनदेखि नेकपा माओवादी भएको यस पार्टी १२ बुँदे सहमति हुँदै अन्तरिम सरकारको गठन भएपछि मात्र गा.वि.स. तथा सरकारी निकायमा औपचारिक उपस्थिति पाएको हो । भदौरे गा.वि.स.मा माओवादी स्थानीय कार्यकर्ताहरू छँदै थिएनन् भन्दा उपयुक्त हुन्छ किनभने त्यस पार्टीभित्र पूर्णकालीन अस्थानीय कार्यकर्ताको राम्रो उपस्थिति रहेको थियो । स्थानीय कार्यकर्ता आफ्नो धन्दा, व्यापारमा केन्द्रित हुँदै

पार्टीलाई सहयोग गर्ने तर पूर्णकालीन बन्न सकेका थिएनन् । जब पार्टी खुल्लारूपमा आयो त्यसपछि मात्र स्थानीय कार्यकर्ताको औपचारिक उपस्थिति देखिन्छ यो २०६३ सालको कुरा हो त्यसभन्दा अगाडि स्थानीय कार्यकर्ता राज्यपक्षको त्रासका कारण खुल्ला रूपमा पार्टी समर्थक तथा पूर्ण जिम्मा लिएर हिँड्ने अवस्था थिएन । स्थानीय रूपमा कुनै पनि कुरा गोप्य नहुने भएकाले बाहिरका कार्यकर्ताहरूले नयाँ ठाउँमा बसेर पार्टीका काम कारबाही चलाइरहेको स्थिति स्वयम् अवलोकन गरिएको विषय हो । अनौपचारिक हिसाबले २०५७ सालमा क. विसी, क. राते र क. के.पी. को तिन सदस्यीय गाउँ कमिटी गोप्य रूपमा सञ्चालन थियो । त्यसैका आधारमा स्थानीय सकारात्मक कार्यहरू अगाडि बढाइन्थे । यो कार्यक्रम २०५७ सालतिरको हो । क. हिमाल स्थानीय कार्यकर्ता पूर्णकालीन बनी अगाडि बढेर पार्टीका कार्यक्रम अगाडि बढाइए । अनुसन्धान कर्ता स्वयम् सोही गा.वि.स. निवासी भएका कारण सम्पूर्ण घटनाहरू प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा देख्ने, सुन्ने र भोगिएको आधारमा उल्लेख गरिएको छ र पार्टी शान्ति प्रक्रियामा आएपछि विधिवत रूपमा क. विसीको (सेक्रेटरी) सचिवमा ७ सदस्यीय गाउँ कमिटी बन्यो त्यसपछि प्रथम अधिवेशन २०६४/१०/०९ मा सम्पन्न भयो । त्यसपछिका एमाओवादी नेतृत्व लिएका व्यक्तिहरूको नामावली निम्न छन्-

**तालिका ४.६**

**भदौरेको नेतृत्व विवरण**

| क्र.सं. | नाम | पद | मिति | कैफियत |
|---|---|---|---|---|
| क. | विसी | सेक्रेटरी | ०६४-०७१ सम्म | ब्राह्मण |
| क. | हिमाल | अध्यक्ष | २०६६-६८ | ब्राह्मण |
| क. | विसी | अध्यक्ष | २०६७-०६८/१२/३० | ब्राह्मण |
| क. | परिवर्तन | अध्यक्ष | ०७१- हालसम्म | ब्राह्मण |
| क. | प्रखर | सचिव | ०७१- हालसम्म | ब्राह्मण |

स्रोत : स्थलगत अध्ययन, २०७१ ।

उपरोक्त तालिकाबाट के कुरा प्रष्ट हुन्छ भने महिला ब्राह्मण, खस र पुरुष मात्र नेतृत्वमा रहेको देखिन्छ जनजाति, दलित र महिला नेतृत्वमा नभेटिएको देखिन्छ ।

स्थानीय निकायको निर्वाचन नभएसम्म स्थानीय सरकारमा यस पार्टीको पनि केन्द्रीय शासन प्रणाली अनुसार संयन्त्रमा प्रतिनिधत्व हुने गरेको छ। पहिलो संविधान

सभाको चुनावमा राम्रो मत पाई विजयी भएको नेकपा माओवादीका कारण स्थानीय संयन्त्रमा सम्मानजनक प्रतिनिधित्व हुने गरेको थियो । पहिलो संविधान सभाको चुनाव र त्यसभन्दा अगाडि लगभग आस र त्रास दुवैको कारणले जन समर्थन जुटेको थियो । कतै कतै न्यायिक कामहरू पनि हुने गरेकोले अन्यायमा परेका हेपिएका उत्पीडित समुदायले अन्धभक्त रूपमा राम्रो सर्पोट गर्ने गरेको उदाहरण भदौरे गा.वि.स.मा पनि पाइन्थ्यो । सरकारी स्थानीय संयन्त्रमा पनि राम्रो प्रभाव पर्दथ्यो तर जब माओवादीकै सरकार बनेपछि अपेच्छा अनुसारको कार्यक्रमले पूर्णता नपाएपछि अन्धभक्त हिसाबले सर्पोट गरेजस्तो परिणाम दोस्रो संविधानसभाको चुनावले देखायो त्यसकारण स्थानीय संयन्त्रमा पार्टीको उपस्थिति राम्रै देखिन्छ । स्थानीय नेतृत्वको प्रभाव केन्द्रीय राजनीतिमा आधारित हुने कुरा भदौरे गा.वि.स.मा ए माओवादी पार्टीले स्पष्ट देखाएको छ ।

२०७१ सालसम्म नेतृत्वमा रहेका एनेकपा माओवादी अध्यक्षहरू

क. विसी- भदौरे तामागी-५

क. हिमाल- भदौरे तामागी-५

क. विसी- भदौरे तामागी-५

क. परिवर्तन- भदौरे तामागी-५

हाल भदौरे गा.वि.स.मा एकीकृत माओवादी पार्टी अन्तर्गतको निम्नलिखित पार्टी सदस्य संख्या र गाउँ कमिटी रहेको छ -

**तालिका नं. ४.७**

**एनेकपा माओवादीको पार्टी तथा गाउँ कमिटी सदस्य संख्या**


| क.सं. | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | पार्टी सदस्य संख्या | २२ | ५१ | ७३ |
| २. | गाउँ कमिटी सदस्य संख्या | ५ | १० | १५ |

स्रोत : स्थलगत अध्ययन, २०७१ ।

उपरोक्त तालिका अनुसार जम्मा पार्टी सदस्य संख्या ७३ जना जसमा पुरुष ५१ र महिला २२ जना देखिन्छन् ।

गाउँ पार्टी कमिटीमा ५ जना महिला र १० जना पुरष गरी जम्मा १५ जनाको कमिटी रहेका छन् ।

### ४.३.३.१ एकीकृत नेकपा माओवादीको जनवर्गीय संगठनहरू




स्रोत: स्थलगत अध्ययन, २०७१

उपरोक्त तालिका अनुसार १५ जनाको भदौरे गाउँ कमिटी १३ सदस्यीय किसान कमिटी, ११ सदस्यीय महिला कमिटी ११ सदस्यीय विद्यार्थी कमिटी, ५ सदस्यीय बुद्धजीवीको कमिटी, १९ सदस्यीय दलित कमिटी, ५ सदस्य तमु मुक्ति मोर्चा र ९ सदस्यीय शिक्षकहरूको संगठन रहेको पाइन्छ ।

### ४.३.४ भदौरे गा.वि.स.मा नेपाल कम्युनिष्ट पार्टी माओवादीको स्थिति

यस पार्टीको उपस्थिति सर्वदलीय संयन्त्रमा प्रतिनिधिमूलक मात्र रहेको पाइन्छ । यसका संगठन विस्तार भएको पाइदैन । किनभने केन्द्रीय राजनीतिमा विवाद उत्पन्न भएको कारण स्थानीय नेता तथा कार्यकर्तामा उर्जा हुँदैन । हाल गा.वि. संयन्त्रमा प्रतिनिधिका रूपमा मात्र उपस्थिति पाइन्छ ।

### ४.३.५ भदौरे गा.वि.स.मा राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थिति

पुराना पञ्चहरूले पहिलो संविधान सभाको समयमा आफ्नो उपस्थिति गा.वि.स. संयन्त्रमा देखाउनका लागि केही समय पार्टीको उपस्थिति बनाएका थिए तर औपचारिक हिसाबले संगठन विस्तार गर्ने पार्टीका कार्यक्रमहरू खुल्ला रूपमा गर्ने गरेको पाइदैन तर पार्टी छ भनी कहिलेकाहीं सर्वदलीय संयन्त्रमा कर्णबहादुर गुरुङले भाग लिएको पाइन्छ जसको त्यति प्रभाव देखिँदैन ।

## ४.४. गा.वि.स.मा विभिन्न राजनीतिक दलहरूको पार्टी सदस्यहरूको तुलनात्मक विवरण (२०७०/०७१)

भदौरे गाउँ विकास समितिमा उपस्थित विभिन्न पार्टीहरुमध्ये प्रमुख पार्टीहरुको सदस्य सङ्ख्याको तुलनात्मक विवरण निम्नअनुसार उल्लेख गरिन्छ -

**तालिका ४.८**

**विभिन्न राजनीतिक दलहरुको पार्टी सदस्य सङ्ख्याको तुलनात्मक विवरण**

| क.सं. | राजनीतिक दल | आर्य खस | | जनजाति | | दलित | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | |
| १ | नेपाली काँग्रेस | ७ | ७० | १५ | ८० | २ | ३२ | २०६ | |
| २ | एमाले | २० | ३० | ५ | १० | १० | २० | ९५ | |
| ३ | ए माओवादी | १० | २५ | ३ | १० | ९ | १६ | ७३ | |

स्रोतः स्थानीय विभिन्न राजनीतिक दलबाट प्राप्त सूचना अनुसार

उपरोक्त तालिका अनुसार नेपाली काँग्रेसमा आर्य खस जातितर्फ काँग्रेसमा ७, एमालेमा २० र एमाओवादीमा १० गरी ३७ जना आर्य महिलाहरू विभिन्न राजनीतिक दलहरूसँग आबद्ध छन् भने काँग्रेसमा ७०, एमालेमा ३० र एमाओवादीमा २५ गरी १२५ पुरुषहरू राजनीतिक दलहरूसँग आबद्ध छन्। त्यस्तै जनजातितर्फ काँग्रेसमा १५, एमालेमा ५ र एमाओवादीमा ३ गरी २घ जना जनजाति महिलाहरू राजनीतिक दलहरूसँग आबद्ध छन् भने काँग्रेसमा ८०, एमालेमा १० र एमाओवादीमा १० गरी १०० जना जनजाति पुरुषहरू राजनीतिक दलहरूसँग आबद्ध छन्। साथै दलित जातितर्फ काँग्रेसमा २, एमालेमा १० र एमाओवादीमा ९ गरी २१ जना दलित महिलाहरू राजनीतिक दलहरूसँग आबद्ध छन् भने नेपाली काँग्रेसमा ३२, एमालेमा २० र एमाओवादीमा १६ जना गरी ६८ जना दलित पुरुषहरू राजनीतिक दलहरूसँग आबद्ध छन्। यस तथ्याङ्क अनुसार भदौरे गा.वि.स.मा जम्मा ३७४ जना राजनीतिकर्मीहरु राजनीतिक दलसँग आबद्ध भएको पाइन्छ। जसमा जम्मा पुरुष २९३ जना र महिला ८१ जना रहेका छन्। राजनीतिक दलमा आबद्ध भएका पार्टी सदस्य संख्याहरूमध्ये सबैभन्दा धेरै पार्टी सदस्य संख्या हुने नेपाली काँग्रेस जसमा २०६ जना, रहेको त्यस्तै दोस्रो एमालेमा ९५ जना पार्टी सदस्य संख्या भएकोले यसको स्थान दोस्रो देखिन्छ भने ७३ जना पार्टी सदस्य संख्या एमाओवादीमा रहेको कारण यो तेस्रो स्थानमा रहेको देखिन्छ।

# परिच्छेद : पाँच

# भदौरे तामागी गा.वि.स. को स्थानीय शासनमा राजनीतिक दलहरू

## ५.१. स्थानीय शासनमा राजनीतिक दलहरू

नेपाल अधिराज्यका ७५ जिल्लाहरू मध्ये पश्चिमाञ्चलको कास्की जिल्ला अन्तर्गत रहेका विभिन्न गा.वि.स. हरू मध्ये पोखरालाई आफ्नो सामु पारेर बस्ने गा.वि.स. भदौरे तामागी गा.वि.स. हो। राजनीतिक हिसाबले यो गा.वि.स. जनजातिले नेतृत्व लिँदै आइरहेको कुरा निर्वाचन परिणामबाट प्रष्ट हुन्छ। फेरि बसोबासका दृष्टिले पनि यहाँ सबैभन्दा पहिले गुरुङ जातिबाट बसी आएको भन्ने लिखत भेटिएको छ भने राज्यको अग्रपंक्तिमा पनि पुग्न सफल गुरुङ जातिबाटै भएको कारणले स्थानीय शासनमा आर्य, खस, दलित भन्दा जनजातिको रूपमा गुरुङ नै अगाडि भएको पाइन्छ। २०४६ सालभन्दा पछाडि यस मुलुकमा स्थानीय निकायको निर्वाचन २ पटक सम्पन्न भयो। उक्त परिणाम अनुसार दुवै पटक गाउँ विकास समितिको प्रमुखमा गुरुङ समुदायबाट नै विजयी हासिल गरेको कारण गुरुङ जातिको राजनीतिक विकास अग्रपंक्तिमा देखिन्छ। २०४६ सालभन्दा अगाडिको स्थानीय शासनमा पनि स्थानीय गुरुङ जातिले लगातार १२/१४ वर्षसम्म नेतृत्व लिएर काम गरेको कुरा स्वर्गीय मानकाजी गुरुङका छोरा पदमबहादुर गुरुङ बताउनुहुन्छ भने बहुदलीय व्यवस्थाको सुरुवात सँगै भएको स्थानीय निर्वाचनमा निर्वाचित अध्यक्ष स्वर्गीय रुद्रबहादुर गुरुङले पनि स्थानीय सत्ता जनपक्षीय हिसाबबाट चलाएको कुरा वर्तमान नेपाली काँग्रेस गाउँ सभापति रामकाजी गुरुङ बताउनुहुन्छ। निजका अनुसार स्वर्गीय रुद्रबहादुर गुरुङ २०३६ सालबाटै जिल्ला र गाउँको सम्पर्क गर्ने नेपाली काँग्रेसको सदस्य हुनुहुन्थ्यो भन्ने कुरा पाइन्छ। त्यस्तै गरी २०५४ को स्थानीय निर्वाचनमा पनि भक्तबहादुरको स्वतन्त्र उमेदवारीले विजय प्राप्त गऱ्यो। यसको परिमाणले के कुरा देखाउँदछ भने गुरुङ जाति नै नेतृत्वमा रहनुपर्ने भन्ने परम्परागत शैलीका कारण दुवै पटकको नेतृत्व जनजातिबाट सफल देखिन्छ। यदि पार्टीगत बाहुल्यता पछाडिको दिनमा पनि रहिदिएको भए स्वतन्त्र उमेदवारको विजय देखिदैनथ्यो होला भन्ने अनुमान गर्न सकिन्छ।

भदौरे गा.वि.स.को स्थानीय राजनीतिमा नेपाली काँग्रेस, नेकपा एमाले स्थानीय निर्वाचनसम्म देखिन्छन्। जब पछि माओवादी पार्टीको पनि उपस्थिति भएपछि मुख्यतया नेपाली काँग्रेस, एमाले र एमाओवादी नै प्रमुख पार्टीका रूपमा रहेका छन्। २०६२/०६३

सालको दोस्रो जनआन्दोलन पछाडि स्थानीय राजनीतिमा महिलाको पनि बढी सक्रियता देखिन्छ भने दलितको सहभागितामा पनि वृद्धि भएको कुरा निम्नलिखित तालिकाबाट प्रष्ट हुन्छ । तर ०६२/०६३ साल भन्दा अगाडि आर्य खस, दलित र महिलाको सहभागिता पर्याप्त देखिदैन ।

## ५.२. स्थानीय सरकार २०४८

पञ्चायती व्यवस्थाको अन्त्य भई जब नेपालमा बहुदलीय व्यवस्थाको विधिवत स्थापना भयो त्यसपछि राजनीतिक दलहरूले स्थानीय सरकारमा आफ्नो सम्मानजनक स्थिति देखाउन थाले त्यसै क्रममा २०४८ सालको स्थानीय निर्वाचनमा भदौरे गा.वि.स.मा निम्नानुसारको चुनावी परिणाम सम्पन्न भयो ।

**तालिका ५.१**

**स्थानीय निर्वाचनको तुलनात्मक स्थिति**

**भदौरे गा.वि.स. निर्वाचन २०४८ अनुसार विजयी सदस्य विवरण**

| क्र.सं. | नाम थर | राजनीतिक दल | पद | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | रुद्रबहादुर गुरुङ | काँग्रेस | अध्यक्ष | ३ | पुरुष |
| २. | हरिभक्त पौडेल | काँग्रेस | उपाध्यक्ष | ४ | पुरुष |
| ३. | रूपेश गुरुङ | काँग्रेस | वडा अध्यक्ष | १ | पुरुष |
| ४. | भोजराज गुरुङ | काँग्रेस | वडा अध्यक्ष | २ | पुरुष |
| ५. | लक्ष्मी गुरुङ | काँग्रेस | वडा अध्यक्ष | ३ | महिला |
| ६. | खिमराज पौडेल | काँग्रेस | वडा अध्यक्ष | ४ | पुरुष |
| ७. | तारानाथ भण्डारी | काँग्रेस | वडा अध्यक्ष | ५ | पुरुष |
| ८. | खड्कबहादुर गुरुङ | काँग्रेस | वडा अध्यक्ष | ६ | पुरुष |
| ९. | हिरालाल गुरुङ | काँग्रेस | वडा अध्यक्ष | ७ | पुरुष |
| १०. | प्रेमबहादुर गुरुङ | काँग्रेस | वडा अध्यक्ष | ८ | पुरुष |
| ११. | जसबहादुर गुरुङ | काँग्रेस | वडा अध्यक्ष | ९ | पुरुष |

स्रोतः गा.वि.स. कार्यालय, भदौरे तामागी

उपरोक्त तालिका अनुसार सबै सिट गुरुङ र ३ वटा ब्राह्मण जातिमा परेको पाइन्छ । महिला र दलितलाई सहभागी गराएको पाइदैन । यदि दलित महिला र आर्य

खसहरूको पनि समान सहभागिता भैदिएको भए नेपालको पहिलो पार्टीको रूपमा चिनिएको नेपाली काँग्रेस भदौरेमा पनि सबै सिट बिजयी भई पहिलो नै भयो तर दोस्रो स्थानीय निकायको चुनावमा आफ्नो पुरानो परिणाम कायम राख्न सकेको स्थिति देखिँदैन ।

नेपाली काँग्रेसको सबल पक्ष के हो भने यसै गा.वि.स. वडा नं ८ कुहविडाडाबाट जिल्ला तथा राष्ट्रिय स्थानमा आफ्नो नेता तथा कार्यकर्ता पठाउन सफल पार्टीको रूपमा नेपाली काँग्रेसलाई चिनिन्छ सो गाउँका स्थानीय उमेदवार महादेव गुरुङ जिल्ला विकास समितिको सभापति तथा राज्यमन्त्री समेत पाएको अवस्थाले भदौरे काँग्रेसले निकै राम्रो अवसर राष्ट्रिय राजनीतिमा पाएको कुरा उल्लेख गर्न सकिन्छ तर स्थानीय चुनावमा नेपाली काँग्रेसका नेता तथा कार्यकर्ताहरूले कम्युनिष्ट कार्यकर्ताहरूलाई वुथ पनि राख्न नदिने चुनाव एजेन्ट पनि डरका कारण कोही पनि बस्न नपाउने जस्तो स्थिति भएको भन्ने पाइन्छ र कतिपयले त भौतिक आक्रमणको सिकार भएको समेत सुन्नमा आउँदछ भने भदौरे गा.वि.स.मा राष्ट्रिय चुनावको सन्दर्भमा महादेव गुरुङ (पूर्व राज्यमन्त्री तथा जिविस सभपाति कास्की) लाई पनि भौतिक प्रहार गरेको कुरा पाइन्छ । वास्तवमा यी दुई घटनाहरू निन्दनीय छन् । भौतिक आक्रमण सामाजिक प्राणी विरुद्धको हतियार भएको कारण यस्ता क्रियाकलापहरूबाट सबै जना होसियार र टाढै रहन आवश्यक छ । अप्रिय र निन्दनीय घटनाका विरुद्ध हामी सबैले घोर भर्त्सना गर्नु हामी सबैको कर्तव्य हो ।

२०४८ सालदेखि हरेक गा.वि.स.हरूमा नयाँ-नयाँ कार्यक्रमहरू अगाडि आउन थाले । जस्को नेतृत्व भदौरे गा.वि.स.मा नेपाली काँग्रेसको पार्टीले गर्‍यो । अध्यक्षमा विजयी हुने रुद्रबहादुर गुरुङ जनताले खोजे अनुरूपको कार्यक्रम अगाडि ल्याउने प्रयासमा निरन्तर लागिरहे । हरेक विद्यालयहरूमा भौतिक निर्माण शैक्षिक स्तर उन्नति गर्ने जनताका गाँस, बास, कपासका बारेमा योजना बनाउने र कार्यान्वयन गर्ने गराउने कार्यमा लागिपरेको पाइन्छ । त्यस्तै प्रतिपक्षमा नेकपा एमालेको न्यून भूमिका रही आएको पाइन्थ्यो । त्यसबेला नेपाली काँग्रेसको दबदबाले खुल्ला परिवेशमा पनि प्रतिबन्धित अवस्था जस्तो देखिन्थ्यो र क्रमशः नेकपा एमालेको स्थिति सम्मानजनक हुन पुग्यो । नेपाली काँग्रेस विस्तारै-विस्तारै सत्ताको मोहका कारण विकास निर्माणमा समानता र प्राथमिकताको आधारमा नभै पहुँचका आधारमा राजनीतिक, सामाजिक, आर्थिक, क्रियाकलाप अगाडि बढायो र आफ्नो सम्पूर्ण स्थानलाई दोस्रो स्थानीय निकायको चुनावमा कायम राख्न सकेन भन्ने कुरा परिणामले बताउँछ ।

## ५.३. स्थानीय सरकार २०५४

२०५४ सालको स्थानीय निकायको चुनावमा गा.वि.स. अध्यक्षतामा स्वतन्त्र उमेदवार भक्तबहादुर गूरङ विजयी भए। उपाध्यक्षमा नेपाली काँग्रेसको उमेदवार विजयी भए भने अन्य २ सिटमा स्वतन्त्र उमेदवार र १ सिटमा राप्रपाले खाता खोल्न सफल भयो। जसको परिणाम तलको तालिकाबाट प्रष्ट हुन्छ।

**तालिका नं. ५.२**

**भदौरे गा.वि.स. निर्वाचन २०५४ अनुसार विजयी सदस्य विवरण**

| क.सं. | जाति/जनजाति | विवरण | पद | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | भक्तबहादुर गुरुङ | स्वतन्त्र | अध्यक्ष | ३ | पुरुष |
| २. | मेघनाथ पौडेल | काँग्रेस | उपाध्यक्ष | ४ | पुरुष |
| ३. | चित्रबहादुर गुरुङ | काँग्रेस | अध्यक्ष | १ | पुरुष |
| ४. | कर्णबहादुर गुरुङ | राप्रपा | अध्यक्ष | ३ | पुरुष |
| ५. | धनबहादुर वि.क. | काँग्रेस | अध्यक्ष | ४ | पुरुष |
| ६. | लक्ष्मीप्रसाद भण्डारी | स्वतन्त्र | अध्यक्ष | ५ | पुरुष |
| ७. | गोरे गुरुङ | काँग्रेस | अध्यक्ष | ६ | पुरुष |
| ८. | हिरालाल गुरुङ | काँग्रेस | अध्यक्ष | ७ | पुरुष |
| ९. | प्रेमबहादुर गुरुङ | काँग्रेस | अध्यक्ष | ८ | पुरुष |
| १०. | गुमानसिंह गुरुङ | काँग्रेस | अध्यक्ष | ९ | पुरुष |
| ११. | कर्णबहादुर गुरुङ | काँग्रेस | अध्यक्ष | २ | पुरुष |

स्रोतः गा.वि.स. कार्यालय, भदौरे तामागी

यस तालिका अनुसार पार्टीगत हिसाबमा बहुमत काँग्रेसको भए पनि विश्वकर्माको प्रतिनिधित्व भएको पाइन्छ। २ जना आर्य खसको प्रतिनिधित्व भएको पाइन्छ। तर गा.वि.स. अध्यक्ष स्वतन्त्र उमेदवारले हात पार्नु नेपाली काँग्रेसको स्थान पूर्णरूपमा सुरक्षित नहुनु हो।

२०५४ सालको निर्वाचनमा पनि चुनाव वहिष्कार गर्ने एउटा कम्युनिष्ट घटक भूमिगत भएका कारण पनि स्वच्छ प्रतिस्पर्धाले प्रश्रय पाएको थियो। स्थानीय सरकार

२०४८ भन्दा जनताको नजरमा २०५४ केही आसलाग्दो भए पनि त्यसपछाडि राष्ट्रिय राजनीतिले नै आफ्नो स्थिति सम्हाल्न नसकेको स्थिति देखियो त्यसपछि चुनाव हुन सकेन। गा.वि.स.को सचिवले मात्र केन्द्रमा बसी काम गर्ने परिपाटी चल्यो र देश जनयुद्धमा होमियो। जनताका कामहरू सबै ओझेलमा परे। यस गा.वि.स.का सबै राजनीतिक दलहरूमा महिला सहभागिता कम रहेको दल तर आर्य खसहरूको नेतृत्व कम रहेको कम्युनिष्ट पार्टीमा जनजातिहरूको बाहुल्यता नभएको आदि पाइन्छ।

२०५९ सम्म आइपुग्दा नेकपा माओवादीको भूमिगत आन्दोलन उत्कर्षमा पुगिसकेको सचिवहरू सदरमुकाममा केन्द्रित भएको जनताले राज्यको सुविधा लिनुपर्दा सचिवकहाँ सदरमुकाममा जानुपर्ने गा.वि.स. कार्यालय सचिवका झोलामा राखिएको अवस्था पार गर्दै १२ बुँदे शान्ति सम्झौता पछाडि साना दल र माओवादी एकै ठाउँमा शान्ति प्रक्रियामा आए। संविधान सभाको चुनाव भयो। गा.वि.स. सञ्चालन कार्य विधि नेपाल सरकारले पारित गऱ्यो र सर्वदलीय संयन्त्र, सरकारका विभिन्न प्रतिनिधि जस्तै हुलाक, कृषि, स्वास्थ्य र गा.वि.स. सचिव लगायत संविधान सभामा प्रतिनिधित्व गर्ने दलहरूका प्रतिनिधि मिलेर संयन्त्र मार्फत् गा.वि.स.का काम गर्ने निर्णय गरियो। यस गा.वि.स.मा हाल पनि जनजाति मध्ये गुरुङकै बोलबाल रहिरहेको जस्तो अनुभूति जनतालाई परिरहेको जस्तो देखिन्छ।

यस गा.वि.स.मा सेतुबाराही प्रा.वि. घलेडाँडा वडा नं ५ मा हर्पनकोट मा.वि. दमदमे वडा नं ७ र वादुरे उ.मा.वि. भदौरे-१ मा गरी ३ वटा मतदान केन्द्र रहेका छन्। हाल गाउँ विकास समितिको कार्यालय भौगोलिक हिसाबले केन्द्रमा भएपनि पायकको हिसाबले वडा नं १, २, ६, ७, ८ र ९ लाई असुविधा भएको मानिन्छ। यद्यपि हाल गा.वि.स. कार्यालय नभएपनि सचिवले पोखरा बसी गा.वि.स.को काम गर्दै आएको पाइन्छ। हिजो द्वन्द्वका पालामा तदअनुसार २०६२/१२/१३ गते शुक्रबार अज्ञात समूहद्वारा आगजनी भएको र हाल पुनः निर्माणको चर्चामा रहेको छ। त्यस कारण यस गाविसमा हरेक तथ्याङ्क मौखिक आधारमा तयार गरिएको छ।

## ५.४ स्थानीय सरकारमा सर्वदलीय संयन्त्र

जब राजतन्त्र समाप्त भइसकेपछि संविधान सभामा विभिन्न दलहरूको आन्तरिक प्रतिस्पर्धा र पार्टीगत स्वार्थलाई अगाडि सारेका कारण समयमा संविधान नबनेका कारण स्थानीय निकायको चुनाव हुन सकेन। चुनाव हुन नसकेपछि नेपाल सरकारले गा.वि.स. सञ्चालन कार्यविधि २०६३ सञ्चालन गऱ्यो।

सो कार्यविधि अनुसार गा.वि.स. सचिवको अध्यक्षतामा सबै दल, नागरिक, समाज तथा स्थानीय सामाजिक संघ संगठनका प्रमुखहरूको संयन्त्र खडा गरी गा.वि.स. सञ्चालन बोडी बनाई सोही अनुरूप गा.वि.स.का कार्यक्रमहरू अगाडि बढाएको स्थिति विद्यमान छ ।

सो स्थानीय संयन्त्रमा विभिन्न राजनीतिक दलहरूको आ-आफ्नो भूमिका रहेको हुन्छ । हाल भदौरे गा.वि.स.को स्थानीय सरकार तथा सर्वदलीय संयन्त्रमा उपस्थित पार्टीहरू नेपाली काँग्रेस नेकपा एमाले, एनेकपा माओवादी, नेकपा माओवादी रहेको पाइन्छ ।

गा.वि.स.को सर्वदलीय संयन्त्रमा उपस्थित दलहरूले केवल गा.वि.स. भित्र राजनीतिक भूमिका मात्र नभई स-साना सञ्चालनका लागि नीति निर्माण, विकास निर्माण काम कारबाही, विभिन्न उपभोक्ता समिति गठन, विद्यालय व्यवस्थापन समिति गठन, विकास निर्माण समिति गठन आदि कार्यमा प्रतिस्पर्धा गरिरहेको पाइन्छ । अझ आजकल त बिना राजनीतिको कुनै पनि कार्य अगाडि नबढ्ने भैसकेको स्थिति भदौरे गा.वि.स.मा रहेको पाइन्छ ।

## परिच्छेद : छ

# भदौरे तामागी गा.वि.स.मा राजनीतिक दलहरूका चुनौति र अवसरहरू

## ६.१ चुनौति र अवसरहरू

### क) राजनीतिक चुनौति र अवसरहरू

आधुनिक युगमा सावित भएको कुरा के हो भने राजनीतिक विकासको मूल आधार गाउँ विकास समितिभित्र आम जनताको राजनीतितर्फ चासो, सरोकार र सहभागीपन हो । जनताको राजनीतिक दलप्रति लिएको चासो नै राजनीतिक सहभागिता हो । राजनीतिक नेताहरूबाट जनताहरूसँग भेटघाट गर्नु क्रिया प्रतिक्रिया ग्रहण गर्नु, सुझाव सङ्कलन गर्नु, जनताहरूलाई राजनीतिक सुझाव तथा सल्लाह आदान-प्रदान गर्नु, चुनावमा भाग लिन लगाउनु आदि कार्यहरू नै राजनीतिक विकासको एक प्रकृति हो । आजको आधुनिक समयमा सबै जनतालाई आफ्नो दलप्रति आकर्षण गराउनु, हरेक राजनीतिक दलको कार्य तथा जटिल चुनौति हो । दलित, महिला, जनजाति तथा अन्य वर्गहरूलाई राजनीतिक मूलधारमा ल्याई आफ्नो दलप्रति सकारात्मक भावना जगाउनु राजनीतिक विकासको पूर्वाधार हो । यो कठिन चुनौति पनि छ । यदि यो चुनौतिलाई सफलतापूर्वक सामना गर्दै अगाडि बढेमा राम्रो अवसर प्राप्त हुनेछ । हाल महिला सहभागिता हरेक दलमा कम छ । त्यसको वृद्धि गर्न चुनौति छ तर महिला सहभागिता बढाएमा राम्रो अवसर प्राप्त हुनेछ । दलितहरूलाई राजनीतिक सहभागिता बढाउनु विभिन्न क्षेत्र जस्तो शिक्षा क्षेत्र (विद्यार्थी तथा शिक्षक) कृषकहरूको क्षेत्र (किसान वर्गहरूमा) लगायत अन्य ठाउँहरूमा राजनीतिक संजाल बढाएमा राजनीतिक दल मजबुत हुने प्रशस्त सम्भावना देखिन्छ ।

हाल यस भदौरे गा.वि.स.भित्र नेपाली काँग्रेस पार्टीभित्र गुरुङको बाहुल्यता हुन्छ । गुरुङहरूका लागि मात्र बढी अवसर भयो तर पार्टीगत हिसाबमा अन्य जातिहरू साथै महिला सदस्यता बढाउनुपर्ने चुनौति देखिन्छ । फेरि पार्टी चल्ने कार्यकर्ता तथा पार्टी सदस्यहरूले पनि भएका कारण नेपाली काँग्रेसको तुलनामा एमाले र एमाओवादीसँग पार्टी सदस्य संख्या कम देखिन्छ । त्यसैले वैचारिक, नैतिक तथा सहभागितात्मक पक्षबाट एमाले र एमाओवादीलाई प्रशस्त चुनौति देखिन्छ किनभने पार्टी सदस्य संख्या हाराहारीमा भयो भने प्रतिस्पर्धा रमाइलो हुन्छ । तब मात्र सकारात्मक सम्भावना भेटिन्छ । विगतको २०४९

सालको स्थानीय निकायको चुनावमा सबै सिट आफ्नो पक्षमा पाएको नेपाली काँग्रेस २०५४ मा आएर तल झऱ्यो गा.वि.स. अध्यक्ष नै स्वतन्त्र उमेदवारले हात पारे भने एमालेले आफ्नो स्थान दर्ज गर्न सफल भयो। आफ्नो स्थान कायम राख्ने चुनौति नेपाली काँग्रेसलाई भयो भने विस्तारै आफ्नो स्तर बढाउने अवसर नेकपा एमालेलाई प्राप्त भएको छ।

सर्वदलीय संयन्त्रमा प्रतिनिधित्व गर्ने सम्बन्धमा पनि राष्ट्रिय राजनीतिकै आधारमा हुने हुँदा गा.वि.स.मा नेपाल सरकारको कर्मचारी गा.वि.स.को सचिवको अध्यक्षतामा अन्य पार्टीका नेताहरूको उपस्थितिमा स्थानीय कार्यक्रमहरू अगाडि बढाइन्छ। जसको पार्टीको सरकारको नेतृत्व केन्द्रमा रहेको छ। त्यसैको वर्गीयताको आधारमा उपस्थिति उठाउने र स्थानीय कार्य गर्ने प्रावधान सात दल र माओवादी बिचको बाह्र बुँदे समझदारी साथै बृहत शान्ति सम्झौता पश्चात् प्रयोगमा आइरहेको विधि हो। यदि राज्यमा संविधान बन्यो र स्थानीय निकायको चुनाव भयो भने स्थानीय सरकारका लागि प्रतिस्पर्धा गर्ने यस गा.वि.स.का ३ वटै पार्टीहरूलाई राम्रो अवसर प्राप्त गर्न उत्तिकै चुनौतिकको सामना गर्नुपर्ने देखिन्छ।

**ख) भौतिक निर्माण तर्फका चुनौति र अवसरहरू**

कास्की जिल्लाको भदौरे तामागी गा.वि.स.मा राजनीतिक दलहरूलाई उत्तिकै चुनौति र त्यत्तिकै अवसरहरू देखिन्छन्। यो संसारमा बिना चुनौति अवसरहरू पनि सम्भव हुँदैनन् भन्ने कुरा व्यवहारिक पक्षबाट प्रष्ट पाउन सकिन्छ। यस गा.वि.स.मा २०४९ को चुनावमा सबै सिट नेपाली काँग्रेसले प्राप्त गरेको पाइन्छ भने २०५४ सालमा उक्त स्थानबाट केही तल झरेको देखिन्छ। हाल ३ वटा राजनीतिक पार्टीको उत्तिकै उपस्थिति देखिएको छ भने सो समयमा नेपाली काँग्रेस र एमाले मात्र रहेका थिए। जब स्थानीय जनतालाई विकासको अनुभूति देखाएमा जुनसुकै पार्टीको पनि आफ्नो अवसर प्राप्त गर्ने देखिन्छ। यस गा.वि.स.मा विकासका पूर्वाधारहरू खासै कम देखिदैनन् तर तिनीहरूलाई परिचालनमा ल्याउनु राजनीतिक दललाई निकै चुनौति रहेको छ। गाउँमा नीतिगत हिसाबले जनतालाई प्रशिक्षण दिई आफ्नो बाहुल्यता ल्याउने कुरा निकै कठिन छ। केन्द्रीय राजनीतिक निर्णय जनताको हितका निम्ति भयो भने स्थानीय राजनीतिमा निकै राम्रो प्रभाव देखिन्छ। जस्तै एमालेको ९ महिने शासन कालमा वृद्धहरूलाई सम्मान स्वरूप सामाजिक सुरक्षा (वृद्धभत्ता) बापत प्राप्त रकम र आफ्नो गाउँ आफै बनाउ भन्ने कार्यक्रमले स्थानीय निकायमा निकै राम्रो अवसर प्राप्त भएको त्यस्तै जातीय भेदभावको विरोध हरेक ठाउँमा महिलाको

सम्मानजनक उपस्थिति र दलितका नाउँमा राहत दिने नेकपा माओवादीको कार्यक्रमले राहत प्राप्त गर्नेहरूले अन्धभक्त रूपमा समर्थन गरे पनि अन्य जातिहरूबाट ठूलो प्रहार भएको छ। सामाजिक सुरक्षा वितरण गर्ने कार्यमा भएको विविधता नसच्चिएसम्म साथै वर्गीय वा सम्पूर्ण व्यक्तिको हकमा प्रदान गरिने भन्ने निर्णय नआएसम्म स्थानीय कार्यकर्तामा चुनौति बलियो भएर बसीरहने देखिन्छ। त्यस्तै जडीबुटीले भरिपूर्ण यस गा.वि.स.मा त्यस्को निकासी र पैठारी गरी सम्पूर्ण गा.वि.स.भरिनै विकासका आयामहरू थपेमा सो पार्टी वा दलले राम्रो अवसर भेट्टाउन सक्ने सम्भावना देखिन्छ। विकास निर्माणका मुख्य पूर्वाधार बाटो, बत्ती र खानेपानीमा पनि यस गा.वि.स.मा प्रशस्त चुनौतिहरू देखिरहेका छन्। त्यस्को सही तवरबाट विकास गर्ने कार्यक्रम जुन समूहले वा राजनीतिक दलले अगाडि बढाउँछ त्यही दलले अवसर प्राप्त गर्ने देखिन्छ।

पर्यटकीय हिसाबले भदौरे गा.वि.स. निकै राम्रो अवसर प्राप्त गर्ने गा.वि.स. भएको छ। त्यसैले हरेक गाउँहरूमा होमस्टेको कार्यक्रम अगाडि बढाई जनताको आयआर्जनमा थप टेवा पुग्यो भने त्यसबाट राम्रो अवसर प्राप्त गर्ने देखिन्छ। पोखरा बैदामदेखि पञ्चासे ग्रामीण सडकको कालोपत्रे ठुलाखेत-हर्पन-पञ्चासे सडकलाई व्यवस्थित गरी कालोपत्रे गर्ने साथै काँडे-भदौरे र पाउँदुर-भदौरे सडकले पूर्णता पाउने चुनौति जुन राजनीतिक दलले लिन्छ त्यो राजनीतिक दलले राम्रो अवसर भेटाउने देखिन्छ।

आजको युग सूचना तथा सञ्चारको युग भएको कारण यो गा.वि.स. पोखरा उपमहानगरपालिकाबाट जम्मा १० देखि १५ कि.मी. नजिक रहेको छ। यतिका दुरीबाट टेलिफोनको जडान गर्ने प्रक्रियामा अगाडि बढाई घर-घरमा इनटरनेटको कार्यक्रम प्रदान गर्न लगाउने चुनौति धारण गर्ने दलले राम्रो अवसर भेटाउने देखिन्छ। त्यस कारण यस गा.वि.स.मा थोरै चुनौतिका बाबजुत धेरै अवसरहरू प्राप्त गर्ने ठाउँहरू भेटिन्छन्। भदौरे गा.वि.स. पहाडी भाग भएको र प्रशस्त पानीको स्रोत भएकाले लघु जलविद्युत् आयोजनाको कार्यक्रम अगाडि बढाई लोडसेडिङमुक्त गा.वि.स. घोषणा गर्न सक्ने सम्भावना देखिन्छ।

कृषि तथा पशुपालनका लागि प्रशस्त सम्भावना भएको यस गा.वि.स.मा सिचाईको व्यवस्थामा जोड दिन सके यहाँको कृषि उत्पादन कास्कीको सदरमुकाममा खपत गर्न निकै सहज हुने देखिन्छ।

# परिच्छेद : सात

# निष्कर्ष

## ७.१. सारांश

आफ्ना आधारभूत आवश्यकताहरू परिपूर्ति गर्न र आफू स्वतन्त्र भई बाँच्नका लागि मानव समाजले विभिन्न पद्धतिहरूको अन्नवश गर्ने क्रममा हाम्रो नेपाली समाजमा धेरै उथलपुथल भएको पाइन्छ ।

निजी र पारिवारिक स्वार्थले १०४ वर्ष समाप्त पाऱ्यो । प्रजातन्त्रको विजारोपाण भए पनि यसले पूर्णता पाउन सकेन र पूर्ण पञ्चायती शासन स्थापित भयो र जनताका समस्याहरू जहाँका तहीँ रहे । जनमत संग्रह हुँदै बहुदलीय प्रजातन्त्र पनि सफल भएन र अहिले लोकतान्त्रिक गणतन्त्रले आफ्नो रफ्तार अगाडि बढाउँदा समयमै संविधान बन्न सकेको छैन । यसकारण स्थानीय शासन तय सरकार निश्चित तथा क्षणिक विधिका आधारमा चल्ने र चलाउने कुराले गर्दा साँच्चिकै भदौरे गा.वि.स.का जनताले स्वतन्त्रताको महसुस गर्न नपाएको कुरा साँचो हो ।

विभिन्न पार्टीका नाउमा आन्तरिक प्रतिस्पर्धा छ । सो आन्तरिक प्रतिस्पर्धामा जनतालाई स्वतन्त्रपूर्वक आफ्नो वारीस छान्ने आफ्नो मनमा लागेको कुरा स्वतन्त्र रूपमा राख्न पाउन पर्ने स्थितिको सृजना गर्न पाउनुपर्दछ तबमात्र यस गा.वि.स.भित्र राजनीतिक दलहरूको सकारात्मक अवस्था रहेको पुष्टि हुन्छ । यस कुरालाई सबै राजनीतिक दलहरूले हेक्का राख्नु पर्दछ ।

## ७.२. मुख्य प्राप्तिहरू

भदोरे तामागी गा.वि.स.भित्र अध्ययन अनुसन्धानको क्रममा प्रस्तुत हुँदा हरेक पक्षसँग अध्ययनकर्ता समेत जोडिएकोले जनतासँग राजनीतिक संस्कारको थप वृद्धि र विकास हुन जरुरी देखिन्छ ।

आफ्नो गाउँ तथा टोलको विकासका लागि नीतिगत रूपमा भिन्दाभिन्दै ठाउँमा भएपनि सकारात्मक सोचको पक्षमा उभिएको पाइयो । यहाँ राजनीतिक दलहरूलाई उपभोग मात्र गर्ने एउटा साधनको रूपमा भनिएको देखिन्छ । नेता तथा कार्यकर्ताले पनि जनतालाई गोटी बनाई आफूमाथि जानेर स्थानीय समस्याहरूको सम्बोधन भाषणमा मात्र सीमित राख्ने

जस्तो देखिन्छ भन्ने जनगुनासो पाइन्छ ।

हुन त जनता राजनीतिका संघ तथा संगठनमा आबद्ध हुनु पर्दछ। हरेक ठाउँको दिशानिर्देशन गर्ने नीति नै राजनीति रहेछ है भन्ने कुराको बोध भएको छ। किनभने विकास निर्माणमा सामान्य जनताले पनि आफ्नो दल खोज्दछ। विद्यालय व्यवस्थापन समितिको चयन गर्नुभन्दा अगाडि आफ्नो नेता तथा दलको व्यक्तिसँग सम्पर्क गर्ने गरेको पाइयो। प्राकृतिक तथा कृत्रिम समस्या परेमा राजनीतिक दल तथा नेताहरूलाई सम्पर्क गर्दछ। हरेक देवानी तथा फौजदारी घटनाक्रमहरूलाई सही तवरबाट आफ्नो पक्षमा परिणाम ल्याउन नेता तथा कार्यकर्ता मात्र होइन सर्वसाधारण जनता पनि राजनीतिक धारतर्फ लागिपरेको कारण भदौरे गा.वि.स.मा राजनीतिक दलहरूको अवस्थाको विकास अगाडि बढेको पाइन्छ। यस अध्ययनको मुख्य प्राप्तिहरू बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

- भौगोलिक अनमेल भएको पहाडी मुलुकको गा.वि.स. भएको पाइन्छ ।
- एकै जातिबाट पटकपटक नेतृत्व गरेको पाइयो ।
- नेपाली काँग्रेसको बाहुल्यता २०४६ सालदेखि २०५४ सम्म देखिन्छ ।
- २०५४ को परिणाम अनुसार नयाँ विकल्पको खोजीमा नेता तथा कार्यकर्ता रहेको पाइयो ।
- दलितहरूको नेतृत्व तथा सहभागितामा कमजोर देखिन्छ ।
- राजनीतिक चेतनाको वामे सरेको स्थिति देखिन्छ ।
- हरेक विषयको टुंगोमा पुऱ्याउने आधुनिक साधन राजनीतिक सिद्धान्त र राजनीतिक दलहरू नै रहेछन् भन्ने कुराको बोध यहाँका जनतालाई भएको पाइयो ।
- मुख्य रूपमा ३ वटा दल प्रतिस्पर्धी भएको अनुसन्धानको समयसम्म देखिन्छ। तिनीहरूमा नेपाली काँग्रेस नेकपा एमाले र नेकपा माओवादी रहेका छन् ।
- निर्वाचन कार्यक्रममा आतङ्कित पार्ने र निरङ्कुशताको स्थितिले आफैलाई समाप्त पार्ने कुराको राम्रो बोध भएको पाइयो ।
- स्थानीय सत्ता गाविस सचिव अध्यक्ष र सदस्यहरुमा कृषिको प्रतिनिधि वा प्रमुख, स्वास्थ्यको प्रतिनिधि वा प्रमुख साथसाथै गाउँ विकास समितिभित्र

रहेका राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधिहरु रही सञ्चालन गर्ने गरेको पाइयो ।

- सबैभन्दा बलियो संगठन हालका लागि नेपाली कांग्रेस जसको सदस्य संख्या २०६, नेकपा एमाले ९५ र एमाओवादी ७३ जना देखिन्छ ।
- एमाले र एमाओवादीमा जनजाति साथै महिलाको नेतृत्व नरहेको पाइयो भने नेपाली कांग्रेसमा आर्य-खस तथा महिलाको नेतृत्व रहेको पाइयो ।
- विभिन्न विकास निर्माणका समिति तथा उपसमितिहरुमा केन्द्रीय सरकारी नेतृत्वको आधारमा स्थानीय स्तरमा चयन हुने स्थिति पाइयो ।

## ७.३. निष्कर्ष

हरेक अध्ययनको अन्तमा केही न केही निष्कर्ष अवश्य प्राप्त हुन्छ। यस अनुसन्धानको मुख्य उद्देश्य भदौरे गा.वि.स. मा भएका राजनीतिक दलहरूको अवस्थाको बारेमा अध्ययन गर्नु थियो। यहाँ रहेका विभिन्न राजनीतिक दलहरूमध्ये मुख्य रूपमा नेपाली काँग्रेस, नेकपा एमाले र नेकपा माओवादी रहेका छन्। माओवादी र राप्रपा हालका लागि न्यून रहेको पाइन्छ। स्थानीय साधनमा नेपाली काँग्रेस, नेकपा एमाले र एमाओवादीको केन्द्रीय राजनीतिको आधारमा स्थानीय भूमिका तय हुने कुरा स्पष्ट देखिए पनि हालको संख्यात्मक स्थितिलाई हेर्दा नेपाली कांग्रेस पहिलो, नेकपा एमाले दोस्रो र एमाओवादी तेस्रो स्थानमा रहेको पाइन्छ। तैपनि उचित र उपयुक्त विकल्पको खोजीमा आम जनता तथा नागरिक समाज रहेको पाइयो। यसको मतलब राष्ट्रिय तथा जनताको स्वार्थका लागि अगाडि बढ्ने जुनसुकै परिवर्तनकारी शक्ति अगाडि आए पनि यहाँका जनताले खुलेरै सहयोग गर्ने स्थिति देखिन्छ। फेरि वर्तमान सन्दर्भलाई हेर्दा यदि नेपाली काँग्रेसको सरकार छ भने उसकै स्थिति हरेक क्षेत्रमा मजबुत देखिन्छ। स्थानीय सरकारको पहिलो सर्वदलीय संयन्त्रमा एनेकपा माओवादीको सरकार भएको कारणले होला कि भन्ने अनुमान गर्न सकिन्छ। प्रायः सबै गा.वि.स.मा माओवादी भएकोले हरेक ठाउँमा माओवादीका नेता तथा कार्यकर्ताको भ्वाइस सम्बोधन हुने देखिन्थ्यो त्यसैले स्थानीय स्तरको राजनीतिक दलको प्रभाव केन्द्रीय सरकारको आधारमा तय हुने कुरा तथ्य सहित प्रमाणित गर्न सकिन्छ भने राजनीतिक सहभागितामा महिला सहभागितामा सबै दलहरूले जोड दिएमा आफ्नो स्थिति विकसित हुने देखिन्छ ।

विशेष गरी जनजातिमा र दलितमा कम्युनिष्ट पार्टीको कम पहुँच भएकोले उनीहरूसँग थप गृहकार्य गर्ने गरेमा स्थिति राम्रो देखिन्छ। सर्वसाधारण जनताको मानसिकता शक्तिकै पछि मात्र लाग्ने स्थितिले पनि सबै दलको सधैँ एकै स्थिति देखिदैन। निम्न वर्गीय समुदायहरूसँग राजनीतिक अडान भन्दा पनि मुख्य आधारभूत आवश्यकताको परिपूर्ति तर्फ ध्यान केन्द्रित हुने हुँदा सबै राजनीतिक दलहरूलाई नीतिगत रूपमा सिद्धान्त बुझाउन र उनीहरूको जीवन स्तर उकास्ने प्रणालीको विकास गर्नु पहिलो काम देखिन्छ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी, यज्ञप्रसाद (२०७१), "नेपाली काँग्रेस ऐतिहासिक पृष्ठभूमि र लोकतान्त्रिक समाजवाद", *वी.पी. स्मारिका,* कास्की : वी.पी. चिन्तन प्रतिष्ठान, ।

अधिकारी, सूर्यमणि (२०५९), *नेपाल कांग्रेसको इतिहास,* काठमाडौं : भुँडी पुराण प्रकाशन ।

आचार्य, यज्ञनाथ (२०५१), *नेपालको संक्षिप्त इतिहास,* काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

आर.सी., अग्रवाल (१९८९), *राजनीतिशास्त्रको सिद्धान्त,* न्यू दिल्लीः यस चन्द एण्ड कम्पनी ।

कपुर, ए.सी. (१९९३), प्रिन्सिपल अफ पोलिटिकल साइन्स, न्यू दिल्लीः यस चन्द एण्ड कम्पनी ।

के.सी., सुरेन्द्र (२०५६), *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास,* भाग-१, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, झलनाथ (२०५८), "जनचेतनाको विकास र राजनीतिक पार्टीको उदय", *समसामयिक लेखमाला भाग-५,* ललितपुरः नेपाल समसामयिक अध्ययन केन्द्र सानेपा ।

गुप्ता, अनिरुद्र (सन् १९५७-६०), *पोलिटिक्स इन नेपाल,* न्यू दिल्लीः कालिङ्ग ।

गुरुङ, हुकुमसिंह (२०६३), सार्दिखोला गा.वि.स.को विकासमा स्थानीय नेतृत्वको भूमिका, अप्रकाशित शोध-पत्र ।

गौतम, नारायण (२०४८), भदौरे भिलेज प्रोफाइल, अप्रकाशित शोध-पत्र ।

घिमिरे, गोविन्दराज (२०६२), इशानेश्वर गा.वि.स.मा राजनीतिक नेतृत्वको विकास ।

दाहाल, रामकुमार (२०५२), *राजनीतिक शास्त्रको सिद्धान्त,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

दाहाल, गिरधारी (२०६०), *नेपालको सरकार र प्रशासन,* पोखराः ओजन बुक्स ।

देवकोटा, गृष्मबहादुर (२०३६), *नेपालको राजनैतिक दर्पण,* भाग-१, काठमाडौंः ध्रुव्रबहादुर देवकोटा ।

देवकोटा, गृष्मबहादुर (२०३६), *नेपालको राजनैतिक दर्पण,* भाग-२, काठमाडौंः अर्जुनबहादुर देवकोटा ।

देवकोटा, गृष्मबहादुर (२०४०), नेपालको राजनैतिक दर्पण, भाग-३, काठमाडौंः उपेन्द्रबहादुर देवकोटा ।

देवकोटा, गृष्मबहादुर (२०३९), *नेपालमा राजनीतिक दर्पण,* भाग-४, काठमाडौंः उमेशबहादुर देवकोटा ।

पाण्डे, दीर्घप्रसाद (२०६७), *नेपाल कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास,* प्रकाशन स्थान उल्लेख नभएको : निलप्रसाद श्रेष्ठ, मनबहादुर थापा र कुलचन्द्र शर्मा ।

पाण्डे, सुशिलराज (२०५४), "पोलिटिकल पार्टिज ग्रास रुट डेमोक्रेसी एण्ड लोकल डिभलपमेन्ट इन नेपाल", *नेपाली पोलिटिकल साइनस अनुयल जर्नल भोलुम-३।*

पोखेल, कृष्ण (२०६२), *आधुनिक राजनीतिक विश्लेषण र राजनीतिक शोध,* काठमाडौंः एम के पब्लिसर्स ।

पोखेल, कृष्ण (२०६२), *राजनीतिक चिन्तन,* विराटनगरः श्याम पुस्तक भण्डार ।

बराल, उमनाथ (२०५७), *राजनीतिशास्त्रको सिद्धान्त,* पोखराः सावित्री बराल ।

बराल, लोकराज (डिसेम्बर १९८१), "दि फस्ट पञ्चायत जनरल इलेक्सन इन नेपाल", *दि नेपलीज पोलिटिकल साइनस जर्नल,* भोल नं २ ।

बराल, लोकराज (२००१), *अपोजिसन पोलिटिकल्स इन नेपाल,* न्यू दिल्लीः अविनाम ।

बस्नेत, ध्रुव (२०५३), *नेकपा एमालेको नौ महिने शासनकाल,* काठमाडौं : अक्षयलोक प्रकाशन ।

बोन एल रोबर्ट (१९७२), *एन इन्ट्रोडक्सन टु कन्टेम्पोररी पोलिटिकल साइन्स,* न्यूयोर्कः ह्यापर एण्ड र ।

भट्ट, भीमदेव (२०४९), "केन्द्रीय र स्थानीय सरकारको सम्बन्ध", *अन्तर्राष्ट्रिय मञ्च,* वर्ष ९ अंक १ ।

भदौरे गाउँ विकास समितिको वस्तुगत विवरण २०६७, कास्की, भदौरे गाविस ।

यज्ञनाथ, आचार्य (२०५१), *नेपालको संक्षिप्त इतिहास,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

राना, गोबर्द्धन (२०५....), *नेपाली तरुणहरूको संघर्ष गाथा,* प्रतिबोध पुस्तक पसल, काठमाडौं ।

रावल, भीम (२०४७), *नेपालमा साम्यवादी आन्दोलन,* उद्‌भव र विकास, काठमाडौंः पैरवी प्रकाशन ।

लास्की एच.जे. (१९८७), *अ ग्रामर अफ पोलिटिकल,* लण्डनः जर्ज एलान एण्ड अनवीन ।

शर्मा, महेश्वर (२०५६), *स्याङ्जाको चौबिसे राज्यमा रुमलिँदा,* काठमाडौंः आस्था प्रकाशन ।

शाह, ऋषिकेश (१९९१), *पोलिटिक्स इन नेपाल १९८०-१९९१,* न्यू दिल्लीः मनोहर पब्लिसर्स एण्ड डिष्ट्रिब्युसन ।

शिवाकोटी, गोपाल (२०६७), *तुलनात्मक शासन र राजनीति,* काठमाडौंः पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल, ध्रुव श्रेष्ठ, शिव ढकाल (२०५०), *तुलनात्मक राजनीतिक व्यवस्था,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

श्रेष्ठ, तुलसीनारायण (१९८७), *नेप्लिज एडमिनिस्ट्रेसन अ हिस्टोरिकल प्रस्पेक्टिभ,* काठमाडौं : राइनो पब्लिकेशन ।

श्रेष्ठ, तुलसीनारायण (१९९६), *द कन्सेप्ट अफ लोकल गर्भरमेन्ट एण्ड डिसेन्ट्रलाइजेसन,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

सैजु, मोहनमान (२०५४), "स्वयत्त शासन पद्धति", सैद्धान्तिक तथा व्यवहारिक पक्ष" *अन्तर्राष्ट्रिय मञ्च,* वर्ष १४ अंक २४ ।

*स्थानीय स्वायत्त शासन ऐन २०५५,* नेपाल सरकार ।

हाछेतु, कृष्ण (२००२), *पार्टी बिल्डिङ इन नेपाल,* काठमाडौंः मण्डला बुक पोइन्ट ।